जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

## Agriculture Journal

मासिक

कृषि जर्नल २०७९ मंसीर (krishijournal–2022, (Nov-Dec)

- ♦नेपालमा आदिवासी जनजातिका प्रथाजनित भूमिको अभ्यास भूमी, भू-क्षेत्र र प्राकृतिक स्रोत
- ♦परम्परागत खेती प्रविधि हराएर जाने चिन्ताले मैले किताब लेखें लेखक : महर्जन
- ♦Indigenous women fighting climate change
- ♦How radios help rural women






दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१८, अङ्क १०२ मंसीर २०७९












१. रैथाने बीउ संरक्षणमा सरकारको ध्यान गएन ३
२. जैविक कृषि र खाद्य प्रणाली गोष्ठी ६
३. कृषि बजेटको खर्च समीक्षा ९
४. खाद्य प्रणालीको पुनर्जीवन जैविक विविधता १०
५. मौरी पालन व्यवसाय उत्पान तथा व्यवस्थापन ११
६. प्रतिनिधि सभा तथा निर्वाचन २०७९ मतदातालाई अनुरोध १२
७. प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ कृषि प्रधान देशको किसान मतदाता १३
८. अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)को आग्रह १४
९. राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको आग्रह १४
१०. धानको खेती हुने ठाउँमा प्लाष्टिक फल्न थाले १५
११. एकीकृत कृषि तथा खाद्य प्रणाली : समसामयिम सवाल विषयक गोष्ठी १६
१२. अन्जिर खेती प्रविधि -वासुदेव कर्मचाय १७
१३. पशुलाई खुराकका लागि युरिया मोलासेस मिनरल व्लक १८
१४. कोप २७ मा ऐतिहासिक सम्झौता १९
१५. कोप २७ मा हानी तथा नोक्सानी बारे छलफल २०
१६. नेपालमा आदिवासी जनजातिका प्रथाजनित भूमिको अभ्यास भूमी, भू-क्षेत्र र प्राकृतिक स्रोत २२
१७. परम्परागत खेती प्रविधि हराएर जाने चिन्ताले मैले किताब लेखेँ : महर्जन २४
१८. अर्थतन्त्र सुधारका लागि अनिवार्य कृषि : मन्त्री पाण्डे २६
19. FAO is supporting herders 27
20.A wall that restores land and empowers communities in Niger 28
21. COP27: Food Programme stands shoulder-to-shoulder 29
22. Indigenous women fighting climate change 31
23. COP27 is over. Here are five things 32
24. COP27: A dried up lake and an indigenous community 33
25. COP27: How radios help rural women 34
26. A quick win in battle against climate crisis 36

व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

**प्रकाशक** : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
**प्रधान सम्पादक** : धनबहादुर मगर **सह-सम्पादक** : निर्दोष तिमिल्सिना, हिरा पाण्डे (दिक्षा)
**मुख्य कार्यालय** : बागबजार २८, **फिल्ड कार्यालय** : टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन** : ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुखेंल, काठमाडौं
**Online** : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

# धानको खेती हुने ठाउँमा प्लाष्टिक फल्न थाले

सम्पादकीय



कृषि कृषि प्रधान देश हो । आज कृषि क्षेत्रमा धानको बाली फल्ने ठाउँमा प्लाष्टिकहरु फल्न थालेका छन् । यो समस्या काठमाडौं उपत्यकाको मात्र होइन तीव्र रुपमा बढ्दै गरेको शहरी संरचना र बढ्दै गएको मानव घनत्वको कारण पनि शहरी वातावरण भयावह बन्दै गएको छ । काठमाडौं उपत्यकामा कृषि गर्ने अघिल्लो पिँढीका अनुसार प्लाष्टिकका कारण पनि शहरी क्षेत्र अत्याधिक फोहर बन्दै गएको र शहरी तापक्रम अनियन्त्रित बन्दै गएको, अलिअलि गरिने कृषिमा पनि रोगकिराको प्रकोप बढ्दै गएको बताईरहेको अवस्थामा प्लाष्टिक नियन्त्रण कसरी गर्ने र जलवायू परिवर्तनमा कसरी सहयोग पुऱ्याउने भन्ने चिन्ता अधिक भएपनि नियन्त्रण नहुँदा चिन्ताको विषय थपिदै गएको अनुभव वातावरण विद्हरुले चिन्ता गर्दै आएको छ ।

जलवायू परिवर्तनको असर कृषि क्षेत्रमा पनि थपिदै गएको छ । जथाभावी रासायनिक मल र विषादी प्रयोगले पनि जलवायू गुणस्तरमा ह्रास आएको छ । यिनै जलवायू परिवर्तनले तीव्रता पाउँदा नेपालको हिमाली जिल्लामा फल्ने स्याउ खेती सुन्तला लगायत महत्वपूर्ण बालीहरु क्रमश घट्दै गएको छ ।

इजिप्टको साम अलसेफमा जलवायु परिवर्तन सम्बन्धी शिखर सम्मेलन कोप-२७ भईरहँदा नेपालको हिमाली क्षेत्रका कृषकहरूले 'जलवायु परिवर्तनको असर भोगिरहेको' अनुभव व्यक्त गरेका छन् ।

जलवायू परिवर्तनको सबैभन्दा ठूलो प्रभाव हिन्दु कुश हिमाली क्षेत्रमा देखिन थालेको भनी यस क्षेत्रका विज्ञहरूले सचेत गराउँदै आएका छन् । मुस्ताङमा व्यावसायिक रूपमा गर्दै आएको स्याउ खेतीका कृषकहरू त्यस क्षेत्रमा पानी पर्ने प्रकृतीमा पछिल्लो समय फरक आएको र त्यसले स्याउको गुणस्तरमा पनि परिवर्तन ल्याएको बताउँछन् ।

मुस्ताङमा स्याउ खेती शुरू गरिएको आधा शताब्दी नाघिसकेको छ । त्यहाँ स्याउको खेती गर्ने छेत्रफल पनि बढ्दै गएको छ । तर उत्पादन र उत्पादकत्व त्यही अनुपातमा नबढेको र पहिले गुणस्तरीय उत्पादन हुने क्षेत्रमा स्याउ हुन छाडेको कृषकहरू बताउँछन् ।

पहिले हेर्दै आकर्षक र स्वादिलो स्याउ फल्ने लेते, ताक्लुङ, धम्पू , कोवाङ लगायतका छेत्रमा स्याउको बगैंचा मासेर वैकल्पिक खेती गर्न थालेको थासाङ गाउँपालिका २ कोवाङका कृषक जीवन थकालीले बताउनु भएको छ ।

यस पछाडिको कारण जलवायू परिवर्तन हो भन्ने थकालीले ठम्याई रहेको छ ।

जलवायु परिवर्तनकै कारण यो क्षेत्रमा पानी धेरै पर्न थालेको भनेर वैज्ञानिक अध्ययन र पुष्टि भइसकेको छैन ।

घरपफ्फोङ गाउँपालिका मार्फाकी कृषक कमला अधिकारी लालचनले विगतमा पुस लागेदेखि नै हिउँ पर्न शुरू भएर फागुन चैतसम्म पर्ने गरेको सम्झन्छिन् उनमा रहेको छ ।

केही वर्षयता हिउँपर्ने समयमा नपर्ने, परे पनि कम पर्ने, कुनै वर्ष पर्दै नपर्ने र वृष्टि छायाँमा पर्ने गरेको मुस्ताङमा अहिले अधिक वर्षा हुने गरेका कारण स्याउ खेती गर्न समस्या बढ्दै गएको अनुभव छ । त्यहाँका किसानहरुलाई । थासाङ गाउँपालिका टुकुचेका नीरज तुलाचन पनि स्याउमा रोग किराको प्रकोप बढ्दै गएका कारण स्याउ खेती गर्न झन्झन् कठिन हुँदै गएको बताएका छन् ।

पहिले बढी हिउँ परेर स्याउका लागि अनुपयुक्त माथिल्लो मुस्ताङका लोमान्थाङ, लोघेकर दामोदरकुन्ड र बारागुङ मुक्तिनाथ क्षेत्र गाउँपालिकाको माथिल्लो भेकमा स्याउ खेती हुन थालेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले जानकारी दिएका छन् । मुस्ताङमा जलवायू परिवर्तनको असर सम्बन्धमा अध्ययन अनुसन्धान गर्न ढिलाई गर्न नहुने उनको सुझाव समेत दिएका छन् । जलवायु परिवर्तनसम्बन्धी शिखर सम्मेलनमा पर्वतीय छेत्रमा बढ्दो तापमानका कारण देखिएको बहु आयामिक प्रभावलाई प्राथमिकता दिएर उठाइयोस् भन्ने स्याउ कृषकहरूको माग छ ।

जलवायु परिवर्तनका कारण भएको तापमान वृद्धिको असर हिमाली क्षेत्रमा तुलनात्मक रूपमा बढी परेको भनी विज्ञहरूले औंल्याउँदै आएका छन् ।

यो जलवायू परिवर्तनको कारण मानव नै हुन् मानवीय बढ्दो हस्तक्षेपल शहरी क्षेत्रमा मात्र नभई हिमाली क्षेत्रमा समेत पर्यावरणी परिवर्तनको असरले छोइरहेको छ । यसरी पर्यावरणीय असर भइरहँदा नेपालको वातावरण विद्हरु भविष्यमा नेपालको जलवायू परिवर्तनको कारण समग्र जीवन जगतको प्रणालीमा असर पुऱ्याउन सक्ने तर्फ सचेत गराइएको छ । जलवायु परिवर्तनमा नेपालको यी माथिका प्रतिनिधि घटना मात्र हुन् यस्तो घटना दिनप्रतिदिन बढ्दै गएको छ । यस प्रकारको घटनाहरूले नेपालको कृषि क्षेत्र र जलवायू परिवर्तनमा प्रतिकूल असर पुऱ्याउँदैन गएको छ । संयौं वर्ष सम्म पनि नकुहिने प्लाष्टिकजन्य वस्तुले हराभरा खेतबारी शहरी क्षेत्रको बग्दै गरेको नदीनालाहरु कुरुप बन्दै गएको छ । लाखौं मानिसहरुलाई पुग्ने खेतीबाली बाट विमुख बन्दै गएको छ । सबभन्दा मलिलो माटोको रुपमा रहेको काठमाडौं उपत्यकाको खेतबारीहरु घरघरेडी र भौतिक संरचना बनाउदा लगभग मासिइसकेके अवस्था छ ।

जनसंख्या घट्दै गएको अवस्थामा पनि भौतिक संरचनाको बढ्दो विकासले जलवायू परिवर्तन र कृषि क्षेत्रलाई नराम्री झस्काएको छ । जलवायू परिवर्तनमा नेपालको त्यति ठूलो अन्तराष्ट्रिय भूमिका नभएपनि घरेलु भूमिका भने घरघरेडी थपिदै गएको भौतिक संरचना र अव्यवस्थित प्लाष्टिकका फोहोरहरुले भने नेपालको शहरी जनजीवन कुरुप नै बनाएको छ । अव्यवस्थित शहरीले भने जलवायूमा नकारात्मक भूमिका खेलेको कुरा बिर्सनु हुँदैन । नेपालको शहरी क्षेत्रमा बढ्दो फोहोर त्यसमा पनि नहुहिने वस्तुहरु प्रमुख समस्याको रुपमा देखा परेको छ । त्यसमा सबैभन्दा बढी असर प्लाष्टिकजन्य फोहोरको कारण शहर कुरुप मात्र बनेको छैन पृथ्वीमा तापक्रम वृद्धि गरेको छ । प्लाष्टिकजन्य वस्तु नियन्त्रण र नियमन गर्ने निकाय कोही नभएको जस्तै भएको छ । यसको उत्पादन आवश्यक भएपनि व्यवस्थापन गर्न नसक्दा यसले ठूलै टाउको दुखाईको विषय बनाई दिएको छ । यसलाई समयमा नै नियन्त्रण गर्ने प्रक्रियामा नगए शहरमा आइपर्ने नकारात्मक तामक्रममात्र बढ्दैन जलवायू परिवर्तनमा प्रतिकूल असर पुऱ्याएर रोगकिरा प्रभाव पहिले स्वास्थ्यमा देखा पर्ने चेतावनी दिइएको छ । शहर सफा र स्वच्छ राख्नु सबैको दायित्व भएपनि यसतर्फ गहिरिएर कसैको ध्यान त्यसतर्फ गएको देखिदैन । शहर सफा राखेको खण्डमा मात्र मानव जीवन स्वस्थ्य रहन सक्छ ।

# रैथाने बीउ संरक्षणमा सरकारको ध्यान गएन

*कृषिको प्रारम्भ भएदेखि नै कृषकले बीऊ एक उत्पादन ऋतुदेखि अर्को एक उत्पादन ऋतुसम्म राख्दै आएका छन् । कहिले काहिँ धेरै वर्षाका लागि पनि राखेका छन् । सुख्खा वा अनावृष्टि र वाली विधि कारणले उत्पादन नहुने र गरिबीको कारणले वानस्पति स्रोत ह्रास हुँदै जाने ठाउँहरूमा घरायसी खाद्य सुरक्षाको लागि बीउ सम्मको पहुँच आवश्यकता हुन्छ ।*

रैथाने बीउविजनमा नेपालको सरकारले ध्यान नदिएको देख्दा लाग्छ अब देश विकासे हाइब्रिड बाहेक अरु चाहिदैन । यो अवस्थामा कसरी परम्परगात रुपमा लगाई राखेको रैथाने बाली संरक्षण गर्द सकिन्छ भनेर चिन्ता र चाँसो राख्ने संघ-संस्थाहरु पनि छन् तर तिनीहरु पनि सरकारको असहयोग गर्ने नीतिका कारण टुहुरो जतिकै बनिरहेको अवस्था छन् । नेपालको अधिकांश कृषि वैज्ञानिकहरु रैथाने र परम्परागत बालीको संरक्षणमा चाँसो नदिएको देख्दा अब नेपाल विदेशी बिउबिजनहरुमा भरपर्नु पर्ने अवस्था आईसकेको छ । यो अवस्थाले नेपालको कृषि आत्मनिर्भर होइन परनिर्भर तर्फ अगाडि बढीरहेको छ ।

सरकारले रैथाने बाली जोगाउन सचेतनामूलक कार्यक्रम अगाडि बढाउन आवश्यकता देखिएको छ । विदेशबाट आयातित बिउबिजन आयतमा बन्द गरि नेपालकै बिउबिजन व्यवस्थापनमा अगाडि बढ्न जरुरी छ । बिउबिजनका लागि प्रयाप्त मात्रामा पुग्ने खालका पूर्वाधार निर्माण गरि विदेशी आयातित बिउबिजन विस्थापन गर्न र नेपालको कृषिमा बिउबिजनमा समेत परनिर्भर हुनबाट बचाउन प्रोत्साहनको खाँचो छ ।

**परिचय :**

संसार भरिका आदिवासी समुदायसँग जैविक स्रोतको प्रशस्त ज्ञान हुन्छ । जसले तिनलाई प्रकतिबाट जीविकोपार्जन प्राप्त गर्न सक्षम बनाउँछ । तैपनि विविध पर्यावरण तथा परम्परागत जीवन पद्दती भएका धेरै ग्रामीण समुदायहरू लोप हुने खतरामा छन् । आधुनिकीकरण, औद्योगिकीकरण, कृषिमा हुने मोनोकल्चर, अधिक रासायनिक मलको प्रयोग तथा सहरीकरणले प्राकृतिक स्रोतहरूलाई खतरामा पार्ने काम गरेका छन् ।

खाद्य उत्पादनका लागि वानस्पतिक स्रोतहरु आवश्यक हुन्छ । यस्तो स्रोतहरूको प्रजनन् विविधताले प्रजातिहरूलाई नयाँ वातारणमा घुमिल हुन नयाँ कुराहरू बदलिंदो हावापानीमा बाँच्न सहयोग पुऱ्याउँछ । बीऊ बैंक जसलाई प्राय जीन बैंक पनि भनिन्छ । एक महत्वपूर्ण औजार हो जसले विविध विजनहरूलाई बचाई लोप हुनबाट संरक्षण गर्दछ । विजन संग्रहले अस्तित्वमा रहेको कृषि सम्पदाको महत्वपूर्ण अंशको प्रतिनिधित्व गर्दछ । जुन लगभग १० हजार वर्षको मानवीय प्रयोगका लागि भएको रोप्ने, जोत्ने र अन्नहरूको प्रजनन् गर्दै प्रकृयाको धरोहर हो । कृषि क्षेत्रमा नवीनता विकसित गर्न विधि अन्नको संकलनलाई महत्वपूर्ण मानिन्छ । यिनीहरूविना कृषि उत्पादनमा ह्रास आउने अनि किसानको खेतमा कीरा लाग्ने र रोगले सताउने कुरामा मात्र केही दशकको विषय हुन जान्छ ।



पूर्वी भारतमा ओरिसाको जेपोर ट्रेक्टमा उच्च उत्पादन हुने एचवाइभी भनिने नयाँ प्रजातिसँगै वनमा आएको ह्रासले स्थानीय वानस्पतिको प्रजातिमा नाटकीय ह्रास ल्यायो यो खतरासँग लड्न र खाद्य आपूर्ति सुरक्षित गर्न एमएस स्वामिनाथन अनुसन्धान संस्थालेसँगै काम गर्दै ६ वटा गाउँका आदिवासी समुदायले खेतीका परम्परालाई पुनर्जीवन दिने कार्यक्रम आरम्भ गरे । असल स्तरीय बीउ उत्पादन किसान किसान बीच बीऊ विनिमय प्रणाली सामुदायिक बीऊ सङ्ग्रह केन्द्र र सामुदायिक जैविक विविधताको दर्ताको स्थापनामार्फत प्राकृति स्रोतहरूको संरक्षण गर्दै आम्दानी बढाउन आफूलाई सक्षम बनाउन स्थानीय कृषकहरू वानस्पतिय स्रोतहरूको सहभागितामूलक व्यवस्थापनमा लागेका छन् ।

**भारतमा कृषि जैविक विविधता :**

भारत जंगली तथा रोपिएका दुबै खाले अन्नहरूको विशाल विविधता भएको घर हो । तैपनि भारतमा बढ्दो क्रममा भइरहेको जैविक विविधताको क्षयीकरण ठूलो चिन्ताको विषय भएको छ । यसले दशौ लाख ग्रामीण जनता विशेषत : आदिवासी कृषक समुदायलाई जीविकोपार्जनबाट वञ्चित गर्दछ । हरित क्रान्तिको प्रारम्भले बढी महत्व कृषि उत्पादन पट्टी दिएको छ। जसले गर्दा मात्र केही प्रजातिका धानहरूको प्रवर्द्धन भइरहेको छ ।

यस अनुसार उच्च परिमाणमा रासायनिक मल प्रयोग गरी धेरै उत्पादन दिने प्रजातिहरूलाई छानिन्छ । परिमाणस्वरुप धानका वंशाणुगत आधारहरू गम्भीर ढंगले घटिरहेको छ ।र थुपै परम्परागत बीऊका प्रजातिहरूयदि संरक्षित भएमा कृषिका लागि ठूलो महत्व हुन र खाद्य सुरक्षामा सहयोग पुग्न जानेछ । साथै नयाँ बिरुवा प्रजनन् कार्यक्रमलाई वंशाणुगत आधार खडा गरिदिने छ। वानस्पतिक वंशाणुगत स्रोतहरूकिसान समुदायका लागि खाद्य उत्पादनका लागि मात्र होइन संस्कृति र परम्पराको भूमिका निर्वाह गर्न पनि महत्वपूर्ण हुन्छ । जब जैविक विविधता हराउँछ । मानिसको ज्ञान र सांस्कृतिक पहिचान हराएजस्तै कृषिको वंशाणुगत आधार पनि हराएर जान्छ ।

भारतको कोरापुत जिल्लामा स्थानीय मानिस परम्परागत धानको संरक्षण गर्नुपर्छ भन्ने विषयमा जागरुक छन् । यी परम्परागत प्रकारका धानहरूमा संस्कृतिक महत्व हुनुका

अतिरिक्त नयाँ बढी उत्पादन दिने प्रजातिभन्दा धेरै फाइदाहरू छन् । जस्तै

- अति मीठो स्वाद र पौष्टिक महत्व बढी हुने ।
- कीरा तथा रोगसँग लड्न सक्ने ।
- अनावृष्टि तथा बाढीसँग लड्न सक्ने ।
- स्थानीय कृषि अवस्थासँग मिल्ने।
- आर्थिक व्यवहारिकता थोरै रासायनिक तत्व र मल भए पुग्ने ।
- वातावरणीय दिगोपन हुने ।
- परिक्षण र प्रमाणित भएको हुने ।

**परम्परागत ज्ञान :**

एक जमानामा ओरिसा धानको सबैभन्दा बढी विविध जातिहरू पाइने परम्परगत घर थियो । जहाँ एक हजार सात सय पचास बढी जातका धानहरू पाइन्थ्यो । तर अहिले मात्र लगभगएक सय पचास जातका धानहरू पाइन्छन् । यसको सबैभन्दा ठूलो समस्या भनेको उच्च उत्पादन दिने वर्णशंकर वा मिश्रित जाति धानको प्रयोग भएको छ। विभिन्न बालीको विशुद्ध बीऊको अप्राप्यता, कृषक परिवारमा पछिल्ला पुस्तामा वंशाणुगत सम्पदाको तथ्याङ्कको अभाव र अन्न अभाव वा विस्थापनको समयमा बीउको उपभोग वा विनाश जस कारणले यो क्षेत्र वंशाणुगत स्रोतहरु घट्दै गएको छ।

यो क्षेत्रको आदिवासी कृषि समुदायहरूले विभिन्न परम्परागत प्रणालीहरूको बचाउ र संरक्षणमा ठूलो भूमिका खेलेको छ । यो समुदायलाई कस्तो जग्गामा कुन प्रकारको बाली नाली लगाउनु पर्छ भन्ने पुर्णज्ञान छ । यिनीहरूले गर्ने स्थानीय स्रोतहरूको प्रयोग र खाना खाने बानीले पनि यिनीहरूको वातावरण सम्बन्धि ज्ञानलाई प्रतिबिम्वित गर्दछ ।

सहभागितामूलक सामुदायिक कृषि मार्फत ओरिसाको कोरापुत जिल्लाको आदिवासी समुदायहरूले इन-सितु अर्थात खेतमै संरक्षण गर्ने परम्परालाई पुनर्जीवन दिएका छन् । परम्परागत धानको प्रकारलाई पृष्ठपोषण गर्न यी समुदायहरूलाई हौसला दिइएको छ र यहाँ खाद्य सुरक्षा तथा जैविक विविधताको संरक्षणका लागि बीऊ बैंकका स्थापना गरेका छन् ।

**जैविक विविधता र गरिबी निवारण :**

कोरापुत जिल्लाको आदिवासी समुदायले जंगली प्रजाति र कृषि जैविक विविधताको आफ्नो ज्ञान र अनुभवको प्रयोग गर्दै र परम्परागत धानको प्रणाली र औषधीय वानस्पतिको प्रवर्द्धन गर्दै इन-सितु संरक्षणलाई पुनर्जीवन दिएका छन् । सामुदायिक बीऊ बैंकले समुदायलाई आवश्यक बीऊ प्राप्त गर्न जम्मा गर्न र व्यवस्थित गर्न सक्षम तुल्याउँदै जैविक विविधता र खाद्य सुरक्षालाई सुनिस्चित गरेको छ। त्यस्तै अन्य धेरै महत्वपूर्ण क्रियाकलापले जैविक विविधता संरक्षण गर्न सहयोग पुऱ्याएको छ।

भारत सरकारले हालसालै पारित गरेको वानस्पतिक विविधताको संरक्षण तथा कृषकको अधिकार ऐनले जैविक विविधताको संरक्षणमा कृषकहरूको भूमिकालाई मान्यता दिएको छ । उनीहरूको पहिचान तथा मौद्रिक पुरस्कार कानुनी रुपमा नै व्यवस्था भएको छ।

सामुदायिक जैविक विविधता दर्ताको व्यवस्था गरी त्यसमा प्राणी तथा वानस्पतिसम्बन्धि सूचना राख्नाले गाउँलेहरूलाई मानिस जनवार र वानस्पतिको आपसी सहयोग प्रणालीको अन्तक्रियाले अझ राम्ररी बुझ्न समक्ष तुल्याउँछ ।यो दर्ताले मानिसलाई लागिरहने रोगहरूको उपचारमा सहयोग पुऱ्याउन औषधीय वानस्पतिकहरूको पहिचान गर्न मद्दत पुऱ्याएको छ ।

सहभागितामूलक बिरुवा प्रजनन् कार्यक्रमले भेलियन नामक स्थानीय धानको प्रकारलाई भित्र्याएको छ । जुन दाना र माटोको संरक्षणका लागि राम्रो छ । यसले लगभग प्रतिएकड तेइस क्विन्टल बराबरको उच्च उत्पादन वा १ सय ७६ वर्ग मिटर बराबर एक क्विन्टल धान उब्जाउ हुन्छ ।

छिमेकी गाउँलेहरूले पनि धानको जर्मप्लाज्मको संरक्षण, मुल्याङ्कन र अन्वेषण प्रकृयाको नक्कले गर्न सुरू गरिसकेका छन् । वरिपरिका जिल्लाहरूका धेरै गैर-सरकारी संस्थाहरूले जैविक विविधताको पृष्ठपोषण र संरक्षणका लागि बीऊ तथा अन्न बैंकिङ्ग तथा सामुदायिक औषधीय वानस्पति बगैचालाई अपनाएका छन् ।

औषधीय वानस्पतिको संरक्षणले मानिसलाई यस क्षेत्रमा स्वास्थ्य र वानस्पतिको बजार मूल्य बुझ्न समक्ष बनाएको छ। परिणामस्वरुप केही परिवारले यस्ता औषधीय वानस्पति र अन्य उत्पादन स्थानीय बजारमा बिक्रीगर्न सुरू गरेका छन् । तल दिइएजस्तै धेरै अन्य महत्वपूर्ण त्रियाकलापहरूले गरिबी निवारण गर्न सहयोग पुऱ्याइएको छ ।

चाडपर्वको समयमा संगठित ढंगले गरिने प्रदर्शनीहरूलाई तितरिफ मोहुआ र काँडेगुली जस्ता उत्पादन बेची यसबाट राम्रा आय आर्जन भएको छ ।

उच्च उत्पादन र उन्नत वासना भएको विशुद्ध स्थानीय धानको बीऊको प्रयाप्तताले यसको माग बढेको छ भने केही किसानहरूलाई परम्परागत मलको प्रयोगबाट गरिने खेती विधि अपानाउन हौसला दिएको छ। यसले एचवाईभी धान उत्पादनमा गरेको परिवारको लागत खर्च पनि कम गरेको छ।

वर्षाको पानी संरक्षणले सामुदायिक मत्स्यपालनलाई प्रोत्साहन मिलेको छ । यसबाट प्राप्त आम्दानी सिधै सामुदायिक कोषमा जान्छ । जुन समुदायमा आधारित लघु उद्योग वा व्यवसायहरूमा प्रयोग गरिन्छ । स्वावलम्बी समूहले बागवानी, कुखरा पालन तथा माछाका भूरा उत्पादन जस्ता क्रियाकलापहरू सुरू गरेका छन् । यसबाट प्राप्त सबै फाइदाहरू समूहमा नै जान्छ ।

कृषिको प्रारम्भ भएदेखि नै कृषकले बीऊ एक उत्पादन ऋतुदेखि अर्को एक उत्पादन ऋतुसम्म राख्दै आएका छन् । कहिले काहिँ धेरै वर्षाका लगि पनि राखेका छन् । सुख्खा वा अनावृष्टि र वाली विधि कारणले उत्पादन नहुने र गरिबीको कारणले वानस्पति स्रोत ह्रास हुँदै जाने ठाउँहरूमा घरायसी खाद्य सुरक्षाको लागि बीउ सम्मको पहुँच आवश्यकता हुन्छ ।

सामुदायिक बीउ बैंकले बीऊ जोगाउन र बिरुवा रोप्न आवश्यक सामग्रीसम्म कृषिको पहुँच पुऱ्याउने महत्वपूर्ण भुमिका खेल्छ । यसले किसानको उत्पादनलाई बजार सुविधा पुऱ्याउँछ । भने बीऊ मेलाले कृषिलाई आफूले उब्जाइरहेको बीउ छान्ने र परिवर्तन गर्ने वा नगर्ने अवसर प्रदान गर्दछ ।

बीऊ बैकमा जर्मप्लाज्मा भण्डार गर्ने कार्य सस्तो हुन्छ । यसले नगन्य स्थानमात्र ओगट्छ । न्युन् वंशाणुगत ह्रासमात्र हुनेगरी यसले सफलतापूर्वक ठूलो परिमाणमा बीऊको संरक्षण गर्दछ । बीउ बैंकले अुसन्सधानका लागि वानस्पतिको राम्रो स्रोतहरू उपलब्ध गराउँछ । प्राकृतिक प्रणालीमा अवरोध वा विनाश नगरी अनुसन्धानकर्तालाई बीऊ बैंकले दुर्लभ र खतराको सूचीमा परेको प्रजाति उपलब्ध गराउँछ ।

**बीऊको छनौट :**

इच्छुक घरपरिवारबाट निश्चित परिमाणमा बीउ छानिन्छ र ग्रामीण महिलाबाट यसको सफाई गरिन्छ । बीऊको बोक्राको रङ्ग, आधार र अन्य भौतिक विशेषताहरूको अध्ययन गरी बीऊ छानिन्छ । अशुद्ध वा अन्य प्रजातिसँग मिसिएको बीउ स्वीकार गरिदैन । परम्परागत बीउ परिक्षण विविधताको प्रयोग गरी केन्द्रीत गाउँ समितिको महिला तथा पुरुष सदस्यहरूद्धारा बीउको गुणस्तर प्रमाणीकरण, सुदृढीकरण

सुकाउने र रेखदेख गर्ने कार्य गरिन्छ । सङग्रहित बीउलाई त्यसपछि उचित ढङ्गले जोखी यसको रेकर्ड राखिन्छ ।

**बीउ भण्डारण :**

कोरापुतका आदिवासीहरूको आफ्नै मौलिक प्रकारका बीउ तथा अन्नको भण्डारण गर्ने विधि छ । यसलाई भण्डारण गर्नुअघि सुकेको नीम ९ब्शबलमष्चबअजतच ष्लमष्अब० को पात वा करानजा ९एयलनकष्ब उष्ल लबतब० को धुलोसँग मिसाइन्छ। जसले बीऊलाई कीरा लाग्नबाट जोगाउँछ । धानको बीऊलाई ढुसी खानिकी भनिने स्थानीय भाँडामा राखिन्छ । लामो परालको डोरीलाई गोलकार आधारमा बाँटेर ढुसी बनाइन्छ । बीउलाई भित्र राखिसकेपछि यसको मुखलाई दह्रो गरी बाँधिन्छ । खानिकी भनेको भाँडा आकारको बाँसको टोकरी हो । जसलाई गोबरले लिपिएको हुन्छ ।

गाइको गोबरलेपनले कीरा भगाउने काम गर्छ । जसमा हावा नछिर्ने हुनाले न्युनतम मात्रामा ओसिलो हुन्छ । र कीराले खान वा ढाक्न सक्दैन यस्तो भण्डारण भाँडा वा टोकरीहरूलाई त्यसपछि सामुदायिक भवनमा राखिन्छ ।

साधारणतया बीउ बैंक भण्डारणका लागि तलका कदमहरू चालिन्छ ।

-संग्रह कार्य
-बीऊको तयारी
-सुकाउने कार्य
-पोका पार्ने कार्य
-भण्डारण कार्य
-कीरा लागे/नलागेको आवधिक जाँच कार्य
-पुनः भण्डारण गर्ने कार्य

अभिलेख राख्ने कार्य :

भण्डार गरिएको बीऊको उचित अभिलेखमा तपसीलका कुराहरूपर्छन । बीऊको प्रकार र अवस्थाको पहिचान, नमूना लिइकाको बीऊको स्थान र विशेषताको विवरण संग्रह प्रकृयाको विवरण भण्डारण अवस्था र कति गर्मीमा बाँच्छन् भन्ने जानकारी

**बीउ, वितरण :**

गाउँको केन्द्रीय समितिले कुन परिवारलाई बीऊ एकदमै आवश्यक छ भनि पहिचान गर्दछ । बीऊ भण्डारको सचिवले कुन परिवारलाई कस्ता र कति बीऊ चाहिएको हो भन्ने जानकारी राख्दछ । यदि किसानले सामुदायिक बीऊ भण्डारका सबै शर्त मानेमा, बीऊ ऋणस्वरुप प्राप्त गर्दछ । न पछि बीऊ फर्काउदा लगभग १.५ गुणा बढी बीऊ भण्डारलाई बुझाउनु पर्छ ।

**भविष्य :**

यो परियोजनाको सकारात्मक प्रभावस्वरुप यसले आदिवासी गाउँलेहरूको एचवाईभी प्रतिको निर्भरता, बाहिरबाट ल्याउने कुरा जस्तै रासायनिक मल कीटनाशक औषधीको माग पनिघटाएको छ । उत्पादनशीलता र किसान किसानबीचको बीऊ साट्ने कार्य पनि समुदायमा बढेर गएका छन् । त्यस्तै अन्य गाउँको निर्भरता बढिरहेको छ । परिणामस्वरुप शुद्ध पारिएको बीऊका प्रकारहरू रोप्नका लागि सबै प्रयोग गर्दछन् । महिलाहरूले आजभोली आधुनिक बीऊ अन्नका नाममालेखाजोखा गर्ने प्रणालीको प्रयोग गरी आफूलाई शोषित हुनबाट बचाएका छन् ।

यस जिल्लाको अन्य गैर-सरकारी संघ-संस्थाहरूले पनि सामुदायिक बीऊ भण्डारको अवधारणालाई अंगालेका छन् । यी कार्य मार्फत बचेको धानको प्रकारहरूको सुरक्षा भएको छ। र यस क्षेत्रको नास हुन लागेको जंगलबाट हटाइनुको सट्टा औषधीय वानस्पतिहरूको अति शोषण हुनबाट रोक्नका लागि सामुदायिक बगैचा लगाएका छन् ।

**शब्दावली :**

जर्मप्लाज्मः यसलाई वानस्पति वा नश्लको समूह हो भनेर सोच्न सकिन्छ । यस समूहमा विभिन्न विशेषता भएको वंशाणुगत समूह रहन्छ व्याड उत्पादनकर्ताले त्यही प्रकारका बीऊ छान्छन् । र आन्तरिक प्रजनन् प्रक्रियाबाट मुल्याङ्कन, बीऊ उत्पादन र बजार व्यवस्थापन किसानलाई उपलब्ध छ । त्यसैले बीउ, विजनबाट हने उत्पादन प्रगती उपयोग जर्मप्लाज्ममा भर पर्दछ । जर्मप्लाज्मको उदाहरणहरूमा व्यापारिक दृष्टिकोणले प्राप्त प्रकारहरू किसानले विकास गरेका प्रकार जसलाई ल्याण्डरस भनिन्छ। प्रजनन् कार्यक्रमबाट प्राप्त सामग्री पर्दछ । र भाइरस ब्याक्टेरिया र अन्य सुक्ष्म जीवहरूबाट वंशाणुगत सार्ने प्रविधि साँच्चै लाभकारी भएका छन् ।

## मंसीर महिनामा गरिने कृषि कर्महरू

**खेतीपाती**

-बजारको अवस्था हेरी सुन्तलाजातका पलफूल टिप्ने र समुचित ढंगले ग्रेडिङ्ग एवम् भण्डार गर्ने ।

-पहाडमा गहुँ छरेको २०/३० दिनभित्र युरियाले टप ड्रेसिङ्ग गरी सिँचाई गर्ने ।

-तराईमा प्लाष्टिक टनेलभित्र बमौसमी तरकारी, भेंडेखुर्सानी, काँक्रो आदि लगाउने ।

-प्रमुख खाद्यन्नबाली धान राम्रो सँग पाकेपछि काट्ने र सुकाएर भण्डारण गर्ने ।

-तराईमा माछा पोखरीमा इ.यू.एस. रोग देखा पर्न सक्ने भएकाले रोग नियन्त्रणका उपाय अपनाउने ।

-गहुँ बालीमा सिन्दुरे रोगको प्रकोप कम गर्न तराईमा मंसीर १ गते देखि २५ गतेभि छरिसक्नु हास ।

-रेड क्रियोल जातको प्याजको बीउ नर्सरीमा राखी छापो लगाउनु होस् । बीउ र म्रोसँग उमार्नको लागि रोप्नुअघि १२ घण्टा जति पानीमा बीउ भिजाउनुहोस् ।

-आलुबालीको पछौटे डढुवा रोगको नियमित अनुगमन गर्नु हो् । प्रकोप बढी भएमा एक्रोव्याट डाइभेथोर्फ ५० प्रतिशत डब्लु जी, फेनामेडोन १० प्रतिशत र मेन्कोजेव ५० पशितक डब्लुजी १.५ ग्राम प्रति लिटर पानीमा मिसाई बोटको सम्पूर्ण भाग भिज्ने गरी छर्कनुहोस् ।

**पशुपालन**

-असोजमा छरेको जै घाँस काटी युरिया टपड्रेस गरी सिँचाई गर्ने ।

-लेयर्स बोयलर्स कुखुरा तथा टर्कीहरुमा इन्फेक्सस् कोराइजा र यो जस्तै लक्षणहरु देखा परेमा जैविका सुरक्षाका उपायहरु अपनाई दक्ष प्राविधिकको सल्लाहमा एण्टिवायोटिक औषधिहरु प्रयोग गर्नुहोस् ।

# जैविक कृषि र खाद्य प्रणाली गोष्ठी

खाद्यका लागि कृषि अभियानले ४२ औं अन्तर्राष्ट्रिय खाद्य दिवसको अवसर पारी जैविक खेती खाद्य प्रणालीको पुनर्जीवन विषयक कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा कृषि विज्ञ प्रमोद दाहालले कृषि प्रणाली बर्वाद भईरहेको, धन सम्पत्ती कमाउने नाममा माटोलाई विषाक्त बनाएको, बजारमा युरियाको सट्टा चिनी मल पाइएको, रसायनिक मल ठूलो दानामा आउँथ्यो अहिले सानो दानामा आएकोले उक्त मल एमोनिया सल्फेट भएको बताईएको छ । एमोनिया सल्फेटले अम्लिय



बढाउँने । २१ प्रतिशत फस्फेट रहेको, ४६ प्रतिशत फूरान रहेको, नगरपालिका र गाउँपालिकाले आफ्नो कार्यक्रममा विषादी छर्ने स्प्रे, कार्यक्रम ल्याउने गरेको, स्प्रेबाट छर्ने विषादी कुचोले छर्ने गरेको पाइएको, किरा नमरेसम्म कुचोले छर्किने गरेको छ ।

ग्रीन रिभोलुसनले परम्परागत ज्ञान र खेती गर्ने तरिका र शुद्ध खाना खाने प्रणाली ध्वस्त भएको छ ।

नसर्ने खालको रोगहरु सुगर, मधुमेह, अनुवंशिक रोगहरु र जेनेटिक मेटेरियलहरु नष्ट हुँदै गएको, कृषिमा आधारित अर्थतन्त्र, उद्यमी, भू-उपयोगको कुरा, संरचनाको लिंकेज नभएको, उर्वरशील उत्पादक भूमि प्राकृतिक मैत्री बनाउन नसकेको, गम्भीर नभएको बताइएको छ ।

खाद्यका लागि कृषि अभियानकर्मी सरोज खतिवडाले खाद्यको वास्तलात प्रस्तुत गर्दै निर्यात कम रहेको, आयत बढेको छ । गत आवमा २३ अर्ब रसायनिक मल आयत तह बढ्दै गएको, कृषि छोडेर विदेश जानेको दर बढेको छ । कृषिमा ७३ प्रतिशत महिला सहभागीता रहेको छ । तराईमा २८ प्रतिशत, हिमालमा २१ प्रतिशत, पहाडमा ४० प्रतिशत जमीन बाँझिएको छ । घरेडीकरण, संरचनागत विकासले आगेटेको छ ।

खाद्यका लागि कृषि अभियान अभियानकर्मी केदार कोइरालाले कृषिलाई तहगत रुपमा नलाने हो भने कृषि प्राथमिकता दिने नदिने स्थानीय तह ध्यान दिनुपर्छ । स्थानीय जैविक विविधताको संरक्षण गर्ने कुरा आदिवासी ज्ञान, संरक्षण प्रवर्द्धन गर्ने ज्ञान र दस्तावेजीकरण भयो कि भएन ? दिगो खाद्य प्रणालीमा योगदान दिने शुरुवात भयो कि भएन । किसान चिन्न वर्गीकरण गर्ने उत्पादन किसानको पहिचान नभएसम्म कृषि दिगो बन्दैन । पहिलो चिन्नको लागि वर्गीकरण गर्ने, सूचनाले कृषिको काम गर्दैन । उत्पादन गर्ने हातहरु घटेका छन् । खन्ने हातहरु घटेका छन्  खाने हातहरु घटेका होइनन् ।

विश्व खाद्य सम्मेलनको मुल मर्म पनि त्यही हो ।

टिप्पणीकार डा.चेतकुमारी गुरुङले कृषक हुनु भनेको देशको लागि हो । व्यक्तिगत रुपमा प्रस्तुत गरिएका विषयवस्तु विधि ऐन र कानूनमा भएका कुरा पनि छुटाउदिन । जुन महत्वपूर्ण कुरा छ । स्थानीय र परम्परागत रुपमा आएको शिप र ज्ञान छ । अभिलेखिकरण गर्नु पर्ने हुन्छ । पोषणयुक्त खाद्य उत्पादन गर्नेमा हामी चुकेको छौं ।

साना तथा भूमिहिन किसानको सन्दर्भमा अझ जटिल छ । सिधै ऋण पाउने स्थिति छैन । सामुहिक रुपमा साना किसानलाई केही गर्नु पर्छ । परियोजनाको आधारमा ऋण पाउने व्यवस्था गर्नु पर्छ । व्यवसायिक र प्राङ्गारिक कृषि गर्न निकै गाह्रो छ ।

कृषि विकास मन्त्रालयका सह-सचिव प्रदीप भट्टराईले सबैले राम्रो गरेको छन् भने देश माथि पुगेको हुन्थ्यो सीमामा धेरै बस्न पनि हुँदैन ।

छलफल गरौं, राष्ट्रिय कृषि नीति बनाउने प्रयासमा छौं । जति छलपल गऱ्यौं । त्यति कन्फुजनमा पर्छौं । व्यवसायिक किसानको धारणा के हो ? समीक्षा निर्मम हुनुपऱ्यो । कृषिलाई प्रतिस्पर्धी बनाउनु पर्छ । कृषकको संख्या धेरै भयो । १५ ⁄ २० प्रतिशतमा झार्नु पर्छ । उद्योग क्षेत्रमा वृद्धि हुने हो । विकास भईरहेको भए खाद्य उपलब्धता, खाना नभएको भए के गर्ने ? हाम्रो धारणा किसानको संख्या घटाउने होइन । राष्ट्रको धारणा घटाउने हो । कृषिमा आवद्ध भईरहेकोले विकल्प खोज्नु पर्छ । हामी पारिवारिक खेती भएकाले खाद्य क्राइसिस चाहीं छैन । जैविक खेती अभियान नहुँदा रैथाने खेती र ज्ञानको लोप हुन लागेको छ । व्यवसायिक भन्ने शब्द प्रति अत्यन्तै घृणा छ । नाफा कमाए बाँच्न सक्नेसम्म त हुनु पर्छ । म प्रतिपक्षी भएको छु । साना किसानको पछि लागेर खाद्य सम्प्रभुत्ता ल्याउने नीति बनाउने कुरामा ढिलाई भएको छ । कृषि भन्ने वित्तिकै ठूला-ठूला प्रविधि मात्र खोज्ने होइन । गाली गर्ने हो भने म आउँदिन भनेको हो । कसरी जाने भन्ने कुरा क्रिटीकल छ । कहाँसम्म कार्यन्वयन हुन्छ । कृषि, सिँचाई यसरी गर्ने भन्ने कुरा आइदियो भने काम गर्न सजिलो हुन्छ । आन्दोलनको अपेक्षा गरेको छु । आन्दोलनको रोडम्याप तयार गर्नुपर्छ । भारतीय आन्दोलनको सिकाई पनि सिक्नु परेकोछ । मौजुदा नीति दस्तावेज सानो किसानले देशको विकास दिएको जस्तो लाग्दैन । किसानमा भएको विचलन ३० लाख घरधुरीलाई उद्योगको रुपमा  मान्न सकिन्छ ? करपोरेट प्रकारको हुनु पर्छ । बाँकी रहेको ८५ प्रतिशत व्यवसायिक कृषि, उखु, केरा, किसान हो ।

भुमि विज्ञ जगत देउजाले देशमा कृषि उत्पादनमा आधारित व्यवसायिकण भएको छैन । जमीन कहाँबाट ल्याउँने ? विमा कम्पनीले सही तरिकाले काम गरेको छ कि छैन । विमा कम्पनीले सही तरिकाले कार्य गरेको छ कि छैन । व्यवसायिक कृषि गर्नु पर्छ । साना किसान भूमिहिन सहकारी र विदेशीलाई भूमी सुम्पेर कसरी लाग्ने हो ? ७ वटै प्रदेशमा एडीस बन्दैछ ।

राष्ट्रिय किसान आयोगका सदस्य पुष्पा भुसालले व्यवहारिक रुपमा कृषिलाई कसरी अगाडि लाने भन्ने विषयमा केन्द्रीत कार्यक्रमले निष्कर्ष निकाल्ने सहयोग पुऱ्याउँछ। परम्परागत खेती र निर्वाहमूखी खेती भनेर मात्र हुँदैन। व्यवसायिकताको नाममा हाम्रो जैविक विविधता मासेर जानु हुन्न। कोभिडको बेलामा कृषिले धान्यो। विश्वव्यापी भुमण्डलीकरणको अवस्थामा जलवायू परिवर्तनको कुरा विदेश कम्पनीहरु बीउ लिएर आउँछ जान्छ। किसानलाई क्षेतिपूर्ति दिँदैनन्।

प्राङ्गारिक खेती गर्न पाएन भन्छौं। नेपालमा खेती गर्न प्राङ्गारिक देशमा मल थियो। उत्पादन बढाउने नाममा विषादी प्रयोग गरिनुहुन्न भन्ने कुरालाई बुझाउनु पर्छ।

एडीएस राम्रो भयो भने सरकारले चलाउने हो। अध्यवधि गरेर जानु पर्छ। कृषि नीति जहाँ पनि कमजोर छ भन्ने कुरा भईरहेको छ। हामी सबैको अधिकार मात्र नभई कर्तव्य हुन् भन्ने कुरामा ध्यान दिनुपर्छ। अनुदानको विषयमा कसैले भनिन्छ, अनुदान चाँहिदैन कसैले भनिन्छ चाहिन्छ। मलाई लाग्छ साना किसानलाई झन् अनुदान चाहिन्छ। हामीले कार्यदेश बनाएर सहज बनाउने हो प्रयास गर्ने छौं। विमा कम्पनी प्रति आएको गुणासोहरु छिट्टै समाधान गर्ने छौं।

कीरा नमरेसम्म कुचोले विषादी छर्किन्छ। ग्रीन रिभोलुसनले खेती कसरी ध्वस्त भएको छ ? नसर्ने खालको मधुमेह, क्यान्सर जस्ता अनुवांशिक रोगहरु फैलिएको छ। जेनेटिक मेटेरियलहरु नष्ट हुँदैगएको छ। कृषिमा आधारित अर्थतन्त्र जमीन श्रमिक, प्रविधि, उद्यमी, भू-उपयोगको कुरा भएपनि संरचनाको लिंकेज छैन। उर्वर उत्पादनशील बनाउने प्राकृतिमैत्री कसरी बनाउने भन्ने कुरा महत्वपूर्ण छ।

कृषि अभियानकर्मी सरोज खतिवडाले खाद्यको लागि वास्लात हेर्दा आयत बढेको छ। २३ अर्ब रासायनिक मल आयतमा बढेको छ। कृषि छोडेर विदेश जानेको दर बढेको छ। नेपालको कृषि उत्पादनमा ७३ प्रतिशत महिला सहभागीता छ।

जमीनको कुरा गर्ने हो भने तराईमा २८ प्रतिशत, हिमालमा २१ प्रतिशत, पहाडमा ४० प्रतिशत जमीन बाँझीएको देखिन्छ। घरेडीकरण, संरचनागत विकासले पनि खेतीगर्ने जमीन ओगटेको छ।

कृषि विकास मन्त्रालयका सचिव सवनम सिवाकोटीले कृषि नीति राम्रो छ तर उत्पादन बढाउन चुनौती छ। विभिन्न किसिमको रसायन, रासायनिक मल, विषादी प्रयोग गरिएको छ। तर अरु देशले भन्दा अत्यन्तै कम प्रयोग गरिएको छ। विगतको आयत र हालको आयतमा विषादीको स्तर हेरिएकोछ। किसानले चोहेको जस्तो मल, बिउ, विजन दिन सकेको छैन। प्रविधिको प्रयोग दिगो

*इच्छामनकामना गाउँपालिकामा जैविक विविधतामा आधारित कृषि गर्नु हुन्छ। त्यहाँको पञ्च प्रजाले गर्नु भएको थियो, गर्नुहुन्छ। अहिले टनेल भित्र गोलभेडा खेती गरिरहनु भएको छ। आफ्नै आदर्शको विरुद्ध आफै उभिनु भएको छ। बुद्धिजीविहरु लालच र आदर्शले हामी बापपुड्के भयौं। हामी निरन्तर वर्वादीको बाटोमा लागि रेहेका छौं।*

चुनौतीको रुपमा छ। जलवायू अनुकुलनसँग सामना गर्न प्राविधिकहरु बढाउँदै लानु पर्छ। कृषि सामाग्रीहरु प्रयोग उचित ढंगले गर्नु पर्छ। वेटर फुड प्रोडक्ट बनाउने, जिरो हङ्गर बनाउने, फुड वेष्ट कम गर्ने, गरिनु पर्छ। खाने कुराको कारण रोगहरु नलागोस्, मुटु क्यान्सर, रेज्यूड्यू खाना खाने वेटर न्यूट्रिसनमा जानु सकिएको छैन। युवापुस्तालाई हेर्दा १०/१५ वर्षपछि अझ चुनौती बढ्न सक्छ। बच्चाहरुमा खानाको प्रणालीमा सुधार गर्नुपर्छ र विद्यालय तहमा सुधार गर्ने शिक्षा स्कुलबाट शिक्षा दिनुपर्छ। वेटर न्यूट्रिसनको लागि (आइपीएम)मा आधारित असल कृषि अभ्यास, स्वच्छ, स्वास्थ खाद्यान्नको निर्माण रणनीति सरकारले ल्याएको छ। एण्टिवायोटिक बढी खाने गरिएको छ। विगतलाई हेर्दा परिवर्तन हुन सकेन, कृषि पर्यावरणमा क्षेति हुँदै गएको छ। रासायनिक औषधीको प्रयोग गर्दा कृषि मैत्री जीवहरु मौरी लगायत जीवहरु हराउँदै गएको छ। जैविक कृषिका लागि अभ्यासहरु कम प्रयोग गरिरहेका छन्।

कृषि विज्ञ तथा वरिष्ठ कवि माधव ढुंगेलले सबै कुरा थाहा भएर पनि कृषिमा पछि पर्नु कृषकहरुको भन्दा नीति निर्माण गर्ने तहको कारण नेपालको कृषि खस्केको बताउँदै। कृषिको तथ्याङ्कहरु वर्वाद भएको छ। "आएर, बोलेर हुन्छ के ?" बसेको भए धान काट्न पाउँथ्यो। हामी खेती किसानी गर्ने मान्छे, अफिसको कार्यक्रममा आउन परेपछि। रसायन मुक्त खेती साराले गर्न खोजी रहेको छ। विष पनि बाँड्ने, जैविक खेती गर्नेहरु माथि सिण्डिकेट छ। तपाई हामी किसान हौं। तपाईहरुलाई हामीले फलाएर किन दिने ? तपाईहरुको जीवन, पेन्सनले चलेको छ। तपाईको छोराछेरीलाई कृषि गर्नु पर्छ भन्नु भयो भने फ्रष्टेशनमा जान्छ। पैसा कमाउन छोराछोरीलाई कृषि गऱ्यो भने चिन्ता हुन्छ। मैले पढाएको कुरा केही काम लाग्दैन भन्ने सोच्नु हुन्छ। किसानका नाममा ठूलो उद्योग बनाउन सहयोग गरिदिनु पर्छ। लालच र लोभ देखाईदिने ज्ञान पाएपछि खेतीनै नहुने त्यसतर्फ किन पुऱ्याउनु हुन्छ ? आफ्नै सन्तान प्रति यतिका बौद्धिक मान्छे युवाहरु खेतीमा लाग्नु हुन्न। जुन दिनदेखि कृषि गर्न लागेपछि युवा विदेशियो। आफै सोच्नु कहिलेसम्म नक्कल गर्दै बोल्नु पर्दैन। इच्छामनकामना गाउँपालिकामा जैविक विविधतामा आधारित कृषि गर्नु हुन्छ। त्यहाँको पञ्च प्रजाले गर्नु भएको थियो, गर्नुहुन्छ। अहिले टनेल भित्र गोलभेडा खेती गरिरहनु भएको छ। आफ्नै आदर्शको विरुद्ध आफै उभिनु भएको छ। बुद्धिजीविहरु लालच र आदर्शले हामी बापपुड्के भयौं। हामी निरन्तर वर्वादीको बाटोमा लागि रेहेका छौं। मानसिक अस्पताल, नसर्ने रोग, नपढेका मान्छेले बनाएको होइन। अहिलेको शिक्षा ठगीको धन्दामा परिणत भएको छ। माटो किन बिग्रीयो। दाताहरुलाई खुशी पार्न सबै अंग्रेजीमा लेखेको छ। वन ऐन बनाउन लागि परेको छ। पैसा दिन्छु यस्तो गर्नुस् भने पछि कसरी हल गर्ने तपाईहरुलाई थाहा छ ? देश स्वतन्त्र छ ? अनुवन्धित छ। किसान घटाउने नीति छ। किसानलाई टिकाउने, देशभित्र पैसा कमाउन सकेन भने बाहिर पठाउने। साना किसानले ठूला-ठूला हेकिप्टर ल्याएर विषादी छर्ने प्रक्रियामा छ। तपाईहरुले कृषिमा काम गरेन भन्ने तयार छैन। जमीन बाँझो हुने, वेरोजगारी हुने, जमीन बाँझो छन् भने यही बुद्धिविवेक त्यही लगाउने हो। अब त बुद्धि पनि बुढो भईसकेको छ। खाने जनसंख्या बढेको छ। तपाईहरुले खानाले धानेको छ भनेर सिक्नु पर्छ। तिन वर्ष भित्र यसो गर्नु पर्छ। विषादीको माग बढ्दो छ भनेर किसान आफैले जानेको हो ! समस्या जसले झेलेर गरिएको छ उसलाई बढी थाहा हुन्छ। मेरो विन्ति आफ्नो कडलाई वामपुड्के नबनाउनु होस्।

दीपा गुरुङ महिला किसान, मैले आमा-बुबा परिवार सहित जमीन भाडामा लिएर कृषि

गरिरहेको छु । ५ किलो मिटर दूरीमा मात्र मुख्य सडकमा पुग्न सकिन्छ । आफै किसान म आफू बाँच्नु र अरुलाई मार्न मलाई त्यस्तो छैन । यहाँ आएर फाइदा केही पनि छैन । किसानी गर्न सरकारी जमीन उपलब्ध गराउन सक्नुपर्‍यो । हामीले लगानी गर्दा ५/६ लाख लगाउनु पर्छ । बेच्दा प्रति के.जी. १०/१२ रुपैयाँमा बेच्नु पर्छ कसरी लगानी उठाउने ? अनुदान स्थानीयले पाउने बाहिरकाले नपाउने ? ५० हजार अनुदान पाउँछ भने २५ हजार त त्यही सकिन्छ । किसान नै नगरेको, सोर्स फोर्सको भरमा कागज बनाएर अनुदान पाउँछ । जग्गा धनीको जग्गाकर हामी तिर्छौं । विना धितो, सहुलियत ऋणको व्यवस्था गर्नुपर्छ । किसान हो कि होइन भनेर खुलाउन परिचय पत्र चाँहिन्छ ।

अनुवांशिक स्रोत केन्द्रका प्रमुख बालकृष्ण जोशीले कृषि अनुसन्धान परिषद (नार्क)मा ९५ प्रतिशत रिसोर्सहरु बाहिरबाट आएको बताउँदै स्थानीय, परम्परगत कृषिलाई प्राथमिकतामा पार्नु पर्ने बताउनु भयो ।

जोशीले स्वास्थ रहन स्थानीय बालीहरु सिफारिस गरिएको हुन्छ । कोदो हाई कार्वोहाइड्रेड, एन्टी अक्सिडेन्ट पोषक तत्वहरु पाइन्छ । अनुसन्धान गर्दा जैविक पोषकतत्व राम्रो हुन परम्परागत बालीहरुमा बढी पाइन्छ । अनुसन्धान गरिएको छ । रैथानी चिजहरु जुन चिजहरु पनि हाईभ्यालु हुन्छ । पञ्च गाम्यको रुपमा विकास गर्नुपर्छ भनेर गरियो । किनुवा, काउनी, कोदो जस्ता खाद्यवस्तुहरु ग्लोवल मार्केट इभोलुसुन सिस्टम प्रिन्सिपल हामीले अनुसन्धान गरिएका बालीहरु राम्रो हुन्छ । आफ्नै सहभागीतामा हुम्लामा जिल्लामा अनुसन्धान गरेका थियौं । विशेष विशेष ठाउँहरुमा ठाउँ विशेष मुख्य बाली बनाउनु पर्छ । तराई देखि हिमालयसम्म राम्रो मानियो । चिनो राम्रो बाली हो भनेर लिन सकिन्छ । प्राकृतिमा आधारित उत्पादन गर्नु पर्छ । रसायनिक मल र विषादीको कारण कुनै पनि सुक्ष्म जिवाणु बाँकी छ, नत, अनुसन्धान गरिएका छन् । जति पनि अनुसन्धान गरिएको छ जिनबैंकमा अनुसन्धान गरिएको छ । जसमा २५ प्रतिशत कृषिसँग सम्बन्धित छ । २ प्रतिशत मात्र अनुसन्धानमा गएको देखिन्छ । कृषिमा जैविक विविधतामा आधारित ६ वटा बालीमा असल अभ्यास गरेका छौं । अर्गानिक बजार छ । केही महँगो भएको छ । रासायनिक र प्राङ्गारिक प्रणालीमा फरक छ । अर्गानिकमा जाउँ भनिएका छ । काठमाडौंमा मात्रै होइन र परम्परागत बाली खाने बानी छैन ।

विज्ञानले तपाई वरिपरि भएको कुराहरु खाँदा राम्रो हुन्छ भनिएको हुन्छ । प्राय : रासायनिक प्रणालीका छन् । प्राङ्गारिक छैन । सुक्ष्म जीवाणु गड्यौल, चराचरुङ्गीको विष्टाहरुबाट र वायोमासबाट बनाउन जेनेटिक मोडिफाई गर्न सकिन्छ । मानव स्वास्थ्यलाई काम लाग्ने वस्तुहरु वायोमासको बढी प्रयोग गरौं । ति प्रविधिको प्रयोग गरि बिउविजन उत्पादन गर्दा राम्रो हुन्छ । हाम्रो उत्पादन खाना लायक छैनन् । कृषि मेडिकल कलेज, सबैले भनिन्छ रासायनिक नै चाहिदैन । कैयौं कृषि वैद्यले भन्छ कृषि अस्पताल नखोल्ने ? विश्वव्यापी बजार पाओस भनेर चाहीं होइन । किसानको घर-घरमा प्राङ्गारिक वस्तु खेर गईरहेको छ । प्राङ्गारिक तरिकाले उत्पादन भइरहेको कृषिजन्य वस्तुहरु पालिकाले कलेक्सन सेन्टर बनाएर किसानलाई लाभाविन्त बनाउनु पर्छ । कार्वन हेल्थी हुन्छ कृषि र कृषक पेशा सबभन्दा प्राथमिकतामा राखिएको छ । कसरी सम्मान गर्न सकिन्छ भन्ने कुरा मनन गरौं ।

कृषि विकास विभागका कार्यकारी निर्देशक डा.हरिबहादुर केसीले खाद्य सुरक्षाको वहस अगाडि बढेको छ । खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षा सँग सम्बन्धित विषयवस्तु बनेर छलफलको रुपमा आएको छ । कृषि क्षेत्रमा यसरी चाँसो बढेको धेरै भएको छैन । राज्य पनि सँगै छौं । कृषि विभाग कहि न कही भाग लिएका छौं । वहसहरु पालिका स्तरमा भएको छ कि छैन । यो वहस कृषि विभाग र मन्त्रालयले मात्र यसलाई निष्कर्षमा पुर्‍याउन सकिदैन । शिक्षामा, विद्यालयमा पुर्‍याउन स्वास्थ्यसँग निकै जोड दिएको छ । हामीले कृषि भन्यौं स्वास्थ्यसँग जोडिएकै छैन । कृषिसँग लिंक छैन । कृषि बिग्रीयो भने स्वास्थ्य बिग्रन्छ । राष्ट्रिय रुपमा वहस अगाडि बढाउन नसके, कृषि अगाडि बढ्न सक्दैन । कृषि प्रविधि भन्दा वाहेकका कुराले पनि फरक पार्दो रहेछ । हामी फराकिलो ढंगले जान्छौं । समग्र राज्य बलियो हुन्छ । राजनीतिले खाद्यान्नको अपनत्वलाई अभिमूखिकरण गरिनु पर्छ । कृषि पालिका स्तरबाटै गर्नुछ । नागरिक समाजहरुले किसानहरुलाई राज्यसँग जोड्ने काम गर्नुपर्छ । सामाजिक परिचालनमा कमजोरी देखिन्छ । किसानलाई राज्यसँग जोड्ने र राज्यलाई किसानसम्म जोड्नु पर्छ । नीति निर्माण तहसम्म जोडिनु पर्छ । कृषि विभागको प्राङ्गारिक मिशन कार्यक्रम सञ्चालन भईरहेको छ । प्रदेश मार्फत कृषि ज्ञान केन्द्र तहसम्म लागु गरेको छ । देशव्यापी रुपमा प्राङ्गारिक बढाउन लागेका छौं भनेर सन्देश दिएको छ । कार्यन्वयन ढिलो जति हुनुपर्ने हुन सकेको छैन । अनुसन्धान, प्रमाणीकरण, भएको छ । पूरै सकियौं भन्ने मलाई लाग्दैन । वर्षौंदेखि गरिएको अनुसन्धान प्रक्रिया छिट्टै नआउन सक्छ । अबको कृषि ज्ञान प्रविधिमैत्री हुनुपर्छ । स्थानीय तहले २५ प्रतिशत कृषिमा जोडदिनु पर्छ भनेको छ । परिवर्तन आएको छ । आयत बढेको भएपनि पोषणमा बढेको छ । उपभोग बढेको छ । सकारात्मक परिवर्तन भएको छ सुधार गर्दै जाउँ ।

राज्यको भूमिका बढाउनु पर्छ । राज्य कमजोर भयो भने हामी पनि कमजोर हुन्छौं ।

प्राङगारिक र पर्यावरणीय कृषि हाम्रो भविष्य हो । फेरि पनि जानु पर्ने त्यही हो । विषादीको विकल्प पनि छन् । जैविक कृषिलाई व्यवसायिक बनाउँदै लान सकिन्छ । रासायनिक मल घटाउने उपायहरु छन् । सबै निकायको नियत सफा भयौं भने अगाडि बढ्छ । रासायनिक मल कारखाना हामी बनाउँदैनौं, लोभ गर्ने पक्षमा हामी छैनौं । सही कुरो हो र समुचित प्रयोग भएन भने स्वास्थ्यमा असर गर्ने छ । प्रयास प्राङ्गारिक र पर्यावणीय कृषि नै हो । कृषि अभियन्ता भेषराज अधिकारीले खाद्य अधिकार हनन् भइरहेको कुरामा गम्भीर हुन नसके खानपान र कृषिमा सुधार ल्याउन नसकिने बताउनु भयो ।

अधिकारीले घरमा चिउरा भइरहँदा पनि चाउ-चाउ किन्न गईहाल्ने बानी परिसकेको नेपाली समाजले आफ्नो देशको कृषि व्यवसायमा सुधार ल्याउन आफूलाई बदल्नु पर्ने बताउनु भयो । मन कन्ट्रोल गर्न धेरै गाह्रो हुँदो रहेछ । मान्छेले आफैलाई कन्ट्रोल गर्नसक्यौं भने तब मात्र सही ढंगले अगाडि बढ्छ । अहिलेको खेती प्रणालीलाई परम्परागत खेती प्रणालीसँग जोड्न सक्ने विश्वास छ ।

भुउपयोग नीतिमा आएको ११ वटा कार्य क्षेत्रलाई तदारुकताका साथ अगाडि बढाउनु पर्ने कुरा मा जोडदिदै पुनः मूल्याङ्कन गर्नु पर्ने कुराहरु संसारका कुनै पनि संविधानमा खाद्य अधिकारको कुरा छैन । खाद्यवस्तु अभावबाट जोगिन खाद्य सम्प्रभुत्ता, भनेको केहो ? भनेर सोधे चित बुझ्दो जवाफ आउँदैन । जनता भन्दा माथि कोही छैन । हाम्रो शरीरलाई चाहिने कुरा खाद्य अधिकार वैद्धिक दर्शनसँग सम्बन्धित छ । भागवत गीतामा प्राणी हुन्छ

अन्नबाट, अन्नबाट प्राणीको प्रजनन् हुन्छ। वर्षाले हिमाल पग्लन्छ कि भनेर डर छ। मेरो करिकोलममा खाने र नखाने, बाल अधिकार युवालाई २२०० क्यालोरी सम्म बच्चा वृद्धको लागि १५०० क्लालोरी उपभोगको आवश्यक छ। त्यसमा कति अस्वस्थकर खाद्य र स्वस्थ्यकर हुन आउँछ। उपनिषद्को चर्चा गर्नु पर्ने बेला भएको छ। यति वजेट छुट्याएको छैन भनिरहेको अवस्थमा वजेट छुट्याउन जरुरी छ। हामी ज्ञानमा आधारित भयौं। काम नगर्ने मान्छे, शिक्षित रहेसम्म नोकरहरुको जन्म हुन्छ।

किसानहरुको अधिकार दिन कृषि ज्ञान केन्द्र असफल भएको छ। कृषि प्राविधिक छैन। ७ वटै जिल्लाको ज्ञान केन्द्रमा कृषि प्राविधिक छैन। वास्तविक किसान कति छ ? प्याज र उखुको बीउ नदिनाले हाम्रो उत्पादन हुन सकेन। हाम्रो पद्धतिमा आधारित अनुसन्धान किन गर्न सकेन ? शालिग्राम नीति बनाउनु होस, हिराको मूल्य हुने, नौमुली, पाँचमुली, यार्सागुम्वाको नहुने, शालिग्रामको मूल्य नहुने, यस्तो कसरी हुन्छ ? ठूलो किसानलाई सहुलियत ऋण दिऔं। कृषिलाई वेइमानीबाट बचाऔं। अनुदान हुने, खाने र सक्ने, हुँदा खादालाई नदिऔं, कृषक बनाउने हिसाबले नेपालको माटोलाई बचाउन श्रमजीवि किसानलाई प्राथमिकता दिऔं। कसैले घाटामा गएर बेच्न चाहिएको छैन। कृषि पोषण, मलबाट बनाउनु पर्छ। ठूला कृषक भइस् भन्ने कुराले मात्र हाम्रो मुलुकलाई सही दिशामा पुऱ्याउँन सक्छ। सहुलियत ऋण र अनुदानमा धेरै विश्वास नगरौं। खाद्यको लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले हाम्रो अभियान कृषिमा सुधार गर्ने मोर्चावन्दी अभियान हो। अभियानलाई पालिका तहसम्म छलफल र सहकार्य गरेका छौं। उत्पादन र उत्पादक शक्तिहरु बिचको कार्यक्रम गरेका छौं। परिणमा नदिँदा अक्रोश पोख्ने गरिन्छ। मैले चित्त बुझ्दो जवाफ पाइदैन। कृषि मोडल गलत छ। सानो सानो गल्तीले सदियौंदेखिको वैद्धिक खेती प्रणालीलाई निर्मम तरिकाले रोक्नु पऱ्यो। यसले माटोलाई बिगाऱ्यो, उत्पादन बढाउने र रासायनको प्रयोग गर्नुपर्छ भन्ने चेतना घुसाईदियो। किसानले कृषि क्षेत्रको विकास भनिरहँदा प्रकृतिमाथि कति निर्मम प्रहार गरिह्यो। जलवायू परिवर्तनका कारण हिमालमा हिउँ पर्न छोडिसेकको छ। ९५ प्रतिशत हाम्रो विउविजन गईसेको लोप भइसकेको छ। यसलाई गहिरिएर सोच्नु पर्छ।

# कृषि बजेटको खर्च समीक्षा

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको त्रैमासिक समीक्षा- बजेट खर्च साँढे २३ प्रतिशत
काठमाडौं-कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/८० को पहिलो तीन महिना अवधिमा गरेका कामको समीक्षा गरेको छ। कृषि मन्त्रालयले यही बुधबार मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (एमडेक) बैठकमा प्रथम त्रैमासिक समीक्षा प्रतिवेदन प्रस्तुत गरेका थिए।




चालु आवका लागि कृषि तथा पशुपन्छी मन्त्रालयले रु ५५ अर्ब ८९ करोड बजेट छुट्याएको थिए। पहिलो त्रैमासिक अवधिमा रु १३ अर्ब २० करोड बराबर बजेट खर्च भएको मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिए। यो अवधिमा मन्त्रालयले चालुतर्फ रु १३ अर्ब आठ करोड दुई लाख ३८ हजार र पूँजीगत तर्फ रु १२ करोड ४९ लाख ८९ हजार बराबर मात्रै खर्च गरेको प्रथम त्रैमासिक समीक्षा प्रतिवेदनमा देखिन्छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा कृषि उपजको आयात ३२ प्रतिशतले घटेको छ। "चालु आर्थिक वर्षको असोज मसान्तसम्ममा रु ६९ अर्ब १६ करोड बराबरको कृषि उपज आयात भएको छ। जबकि गत आवको पहिलो त्रैमासिक अवधिमा रु एक खर्ब १६ करोड बराबरको कृषि उपज आयात भएको थियो।" मन्त्रालयको गत आर्थिक वर्षसम्ममा फछ्र्योट हुन बाँकी रहेको बेरुजु रु आठ अर्ब २० करोड ४७ लाख ७७ हजार रहेको थियो। पछिल्लो तीन महिनामा रु ९२ करोड ७३ लाख ४६ हजार फछ्र्योट भएर अहिले रु सात अर्ब २७ करोड ७४ लाख ३१ हजार बेरुजु कायम रहेको पनि मन्त्रालयले जनाएको छ। कृषि तथा पशुपन्छी मन्त्रालयमा आएका ४६ दशमलव ७३ प्रतिशत गुनासो फछ्र्योट भएको छ।

स्वीकृत वार्षिक कार्यक्रम र वजेटको त्रैमासिक विभाजनमा फरक पर्दा निकासामा समस्या भएकाले वजेट खर्च कम देखिएको पनि मन्त्रालयले जनाएको छ। "पूरक अनुदान कार्यक्रम अन्तर्गत विभिन्न समूह र सहकारीबाट भुक्तानीका लागि कागजात पेश हुन नसक्नु, कर्मचारी अभाव हुनु, निर्वाचन आचारसंहिता लगायत कारणले वजेट खर्च लक्ष्य अनुरुप हुन नसक्नु", प्रतिवेदनमा उल्लेख गरिएको छ।

चालु आर्थिक वर्षका लागि रासायनिक मल खरिद गर्न रु १५ अर्ब निकासा भएकोमा असोज मसान्तसम्ममा रु १० अर्ब ७७ करोड बराबरको मल आयातका लागि रकम निकासा भइसकेको मन्त्रालयले जनाएको छ। पहिलो त्रैमासिक अवधिमा कूल दुई लाख ५७ हजार मेट्रिक टन रासायनिक मल खरिद गर्नका लागि ठेक्का लगाइएकोमा ९७ हजार मेट्रिक टन रासायनिक मल आयात भईसकेको र ५४ हजार सात सय ६६ मेट्रिक टन बिक्रीसमेत भईसकेको छ।

हाल कृषि सामाग्री कम्पनी लिमिटेडसँग ४६ हजार सात सय ७१ मेट्रिक टन र साल्ट ट्रेडिङ कर्पोरेशनसँग १९ हजार सातसय १५ मेट्रिक टन गरी कूल ६६ हजार चारसय ८७ मेट्रिक टन रासायनिक मल मौज्दात रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी, उखु किसानलाई उखु उत्पादन अनुदान वितरण गर्न विभिन्न आठ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयमा रु ७३ करोड ८७ लाख ४७ हजार वजेट हस्तान्तरण भईसकेको पनि मन्त्रालयले जनाएको छ। उखुका लागि प्रतिक्विन्टल रु पाँच सय २० न्यूनतम् समर्थन मूल्य तोकिएको छ भने सरकारले प्रतिक्विन्टल रु ७० अनुदान उपलब्ध गराउने गरेको छ। कृषि बीमा प्रिमियम शूल्क अनुदान वापत चालु आर्थिक वर्षका लागि रु १६ करोड विनियोजन भएकोमा असोज मसान्तसम्ममा रु ७८ लाख १४ हजार बराबर भुक्तानी भएको छ।

# खाद्य प्रणालीको पुनर्जीवन जैविक विविधता

कृषि विकास मन्त्रालयका उपसचिव डा. रामकृष्ण श्रेष्ठले नेपाल जैविक विविधताले धनी छ। विकासको नाममा हुँदै आएको संरचनागत निर्माणले दुबैको ल्याण्ड स्केल लेभलमा असर पारेको छ। आधारभूत रुपमा फाउण्डेशन माटो, पर्यावरण, दशजात कम्पोनेन्ट छन्। रसायनिक वस्तु क्रमश घटाउदै जानु पर्छ सिप हस्तान्तरण गर्न कार्यान्वयन आवश्यक छ।

जीवन्ती पौडेल सदस्य राष्ट्रिय किसान आयोग भूमिहिन एवं किसानको भूमि र खाद्य अधिकार विषय सम्वाद राष्ट्रिय किसान आयोगले विगत देखिनै जोडदिँदै आएको छ। खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ताको मामला सबै कुरा समेतिएको छ।

किसानहरुको कुरा गर्ने सन्दर्भमा आयोगको तर्फबाट समन्वय बलियो ढंगले गर्दै आएको छ।

कृषि नीति, साना किसान र खाद्य प्रणाली विषय सम्वाद कार्यक्रम अगाडि बढाईको छ। राष्ट्रिय कृषक समूह महासंघका सदस्य मिरा शाहले किसानहरुको विमामा पहुँच छैन। उत्पादन गऱ्यो बजार छैन। बजार व्यवस्थापन गर्न एकदम गाऱ्हो छ। कृषिमा ऋण छ भनिन्छ। तर, महिला किसानहरुलाई ऋण छैन। मैले त पाउन सकेको छैन। म मन्दा अरु सेवा केन्द्रमा छलफल हुन्थ्यो। आवश्यकता अनुसार पहिचान हुन्थ्यो। कृषि ज्ञान केन्द्रसम्म पुग्ने कोही छैन। पितृसतात्मक समाजमा पुगेर खानु हुन्छ। कुपोषणको शिकारले ५ वर्ष भित्र बच्चाको डिमाग पनि कुपोषित हुन्छ। राम्रो बनाउन महिलाको पोषणको सम्वोधन गर्नुपर्छ। यो भएन, उ भएन भन्नु हुँदैन।

लक्ष्मी भण्डारी सदस्य राष्ट्रिय कृषक समूह महासंघ भक्तपुर, जिल्लामा रहेको किसानहरुको समस्या छ। नेपाल सरकारले दिएको अनुदान समेत दिएको छैन। ५ रोपनी जमीनमा परम्परागत रुपमा खेती गरिरहेको छु। नेपाल सरकारले कुन किसानलाई कसरी दिने भन्ने विषय छुट्याउनु पर्छ र कुनै किसानले दर्ता गरिएको हुँदैन। साना किसान जुन परिवारमा थियो त्यहि परिवारमा आश्रित छ। नगरपालिकाले अनुदान दिदैन। साना किसान त मर्नु नै भयो होइन र? आफ्नो व्यवसाय नै छोडेर भाग्नु परेको देखिन्छ। त्यो भन्दा बाहेक ठिमीको हकका १ रोपनी जग्गामा खेती गरेर परिवार पालिरहनु भएको छ। आठ आना जमीनमा समेत तरकारी उत्पादन गरेर जीविकोपार्जन गरिरहेका छन्। नेपाल सरकारले दिने सहयोग पाइरहेको छैन। पेशाबाट विमुख नहुनका लागि सम्बन्धित निकायले हेर्नु पर्छ। जमीनको आधारमा पाउने अनुदान झन् खस्कदो अवस्थामा छ।



राष्ट्रिय कृषक समूह महासंघका परियोजना निर्देशक केदार कोइराला ७० प्रतिश भन्दा बढी व्यवसायिक ढंगले गरिएको कृषि टिकेको छ। र बजारीकरण र निर्यात कति अध्ययन गरिएको कृषि हो। जीविकोपार्जनको लागि अत्यावश्यक भूमी ७० प्रतिशत भूमिमा जोडिएको छैन। साना किसानमैत्री नीतिगत व्यवस्था नीतिहरुले अंगीकार गऱ्यो तर व्यवहारिक रुपमा कार्यन्वयन हुन सकेन। सम्हाल्ने नसक्ने गरि अगाडि बढेको छ।

कृषि क्षेत्रको रुपान्तरण हो। प्रतिस्पर्धी कृषिको कुरा गर्छ। साना किसानलाई समेत प्रयास गरि प्रशोधन केन्द्रको स्थापना गर्ने भनिन्छ। सामुदायिक किसानहरुलाई प्रशिक्षित गरौं। साना कृषि उद्यमलाई हामीले परिभाषा नै गरिएको छैन। किसान केहो भनेर नचिनीकन र कस्तो सहभागीता हो भन्ने सोचहरु लिएर कहिलेसम्म कृषि अर्थतन्त्रमा अगाडि बढ्ने होलान। कतिपय स्थानीय तहमा राम्रा कामहरु भएका छन्। राष्ट्र बैंकको निर्देशन, कृषि मन्त्रालयको समन्वय आयत बित्तिय संस्थाहरुले आयातित कृषिलाई प्रतिस्थापन गर्नुपर्छ भने पनि कृषिलाई ऋण दिनै मान्दैन।

राष्ट्रिय बैंकको नीतिमा कमशिर्यल बैंकहरुको नीतिले मान्दैन। किसान भन्दा पनि सिप नभएकाको हातमा अनुदान गएको छ।

कतिपयले तेस्रो पटकसम्म पनि ऋण लिनु भएको छ। विमा कम्पनी भएपनि विमा भित्र्याएर ओखलढुंगा जा भने जस्तै हो। साना किसान गाउँमा कृषि गर्छ। विमा र कृषि भेटरीनरी त्यहाँ पुगेको हुँदैन। काठमाडौंबाट पठाएको विमा कम्पनीको विमाले हुँदैन। स्थानीय सरकारले समेत विमा गरिनु पर्छ। पैसाको समस्या होइन। प्रक्रिया हो। खाद्य प्रणालीमा साना किसानको योगदान छ।


**हार्दिक अनुरोध।**

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, (H1N1) स्वाइनफ्लु पनि हुनसक्छ। तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा
सरुवा रोग अस्पताल

# मौरी पालन व्यवसाय उत्पान तथा व्यवस्थापन

**परिचय र महत्व :**
मौरी पालन व्यवसायलाई आयमूलक बनाउनको लागि गुणस्तरीय रानुको महत्वपूर्ण भूमिका हुन्छ । मौरीपालकले आफूसँग भएका गोलाहरुको पहिचान र छनौट र कार्यबाट जातीय सुधार गर्दै लानु अति आवश्यक हुन्छ । मौरी गोलाको सम्पूर्ण क्रियाकलापहरु जस्तो मौरी गोलाको सङ्ख्यात्मक क्षमता, बढी संकलन गर्ने र क्षमता, रोग प्रतिरोधात्मक क्षमता, शान्त स्वभाव आदि रानुको बानी बेहोरा हुनुमा वंशानुगत गुणहरुमा निर्भर हुन्छ । गोलामा रानुले मात्र फुल पार्ने भएकाले आफ्नो वंशानुगत गुणहरु फुलहरूमा सार्ने काम गर्छन । जसबाट कर्मी मौरी। रानु मौरी र भाले मौरीहरु जन्मन्छन् । अतः राम्रो र स्तरीय गोलाहरु छनौंट गरि सो गोलाहरुबाट मात्र रानु र भाले मौरीहरुको उत्पादन गरे गोला बढाउन सकेमा आफूसँग भएको गोलाहरुमा जातिय सुधारलाई निम्न उद्देश्यहरु पूरा गर्न सकिन्छ ।

-रानु विहिन गोलामा या पूरानो रानु फेर्न ।
-नराम्रो र कम उत्पादन दिने गोलाको रानु फेर्न ।
-चाहिएको समयमा धेरै रानु उत्पादन गरी रानु बिक्री गर्न ।
-माग अनुसार गोलाहरुको सङ्ख्या बढाई बिक्री वितरण गर्न ।

**रानु उत्पादन दुई तरिकाबाट गर्न सकिन्छ :**
१) प्राकृतिक तरिका
२) कृत्रिम तरिका

**१) प्राकृतिक तरिकाबाट रानु उत्पादन :**
मौरीहरुले आफ्नो आवश्यकता अनुसार तीन अवस्थामा रानुहरु उत्पादन गर्ने गर्दछन् । जसलाई प्राकृतिक तरिका भन्न सकिन्छ ।
अ) हुल निर्यास
आ) वद्धोद्धार
इ) आपतकालीन संकटकालीन अवस्थामा :
मौरीपालकलाई उपयुक्त समयमा रानुको आवश्यकता भएमा मौरीलाई रानु बनाउने वातावरण सिर्जना गरेर पनि प्राकृतिक रानु उत्पादन गराउन सकिन्छ ।

**२) कृतिम तरिकाबाट रानु उत्पादन :**
मौरीपालकले उपयुक्त समयको गोलाबाट रानु उत्पादन गर्ने विधिलाई कृत्रिम तरिकाबाट रानु उत्पादन गर्ने भनिन्छ । यस तरिकामा मौरीपालकले आफैले कृतिम रानुकोषहरु बनाई आफूले छानेको गोलाबाट १-२ दिने कर्मी



मौरीका लार्भाहरु रानुकोषहरुमा प्रतिस्थापन गरेर रानु विहिन बनाएर नर्सरी गोलाहरुमा राखिन्छ । उक्त नर्सरी गोलाहरुका कर्मी मौरीहरुले ती गोलाहरुलाई शाही खुराक खुवाई, हेरविचार गरी रानु बनाउने कार्य गर्दछन् ।

**रानु कोषको पहिचान :**
मौरीगोलामा मौरीले नयाँ रानुको आवश्यकता महशुस गरी रानुका लागि बनाइने कोषलाई रानुकोष भनिन्छ। रानुकोष, भाले कोष र कर्मीकोष भन्दा ठूलो र लाम्चो आकारको हुन्छ । चाकामा गाईको थुनजस्तै कोषहरु देखिएमा त्यो रानुकोष हो भनी चिन्न सकिन्छ

**हुलनिर्यास् रानुकोष :**
मौरीहरुले उपयुक्त मौसममा वंशवृद्धि गर्नुको लागि छुट्टै बस्ने तरखरमा लाग्दछन् । यसका लागि छाउरा चाकाको तल्लो भागमा कर्मी मौरी र रानुको समझदारीमा बनाइने कोषलाई हुल निर्यास् रानुकोष भनिन्छ । एक गोलामा प्रशस्त संख्यामा रानुकोषहरु बनाई हुल निर्यासको तयारी गर्न ।

**वृद्धोद्धार रानकोष :**
कर्मी मौरीले रानुको उपस्थिति हुँदा-हुँदै रानु बदल्ने उद्देश्यले बनाउने कोषलाई वृद्धिद्धर कोष भनिन्छ । कर्मी मौरीहरुले चाकाको विच भागमा थोरै संख्यामा रानुकोषहरु बनाई रानुलाई फुलपार्न लगाउँछन् । रानुकोषबाट रानु निस्केपछि पूरानो रानुलाई प्रतिस्थापन गर्दछन् । तर अपवादको रुपमा पूरानो रानुलाई यथावत राख्दै नयाँ रानुले काम गरेको देखिन्छ । यस्तो रानु कोषबाट हुल निर्यास् हुने सम्भवना न्यून् हुन्छ । यस्तो रानु कोषहरु पनि स्तरीय हुने हुँदा अन्य रानु विहिन गोलामा वा रानु फेर्न वा गोला विभाजन गरी प्रयोग गर्न सकिन्छ ।

**आपत्कालीन/संक्रमणकालीन रानु कोष :**
मौरीगोलमा अकस्मात रानुविहिन हुन गएमा कर्मी मौरीले २४ घण्टापछि निषेचित अण्डा वा लार्भा भएको कोषलाई रानु कोषमा विकास गरी बनाइने कोषलाई आपत्कालीन रानु कोष भनिन्छ । आपत्कालीन अवस्थामा रानुकोषहरु छाउरा चाकाको जुनसुकै भागमा पनि देखिन सक्छन् । र यिनीहरुको संख्या प्रशस्त मात्रामा देखिन्छ । आपतकालीन अवस्थामा बनाइएको रानु कोष हुनाले यसको आकार सानो हुनुका साथै सबै रानुकोषहरु गुणस्तरीय हुँदैनन् तर यस्तो कोषहरुबाट पनि हुल निर्यास हुने सम्भावना रहन्छ ।

**रानु उत्पादनको लागि वंश छनौट :**
आफुसँग भएको गालाहरुको वंशाणुगत गुण कस्तो खालको छ त्यो छान्नका लागि निरीक्षण कार्य गर्दा सबै गोलाहरुलाई नम्बर दिई अभिलेख राख्नु पर्दछ। यसका लागि तल उल्लिखित गुणयुक्त गोलाहरुलाई रानु र भाले उत्पादनका लागि प्राथमिकता दिनु पर्दछ ।
-बलियो र स्वास्थ गोला
-शान्त स्वभावको
-हुल निर्यास र गृहत्यागको प्रवृति कम भएको
-सुख्खा समयमा पनि संख्यात्मक क्षमता राम्रो भएको
-अनुपयुक्त समयमा पनि छाउरा चाकालाई राम्रोसँग छोपेर बस्ने क्षमता भएको
रोग र शत्रुसँग लड्न सक्ने क्षमता भएको
-मह र कुट भण्डार गर्ने क्षमता बढी भएको

**समय व्यवस्थापन :**
नेपालमा भौगोलिक स्थिति र जलवायूको विविधताका कारण विभिन्न स्थानमा अनुकुल मौसम, पुष्परस र कुटको प्रवाहका आधारमा छुट्टा-छुट्टै समयमा रानु उत्पादन गर्न सकिन्छ । विशेषगरी फाल्गुन चैत्र र असोज कार्तिकसम्म पहाडी, मध्य पहाडी र तराई क्षेत्रको लागि तथा उच्च पहाडी जिल्लाका लागि जेष्ठ-असारतिर रानु उत्पादन गर्दा बढी सफलता पाइन्छ ।

**रानु कोषको छनोट :**
मौरी गोलामा प्रशस्त रानु कोषहरु देखिए पनि सबै रानु कोषहरु गुणस्तरीय नहुन सक्छन् । तसर्थ मौरीपालकले रानुकोष छनोट गर्दा निम्न कुरालाइ ध्यान दिनु पर्दछ ।
धेरै मौरीले ढाकेको रानु कोष
-लामो सलक्क परेको रानु कोष
-छनोट गरिएको रानु कोषमध्ये फरक उमेरका दुईवटा रानुकोषहरु राख्न सकिन्छ ।

मौरीपालकहरुले प्रत्येक वर्ष रानु फेरेमा गोला एकैनासले बलियो र स्वास्थ हुने भएकाले मौरीगोलामा रानु प्रवेश/प्रतिस्थापन गर्ने तरिका जान्नु अति आवश्यक छ। गोलामा सोझै रानु प्रवेश गराउँदा कर्मी मौरीहरुले टोकेर पनि मार्न सक्दछन्। अत:

**निम्न तरिकाहरु अपनाउन सकिन्छ :**

रानु विहिन गोलामा रानु प्रवेश गराउनु अघि सबै चाकाहरु निरीक्षण गरी रानुकोषहरु देखिएमा हटाइदिने वितपाते भइसकेको अवस्थामा रानु प्रतिस्थापन गर्नु अगावै सबै वितपाते मौरीहरुलाई हटाउने।

-रानु भएका गोलालाई २४ घण्टा भित्रपछि। रानुविहिन गरेर मात्र नयाँ रानु प्रवेश गराउने। र रानु सहित पूरानो पिँजडाभित्र चिनी, क्याण्डी अथवा महमा चापेको कपडा वा कपास राखिदिनु पर्दछ।

-यदि दुबैतिर काठको बिर्को लगाएको रानु पिँजडा प्रयोग भएको भए २४ घण्टा पछि रानुलाई गोलाभित्र खुल्ला छोडेर हेर्नु पर्छ। यदि कर्मी मौरीहरु पोको परेर रानुलाई छोप्ने, रानु माथि चढ्ने, पखेता तान्ने आदि गर्न थालेमा रानुलाई फेरि पिँजडाभित्र राखी गोलामा राखिदिनु पर्दछ।

-रानु प्रतिस्थापन गर्दा धुवादानीको प्रयोग गर्नु उत्तम हुन्छ।

चित्र : रानु समात्ने तरिका र रानु पिँजडाभित्र भूरा राख्ने लागेको

चित्र : गोलाभित्र रानु बदल्ने तरिकाहरु

रानुकोष प्रवेश गराउने तरिका :

-राम्रो रानु कोषलाई छानेर सोको वरिपरिको चाका रानु कोषलाई वाधा नपुग्ने गरी चक्कुले काट्ने र प्रवेश गराउने गोलो विच भागको चौकोस निकाली चाकाको तल्लो भागमा चक्कुले रानुकोष सजिलै अट्ने गरी चाका काटी आवश्यकता अनुसार दरिलो छेस्का पसाई अड्काउने।

-हरेका २-३ दिनको फरकमा निरीक्षण गरी रानु निस्केको फुल पारेको/नपारेको हेर्ने र रानु निस्केको १५ दिन भित्र फुल नदेखिएमा सो रानु हटाई अर्को नयाँ रानु वा रानु कोष दिने र रानु वा रानु कोष छैन भने अन्य गोलासँग संयोजन गरिदिने।

-कहिलेकाँही प्रतिकूल वातावरण, भालेको अनुपस्थितिका कारण रानुले वैवाहिक उडानमा असफल भई अनिसेचित फुल पार्न सक्छे। यदि कमी कोषमा रहेको फुलबाट भाले छाउराको विकास भएमा उक्त रानुलाई हटाई नयाँ रानु दिनु पर्छ।

# प्रतिनिधि सभा तथा निर्वाचन २०७९ मतदातालाई अनुरोध

किसानी माटो मानव स्वास्थ्य, दुरदृष्टि भएका भएका पार्टी र उम्मेदवारहरुलाई मतदान गरौं। हामी यतिखेर नेपालको नयाँ संविधान बजेट पछिको दोस्रो प्रतिनिधी सभा प्रदेश सभा निर्वाचनको संघारमा छौं। यही निर्वाचन मार्फत चुनिएका सांसद तथा यिनै संसदको बहुमतले बनाएको सरकारहरुले आगामी ५ वर्ष हाम्रो नेतृत्व गर्ने छन्। यो निर्वाचनमा कस्तो पार्टी र उम्मेदवारलाई मत दिन्छौं भन्ने कुराले आगामी ५ वर्षमा हाम्रो खाना खेतीपाती

२. तपाईले मतदान गरेका पार्टी तथा संसदले किसानी र खेतीपाती सपार्न केके काम गरे ?

३. तपाईले मतदान गर्ने गरेको विचार पार्टी तथा उम्मेदवार किसानमैत्री र पर्यावरणमैत्री छन् कि छैनन् ?

यी प्रश्नहरु सोध्नुहोस, सोच्नुहोस् र कसलाई मतदान गर्ने निर्णय गर्नुहोस् यस्तो निर्णय गर्ने अरु मतदाताहरुलाई समेत सुझाउनुहोस्। अन्त्यमा, आफूले मतदन




लगायत समग्र समाजको उन्नतिको मार्ग चित्र तयार हुन्छ।

यसको विकास सुशासन तथा आम मानिसहरुको जनजीविकाको वहुसंख्याक मुख्यपेशाको रुपमा रहेको कृषिको दिगो विकासका लागि संविधान प्रदत खाद्य सुनिश्चित गर्ने दायित्व सरकारको हो। त्यस्तै यसको नीतिगत दिशानिर्देश गर्ने भुमिका सबै दल तथा निर्वाचित संसदहरुको हो। यस्तो अहंम भुमिका भएका दल तथा निर्वाचित संसदहरुको हो। यस्तो भूमिमा भएका दल र खेतीपातीलाई दिगो बनाई खानामा आत्मनिर्भर हुने के कस्ता नीति योजना र कार्यक्रम बनाउँछन् भन्ने कुरामा हामी सबैको चाँसो छ।

यसै सन्दर्भमा आगामी निर्वाचनमा सहभागी हुने दल तथा उम्मेदवारहरुलाई निर्धकसँग निम्न प्रश्नहरु गरौं।

१. गत निर्वाचनमा भागलिन सबै पार्टी र उम्मेदवारहरुले नेपालको खाना र खेतीपातीलाई उन्नत बनाउने गरेको वाचाहरु कति कार्यन्वयन गरे वा गरेनन् ?

गर्ने राजनीतिक दल र उम्मेदवार छनौंट गर्दा अन्य असल सोच तथा व्यवहारसँगै कम्तिमा निम्न सुझबुझ विचार भएको दल र उम्मेदवार छानौं।

-खाद्यमा आत्मनिर्भर तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धनबाट आम्दानी र रोजगारी बढाउने सोच,

-खानाको लागि खेतीपाती, जनजीविका र दिगो विकासको दुरदृष्टि,

-कृषि जमीन, किसान र खेतीपातीको नीतिगत, संस्थागत र अभ्यासको समस्या तथा सवालहरुको जानकारी, योग्य र दक्ष,

-खेतवारीदेखि भान्सासम्म, रातोदिन खट्ने किसान दिदी बहिनी र दाजुभाईको अधिकारको रक्षा, गर्न प्रतिवद्ध,

-रसायनिक मल तथा विषादी रहित खाना र माटो हाम्रो स्वास्थ्य प्रति सजग,

-पर्यावरण, जनस्वास्थ्य र शिक्षा जस्तो जनसरोकारका सवालाहरु, सचेत र दृढ दल तथा उम्मेदवारहरुलाई मतदान गरौं।

खानाका लागि खेतीपाती अभियान
२०१८/०७/१८

# प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९
# कृषि प्रधान देशको किसान मतदाता

कृषि प्रधान देशको कर्मलाई आत्मासाथ गरि किसानको अधिकार एवं सुनिश्चितता समानता सहित दिगो कृषि मार्फत खाद्य अधिकारको



सुनिश्चितताको निम्मि नीतिगत दिशानिर्देश गर्ने भूमिका तथा सबै राजनीतिक दल निर्वाचित संसदहरुको हो । आगामी मंसीर ४ मा हुने निर्वाचनमा हामीले चुन्ने उम्मेदवारले अबको ५ वर्ष यसको लागि भूमिका खेल्ने जिम्मेवारी प्राप्त गर्दैछन् ।

संविधानमा उल्लेखित समाजवादतिरको यात्राको मुख्य आधार कृषि नै हो । कृषिलाई सम्मानित पेशामा रुपान्तरित नगरिँदासम्म यो सम्भव छैन । कृषिका वहुआयामिक पक्षको सम्वोधन गरि बनाईने योजना नीति कार्यक्रमले यसको भविष्य निर्धारण गर्दछ । यसका लागि भूमिका खेल्ने पनि उनै निर्वाचित सांसदहरुले नै हो ।

चुनावमा सहभागी हुने दल नेता तथा उम्मेदवारले नेपालको कृषि र किसान अधिकार र यससँग गाँसिएको सवाल साथै स्वच्छ उत्पादन र माटोको जीवन बचाउन साना किसानले खेलेको भूमिकालाई कस्तो महत्व दिएका छन् ? दिइदै आएका छन् । कृषि पेशा, सुरक्षा र किसानको सम्मान कसरी ? दिगो एवं पर्यावरणीय कृषि प्रवर्द्धनमा उहाँहरुको धारणा र सोच के हो ? भन्ने कुरामा हामी मतदाता किसानको चाँसोको विषय बनेको छ ।

यसर्थ निर्वाचनमा भाग लिने पार्टी र उम्मेदवारलाई सोधौं ।

-किसानको पहिचान साथै सिमान्त भूमिहिन, महिला, साना किसानको स्वभिमान र अकिकारको रक्षाको लागि तपाईको सोच के हो ?

-रैथाने बाली र कृषिका परम्परागत ज्ञान सीमाहरुको उपयोग एवम् पर्यावरणीय कृषि मार्फत स्वास्थ्य माटो, स्वच्छ उत्पादन र स्वास्थ्य जीवनमा आधारित नेपाली मौलिक कृषि प्रवर्द्धनका लागि तपाईको सोच के हो ?

-नेपालको भूगोल खेतीको लागि उपलब्ध जमीन, कृषि सँस्कृतिलाई ख्याल गर्दै कृषिमा संलग्न वर्ग र तिनको दैनिककी रुपन्तरण गर्न कृषि शिक्षा र किसान मैत्री नीतिगत सुधारका लागि तपाईको योजना के छ ?

हाम्रो मत मार्फत हामीले छानेको मत उम्मेदवार यस्तो होस् ।

-खेतीपाती कृषि पद्धती र भूमिहिक एव साना किसान प्रति समर्पित भएको ।

-कृषि श्रमको सम्मान गर्ने, खेतीयोग्य जमीनको रक्षा एवं उपभोगको लागि प्रतिवद्ध रहेको ।

-सिमान्त भूमिहिन महिला र साना किसानको स्वाभिमानको साथै अधिकारको रक्षा साथै समस्या समाधानको स्पष्ट दृष्टिकोण भएको ।

-रैथाने बाली कृषिका परम्परागत ज्ञान, सीपहरुको उपयोग एवं पर्यावरणीय कृषि मार्फत स्वास्थ माटो स्वच्छ उत्पादन स्वास्थ जीवनमा आधारित नेपाली मौलिक कृषि पद्धति र पवर्द्धन स्पष्ट दृष्टिकोण भएको ।

-कृषिमा संलग्न सिमान्त एवम् साना किसानको वर्ग र तिनको दैनिक रुपान्तरण एवं किसानमैत्री नीतिगत सुधारको स्पष्ट योजना भएको ।

किसान अधिकार प्रति समर्पित

## कृषक वर्गमा पशु सेवा विभागको अनुरोध ।

-पशुपन्छीको अनिवार्य विमा गरौं । नेपाल सरकारको विमा विनयिनममा ८०५ अनुदान दिन व्यवस्था गरेकाले त्यसबाट बढिभन्दा बढी लाभ लिऔं ।

-नेपाल सरकारले पशुपालनसँग सम्बन्धित व्यवसाय सञ्चालनको लागि ५ प्रतिशत मात्र व्याजतिर्ने गरि कृषि ऋणको व्यवस्था गरेकाले यो अवसर नगुमाऔं ।

-गोठ सँधै सफा र सुग्घर राखौं ।

-पशुहरुमा हाडनाता प्रजनन् हुनबाट जोगाई छनौंट गरिएका उत्पादनशील पशुमात्र पालौं ।

-कृतिम गर्भाधान तथा उन्नत नश्लका रागो, साँढे, बोका लगाई वंश सुधार गरौं ।

- उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालन गरौं ।

- पशुपालनसँग सम्बन्धित कुनै पनि पशुपन्छी फार्म, उद्योग, मासु पसल सञ्चालन पूर्व अनिवार्य रुपमा सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट उपलब्ध हुने प्राविधिक परामर्श लिने गर्नु पर्दछ भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट कृषक एवम् व्यवसायिकरणका लागि निःशुल्क प्राविधिक परामर्शको व्यवस्था गरिदै आएको छ । साथै पशुपन्छी फार्म, व्यवसाय, मासु पसल लगायत व्यवसाय दर्ता पूर्व अनिवार्य रुपमा सम्बन्धित निकायको सिफारिस लिने गराऔं ।

-निजी सर्वजनिक जग्गा समुदायिक तथा कवुलियती वनमा घाँसको विकास गरौं ।

-आफूले पालेको पशुपन्छीहरुलाई संक्रामक रोग बिरुद्ध नियमित खोप लगाऔं ।

-आन्तरिका तथा वाध्य परजीवी नियन्त्रण गरौं । -सफा र स्वच्छ दूध उत्पादन गरी आम उपभोक्ताको संरक्षणको लागि ख्याल गरौं ।

**नेपाल सरकार**
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग, हरिहरभवन ललितपुर

# अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)को आग्रह

मिति २०७९ मंसीर १४
प्रेस विज्ञाप्ति
अखिल नेपाल किसानमा महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठले प्रस विज्ञाप्ति प्रकाशित गरि छानविन गरेर मात्र कारवाही अगाडि बढाउन आग्रह ।

श्रेष्ठले विज्ञाप्तिमा मार्फत भनिएको छ । देशभरका भूमिहिन दलित र सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउने तथा अव्यस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले राष्ट्रिय भूमि आयोग गठन गरेको, त्यसको लागि राष्ट्रिय भूमि आयोग र काठमाडौं महानगरपालिका बिचमा कार्य सहमति पत्रमा हस्ताक्षर गरि लगत संकलन गर्ने कार्य भईसकेको कुरा सर्वविद्धितै रहेको, यस्तो अवस्थामा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई निवेदन फारम भराई लगत संकलन गर्ने । प्रमाणीकरण गर्ने र दस्तावेजीकरण गरि राष्ट्रिय भूमि आयोगमा सिफारिस गर्नुको सट्टा काठमाडमौं महानगरपालिकाले थापाथली क्षेत्रमा सुकुम्वासी वस्ती भत्काउन डोजर र सुरक्षाकर्मी लिएर पुग्ने भूमिहिन दलित, भूमिहिन सकुम्वासी, अव्यवस्थित बसोवासीको संविधान प्रद्धत अधिकार हनन गर्ने, नागरिकहरुको मानव अधिकार उल्लंधन गर्ने । राष्ट्रिय भूमि आयोगको काममा वाधा पार्ने र सर्वसाधारण माथि डोजर आतंक मच्चाउने खालको छ । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) काठमाडौं महानगरपालिकाको यो संविधान तथा कानून विपरित र मानव अधिकार विरोधी कदमको निन्दा एवं भत्सर्ना गर्दछ । र यस्तो क्रियाकलापहरु तत्काल रोक्न महानगरपालिकासँग जोडदार माग गर्दछ ।

हामी महानगरपालिकालाई थापाथलीमा मात्र नभई सिंगो महानगरपालिकाभरका भूमिनि दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई निवेदन फारम भराई लगत संकलन गर्न र प्रमाणीकरण गराई आफ्ना नागरिकहरुको संविधान प्रदत अधिकार सुनिस्चित गराउन जोडदार माग गर्दछौं । साथै गरिव, र निमुखा जनतामाथि डोजरको बलमा आतंक मच्चाउने र सुरक्षाकर्मीको बलमा दमन गर्ने दुस्साहस नगर्न चेतावनी दिन चाहान्छौं । संघीय संसदको प्रतिनिधी सभा, प्रदेश सभाको निर्वाचन सम्पन्न हुनेहुने क्रममा रहेको र आचार संहिता कायमै रहेको अवस्थामा २०७९ मंसीर १२ गते काठमाडौं महानगरपालिकाले मच्चाएको डोजर आतंक विरुद्ध जनताले गरेको प्रतिरोध स्वाभाविक रहेकाले हामी भुमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको संघर्षमा ऐक्यवद्धता प्रकट गर्न चाहन्छौं । साथै महानगरपालिकालाई गरिब निमुखा सकुम्वासीहरुलाई यस्तो जाडोयाममा वासविहिन बनाउने उनीहरुका साना नानीबाबुहरु गर्भवती सुत्केरी महिलाहरुलाई विचलित पार्न गर्न खोजिएको यस्ता अमानवीय हर्कतहरु नदोहऱ्याउने पुन : त्यसो गरिएमा उत्पन्न परिस्थितिको जिम्मेवार काठमाडौं महानगरपालिका स्वयम् हुने चेतावनी दिन चाहन्छौं ।

हाम्रो देशको दुईतिहाई जनसंख्या ओगट्ने किसानहरु, कृषि श्रमिकहरु भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको नेतृत्व गर्ने क्रान्तिकारी किसानको रुपमा देशभरका सम्पूर्ण भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको लगत संकलन र प्रमाणीकरण प्रक्रिया सम्पन्न नभएसम्म देशको कुनै पनि स्थानबाट भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको वस्ती हटाउने, वा कुनै प्रकारले दुखदिने, काम नगर्न नगराउन, हामी सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायसँग पुनः माग गर्दछौं । यस्तो हर्कत गरेमा सुकुम्वासी तथा किसानहरुको आक्रोशको निशाना पर्ने र त्यसबाट उत्पन्न सम्पूर्ण परिस्थितिको जिम्मेवार त्यस्तो निकायहरु स्वयम्ले लिनुपर्ने चेतावनी दिन चाहन्छौं, विज्ञाप्तिमा भनिएको छ ।

चित्रबहादुर श्रेष्ठ
अध्यक्ष
अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)

# राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको आग्रह

काठमाडौं १६ मंसीर राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष सरस्वती सुब्बाले प्रेस विज्ञाप्ति प्रकाशित गरि सुकुम्वासी समस्या समाधान गर्न महानगरपालिकालाई आग्रह ।

विज्ञाप्तिमा भनिएको छ सुरक्षित आवास र खाद्य सुरक्षा हरेक नागरिकको संवैधानिक अधिकार हो । यसको व्यवस्थापन गर्नु तिनै तहका सरकारको दायित्व हो । आवासको अधिकार, संविधानले नागरिकको आवास अधिकारको सम्मान, गर्नु पर्ने सुनिस्चित गर्दै प्रत्येक नागरिकलाई आफ्नो आवास शान्तिपूर्वक निर्वाध रुपले उपभोग गर्न दिनु र कुनै पनि नागरिकलाई आवासको सुविधाबाट वञ्चित गर्न र वा भेद्भाव गर्न नपाईने व्यवस्था गरेको छ ।

अव्यस्थित रुपमा घर वस्ती निर्माण हुनु नागरिकको मात्र कमजोरी होइन । राज्यले भूमि व्यवस्थापनको कार्य समय सापेक्षिक रुपमा गर्न नसक्दाको परिणाम हो । यसलाई राज्य र राजनैतिक दलहरुले स्वीकार गरेका छन् । त्यसकारण भूमि ऐन संशोधन भई राष्ट्रिय भूमि आयोग मार्फत स्थानीय तहसँगको सहकार्यमा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासी व्यवस्थापन गर्ने कार्य भइरेहको छ । यस्तो अवस्थाको कार्यन्वयन सम्बन्धमा नीति योजना बनाउनुको सट्टा मानवीय संवेदनशील समेत ख्याल नगरी सुकुम्वासी वस्तीमा डोजर चलाउनु कानूनको ठाडो उल्लंघन र मानवीय अपराध हो । शासकहरुले देखाउने दमनकारी शैली र राज्य आतंकको प्रमाण हो । यस्तो कार्यको राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल घोर भत्सर्ना गर्दछ ।

साथै सुकुम्वासीको कानूनी अधिकारलाई वेवास्ता गरि मनपरी ढंगले काम गरिरहेको काठमाडौं महानगरपालिका विना विकल्प हटाउन सूचना जारी गर्ने बागमती सभ्यता विकास समितिको कार्यको छानविन गरि पीडितलाई उचित क्षेतिपूर्ति सहितको व्यवस्थापन र कानुन उल्लंघन निकाय व्यक्तिको कारवाहीको लागि राष्ट्रिय भुमि अधिकार मञ्च जोडदार माग गर्दछ ।

भूमि अधिकारबाट वञ्चित समुदायको कानुनी अधिकार र मानवीय संवेदनशीलताको पक्षमा सहयोग गर्न मानवअधिकार आयोग, पत्रकार, नागरिक समाज, र सरोकारवालाहरुमा हार्दिक आग्रह गर्दछौं ।

सरस्वती सुब्बा
अध्यक्ष
राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल

# धानको खेती हुने ठाउँमा प्लाष्टिक फल्न थालेको छ

कृषि कृषि प्रधान देश हो । आज कृषि क्षेत्रमा धानको बाली फल्ने ठाउँमा प्लाष्टिकहरु फल्न थालेका छन् । यो समस्या काठमाडौं उपत्यकाको मात्र होइन तीव्र रुपमा बढ्दै गरेको शहरी संरचना र बढ्दै गएको मानव घनत्वको कारण पनि शहरी वातावरण भयावह बन्दै गएको छ । काठमाडौं उपत्यकामा कृषि गर्ने अघिल्लो पिँढीका अनुसार प्लाष्टिकको कारण पनि शहरी क्षेत्र अत्याधिक फोहर बन्दै गएको र शहरी तापक्रम अनियन्त्रित बन्दै गएको, अलिअलि गरिने कृषिमा पनि रोगकिराको प्रकोप बढ्दै गएको बताईरहेको अवस्थामा प्लाष्टिक नियन्त्रण कसरी गर्ने र जलवायू परिवर्तनमा कसरी सहयोग पुऱ्याउने भन्ने चिन्ता अधिक भएपनि नियन्त्रण नहुँदा चिन्ताको विषय थपिदै गएको अनुभव वातावरण विद्हरुले चिन्ता गर्दै आएको छ । अर्को जलवायू परिवर्तनमा असर कृषि क्षेत्रबाट पनि थपिदै गएको छ । जथाभावी रासायनिक मल र विषादी प्रयोगले पनि जलवायू गुणस्तरमा ह्रास आएको छ । यिनै जलवायू परिवर्तनले तीव्रता पाउँदा नेपालको हिमाली जिल्लामा फल्ने स्याउ खेती सुन्तला लगायत महत्वपूर्ण बालीहरु क्रमश घट्दै गएको छ ।



इजिप्टको साममा जलवायु परिवर्तनसम्बन्धी शिखर सम्मेलन कोप-२७ भईरहँदा नेपालको हिमाली क्षेत्रका कृषकहरूले 'जलवायु परिवर्तनको असर भोगिरहेको' अनुभव व्यक्त गरेका छन् ।

जलवायू परिवर्तनको सबैभन्दा ठूलो प्रभाव हिन्दु कुश हिमाली क्षेत्रमा देखिन थालेको भनी यस क्षेत्रका विज्ञहरूले सचेत गराउँदै आएका छन् । मुस्ताङमा व्यावसायिक रूपमा स्याउ खेती गर्दै आएका कृषकहरू त्यस क्षेत्रमा पानी पर्ने प्रकृतीमा पछिल्लो समय फरक आएको र त्यसले स्याउको गुणस्तरमा पनि परिवर्तन ल्याएको बताउँछन् ।

मुस्ताङमा स्याउ खेती शुरू गरिएको आधा शताब्दी नाघिसकेको छ । त्यहाँ स्याउको खेती गर्ने छेत्रफल पनि बढ्दै गएको छ । तर उत्पादन र उत्पादकत्व त्यही अनुपातमा नबढेको र पहिले गुणस्तरीय उत्पादन हुने क्षेत्रमा स्याउ हुन छाडेको कृषकहरू बताउँछन् ।

**स्याउ मासेर वैकल्पिक खेती :**

पहिले हेर्दै आकर्षक र स्वादिलो स्याउ फल्ने लेते, ताक्लुङ, धम्पू , कोवाङ लगायतका छेत्रमा स्याउको बगैँचा मासेर वैकल्पिक खेती गर्न थालेको थासाङ गाउँपालिका २ कोवाङका कृषक जीवन थकालीले बताउनु भएको छ ।

यस पछाडिको कारण जलवायू परिवर्तन हो भन्ने थकालीले ठानेका छन् ।

जलवायु परिवर्तनकै कारण यो क्षेत्रमा पानी धेरै पर्न थालेको भनेर वैज्ञानिक अध्ययन र पुष्टि भइसकेको छैन ।

घरपझोङ गाउँपालिका मार्फाकी कृषक कमला अधिकारी लालचनले विगतमा पुस लागेदेखि नै हिउँ पर्न शुरू भएर फागुन चैतसम्म पर्ने गरेको सम्झन्छिन् ।

केही वर्षयता हिउँपर्ने समयमा नपर्ने, परे पनि कम पर्ने, कुनै वर्ष पर्दै नपर्ने र वृष्टि छायाँमा पर्ने गरेको मुस्ताङमा अहिले अधिक वर्षा हुने गरेका कारण स्याउ खेती गर्न समस्या बढ्दै गएको अनुभव छ त्यहाँका किसानहरुलाई । थासाङ गाउँपालिका टुकुचेका नीरज तुलाचन पनि स्याउमा रोग किराको प्रकोप बढ्दै गएका कारण स्याउ खेती गर्न झन्झन् कठिन हुँदै गएको बताएका छन् ।

पहिले बढी हिउँ परेर स्याउका लागि अनुपयुक्त माथिल्लो मुस्ताङका लोमान्थाङ, लोघेकर दामोदरकुन्ड र बारागुङ मुक्तिनाथ क्षेत्र गाउँपालिकाको माथिल्लो भेकमा स्याउ खेती हुन थालेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले जानकारी दिए ।

मुस्ताङमा जलवायू परिवर्तनको असर सम्बन्धमा अध्ययन अनुसन्धान गर्न ढिलाई गर्न नहुने उनको सुझाव छ ।

**कर्णालीका स्याउ :**

जलवायु परिवर्तनसम्बन्धी शिखर सम्मेलनमा पर्वतीय छेत्रमा बढ्दो तापमानका कारण देखिएको बहु आयामिक प्रभावलाई प्राथमिकता दिएर उठाइयोस् भन्ने स्याउ कृषकहरूको माग छ ।

जलवायु परिवर्तनका कारण भएको तापमान वृद्धिको असर हिमाली क्षेत्रमा तुलनात्मक रूपमा बढी परेको भनी विज्ञहरूले औंल्याउँदै आएका छन् ।

यो जलवायू परिवर्तनको कारण मानव नै हुन् मानवीय बढ्दो हस्तक्षेपल शहरी क्षेत्रमा मात्र नभई हिमाली क्षेत्रमा समेत पर्यावरणी परिवर्तनको असरले छोइरहेको छ । यसरी पर्यावरणीय असर भइरहँदा नेपालको वातावरण विद्हरु भविष्यमा नेपालको जलवायू परिवर्तनको कारण समग्र जीवन जगतको प्रणालीमा असर पुऱ्याउन सक्ने तर्फ सचेत गराइएको छ । जलवायु परिवर्तनमा नेपालको त्यति ठूलो भूमिका नभएपनि नेपालमा बढ्दै गएको अव्यवस्थित शहरीले भने जलवायूमा नकारात्म भूमिका निर्वाह गरिरहेको अवस्था नकार्न सकिदैन । शहरी क्षेत्रमा बढ्दो फोहर समस्याको रुपमा देखा परेको छ । त्यसमा सबैभन्दा बढी असर प्लाष्टिकजन्य फोहरको कारण तापक्रम वृद्धि हुनुमा सहयोग पुऱ्याईरहेको भन्ने अध्ययनले पुष्टि गरेको छ । यसलाई समयमा नै नियन्त्रण गर्ने प्रक्रियामा नगए शहरमा आइपर्ने नकारात्मक प्रभाव पहिले स्वास्थ्यमा देखा पर्ने चेतावनी दिइएको छ । शहर सफा र स्वच्छ राख्नु सबैको दायित्व भएपनि यसतर्फ कसैले ध्यान त्यसतर्फ गएको देखिदैन । शहर सफा राखेको खण्डमा मात्र मानव जीवनमा पनि स्वस्थ्य रहन सक्छ ।

# एकीकृत कृषि तथा खाद्य प्रणाली : समसामयिम सवाल विषयक गोष्ठी



कार्तिक २४ खाद्यका लागि कृषि अभियानको आयोजना र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहकार्यमा मिति २०७९ कार्तिक २४ "एकिकृत कृषि तथा खाद्य प्रणाली : समसामयिक सवाल" विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ। विश्व खाद्य दिवस २०२२ को अवसर पारेर गरिएको कार्यक्रम खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीको सभापतित्व र बाग्मती प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.कृष्णराज पन्तको प्रमुख अतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका सदस्य राजु नेपाल, प्रल्हाद लामिछाने कृषि तथा वन विज्ञान विश्वविद्यालयकी प्राध्यापक डा.कल्याणी मिश्र, खाद्यका लागि कृषि अभियानका संस्थापक संयोजक तथा कृषि विज्ञ डा.कृष्ण प्रसाद पौडेल, कृषि तथा पशुपन्छि विकास मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ कृषि प्रसार अधिकृत झलकनाथ कँडेल, कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डे, कृषि विकास निर्देशनालयका अधिकृत, राष्ट्रिय कृकष समूह महासंघ कि महासचिव रिता वास्ताकोटी, फियान नेपालबाट लक्ष्मी गुरुङ, विश्व खाद्य कार्यक्रम राजु बाग्मती प्रदेश संयोजक राजु क्षेत्री इत्यादीको आतिथ्यता रहेको थियो। पत्रकार, किसान, विद्यार्थी र अभियन्ताको उपस्थिती रहेको थियो।

*किसान र कृषि क्षेत्र उपेक्षामा परेको महशुस आफुहरुले पनि गरेको र कृषि क्षेत्र, किसानी क्षेत्रलाई उकास्न माटो सुहाउँदो नीति नियमको आवश्यकता रहेको, आफुहरुले सरकारलाई किसानमैत्री नीति तथा कार्यक्रम निर्माण गर्न सहजीकरण गरिरहेको बताउनु भयो।*

बिहान ११ बजेबाट शुरु भएको कार्यक्रम दिउँसो २ बजे समापन भएको थियो। हेटौडा उप-महानगरपालिकामा अवस्थित होटल लिडो इनमा सम्पन्न भएको कार्यक्रमको सञ्चालन एन.वाई.सि.ए हेटौडा च्यापटरबाट भएको थियो। कार्यक्रममा उपस्थित अतिथिलाई स्वागत गर्दै फियान नेपालबाट लक्ष्मी गुरुङले खाद्यका लागि कृषि अभियानका क्रियाकलाप र ४२ औं खाद्य दिवसको अवसरमा गरिएका कार्यक्रमहरु बारे जानकारी गराउनु भयो। कार्यक्रममा एन.वाई.सि.ए हेटौडा च्यापटरको तर्फबाट जलवायू परिवर्तन र विश्वव्यापी संकटका विषयमा प्रस्तुती राखिएको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका तर्फबाट प्रवक्ता झलकनाथ कँडेलले बागमती प्रदेशमा कृषि विकासको अवस्था बारे प्रस्तुत गर्नु भएको थियो।

राष्ट्रिय कृषक समूह महासंघका तर्फबाट महासचिव बास्ताकोटीले साना किसानको अवस्था र बाग्मती प्रदेशको भूमिका विषयमा आफ्नो प्रस्तुती राख्नु भएको थियो। किसानका कुरा सत्रमा आफ्नो कुरा राख्दै मकवानपुरका किसानहरु चौतर्फी चेपुवामा परेको र सरकारी निकाय देखे नदेखे झैं गरेर बसेको बताउनु भयो। कार्यक्रमलाई सम्वोधन गर्दै कृषि विज्ञ कृष्णप्रसाद पौडेलले मानविय गतिविधिको कारणबाट प्रलय आउन लागेको बताउनु भयो। सम्पूर्ण सरोकारवाला निकायलाई समग्र खेती प्रणालीलाई फर्केर हेर्न आग्रह गर्नुभयो। कार्यक्रमलाई सम्वोधन गर्दै प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रल्हाद लामिछानेले कृषि र किसान उपेक्षामा परेको महशुस गरेको उल्लेख गर्नु भयो। कार्यक्रमलाई सम्वोधन गर्दै कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डेले कृषि क्षेत्रको अधिकृतहरुले पनि आफ्नो सन्ततीहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न नसकिएको बताउनु भयो। कार्यक्रममा बोल्दै कृषि तथा वन विज्ञान विश्वविद्यालयकी प्राध्यापक कल्याणी मिश्रले किसानको आत्मसम्मान कायम नगरेसम्म कृषिको अवस्थामा परिवर्तन नआउने बताउनु भयो।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा. कृष्णराज पन्तले किसान र कृषि क्षेत्र उपेक्षामा परेको महशुस आफुहरुले पनि गरेको र कृषि क्षेत्र, किसानी क्षेत्रलाई उकास्न माटो सुहाउँदो नीति नियमको आवश्यकता रहेको, आफुहरुले सरकारलाई किसानमैत्री नीति तथा कार्यक्रम निर्माण गर्न सहजीकरण गरिरहेको बताउनु भयो।

खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले नेपालको कृषि प्रणाली विग्रनुमा माटो सुहाउँदो कृषि शिक्षा नहुनु रहेको बताउनु भयो। जलवायू परिवर्तन, बढ्दो कृषि आयात र जनस्वास्थ्यको अवस्था हेर्दा रैथाने कृषि प्रणालीलाई अपनाउनु र प्रोत्साहन गर्नुको विकल्प नभएको बताउनु भयो।

# अन्जिर खेती प्रविधि –वासुदेव कर्मचार्य

नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविध अन्जिर खेती अरब देशको वनस्पति हो । फक्स् केरिका (Ficus carica) को नामले प्रशिद्ध भएको वैज्ञानिकको भनाइछ । यसको खेती इटाली, स्पेन, टर्की र अमेरिकामा प्रख्यात छ । नेपालमा पनि यसको खेती गर्न सकिने वातावरण रहको छ । यसको खेतीका विषयमा प्राविधिकबाट चासो देखाइको छैन । यसको खेती सम्बन्धमा प्रचारप्रसार भएको पनि छैन । केन्द्रीय वागवानी केन्द्र कीर्तिपुरमा केही जात माउबाट रोपिएको छ । तर बिरुवा उत्पादन



गरी प्रसार गर्ने तर्फ केही कार्यक्रम छैन । अन्जिरमा क्याल्सियम, भिटामिन ए बी पाइन्छ भने यसलाई सम्बन्धित निकायबाट बिरुवा उत्पादन गरी प्रसार गर्न जरुरी भइसकेको छ ।

अन्जिर स्वास्थ्यको लागि निकै काम लाग्ने फल हो । यो फल नियमित रुपम खाएर अल्सर रोग र अन्य पेटको रोगका लागि साह्रै उपयक्त हुन्छ । यो फल जडीबुटी औषधीमा प्रयोग हुन्छ ।

**हावापानी :**

यसको खेती हरेक किसिमको हावापानीमा सफलतापूर्वक गर्न सकिन्छ । यसलाई जाडोले केही नोक्सान गर्दैन । तर फल पाक्ने समयमा प्रशस्त गर्मी (न्यानो हुनुपर्छ । फल पाक्ने समयमा पानी बढी परेमा फलको स्वादमा केही मात्रामा फरक पर्छ ।

**माटो :**

अन्जिर खेती जुनसुकै माटोमा गर्न सकिन्छ । चिस्यान बढी भएको माटोमा राम्रो हुन्छ । यसका लागि अलिकति चुनको आवश्यकता पर्ने भएकाले माटो जाँचेर मात्र बिरुवा लगाउनु राम्रो हुन्छ ।

**जात :**

अन्जिरका जात धेरै छन् तर केन्द्रीय वागवानी केन्द्र कीर्तिपुरमा भएको डलथिन, अरब जात र ह्वाइट जेनो वासेस जातको राम्रो फल उत्पादन भएको उक्त केन्द्रका प्राविधिकको भनाई छ ।

**बिरुवा उत्पादन गर्ने तरिका :**

अन्जिरको बिरुवालाई कटिङबाट बिरुवा तयार गर्न सकिन्छ । माघको चौथौ हप्तादेखि १८-२० सेमिको लामो टुक्रा कटिङ काट्ने, ३-४ सेमि छड्केबाट जिभ्रो आकारमा चक्कुले ताछी माटो र बालुवा ५०-५० प्रतिशतका दरले राखी मिलाउने, काठको बाकस या ट्रेमा अलि छड्केबाट ६-८ सेमी माटोमा घुसाउनु पर्छ र प्रत्येक दिन पानी हाल्नु पर्छ । यसरी कटिङ राखेको बिरुवा अर्को पुस र माघमा रोप्न लायक हुन्छ ।

**बिरुवा रोप्ने र खाडलको तयारी :**

बिरुवा रोप्नुभन्दा पहिलो रेखाङ्कन गर्न आवश्यक छ । खाडलको दूरी ३-४ मिटर फरक पारी १ वाई १ मिटरको खाडलमा तयार भईसकेपछि प्रत्येक खाडलमा पाकेको गोबर मल १ डोकोका दरले राखी मल माटो मिलाई खाल्डोमा राख्ने र प्लटिङ बोर्डको सहयताले बिरुवा बीचमा पानी सानु पर्दछ । प्रत्येकलाई सीधा पार्न १०/१५ सेमिको लठी गाडी अङ्ग्रेजी आकारको आठ आकारको सुतली बाँध्ने बोटको नजिक एउटा सानो ढुगा वा पात राखी पानी दिएमा पानीबाट खाल्डो हुनबाट बचावत हुन्छ । र बोट चाँडै सर्न मद्दत गर्छ । यसको खेती मध्य पहाडमा गर्नु उपयुक्त हुन्छ । साथै उपत्यका भित्र पनि खेती गर्न सकिन्छ ।

**रोग र कीरा :**

बिरुवाको फेदमा पिपरबार्क लाग्ने भएकाले समयमा माघमा ब्लायटक्स ५० लाई अति बाक्लो गरी रोग लागेको फेदमा र हाँगाहरुमा ब्रुस लगाई दिनाले राम्रो हुन्छ । र फेदमा र हाँगाहरुमा बोरर लाग्ने भएको रोग लागेको हाँगामा तारले घोची नियन्त्रण गर्नु पर्छ ।


## हार्दिक अपिल ! हार्दिक अपिल !!

रेल मार्ग विकास गर्दै देशको आर्थिक सामाजिक उत्थानमा टेवा पुऱ्याउने उद्देश्यका साथ मुख्यतः पूर्वपश्चिम रेलमार्ग छिमेकी राष्ट्र भारत र चीनसँग अन्तदेशीय रेलमार्गहरुको निर्माण कार्य रेल विभागबाट हुँदै आइरहेको छ । रेलमार्ग निमार्णलाई छिटो सम्पन्न गरी जनतालाई सुर्वसुलभ यातायात सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्न रेल मार्गमा घर टहरा हटाईदिने, मुआवजा रकम समयमै बुझिदिने कार्य गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

# पशुलाई खुराकका लागि युरिया मोलासेस मिनरल व्लक

*युरिया मोलासेस व्लक प्रोटिन (युरिया-नाइट्रोजन), इजर्जी (मोलासेस(सुक्रोज ग्लुकोज) को स्रोत हो । पशुले खाएको युरिया एमोनिया ग्यासमा परिणत भई आन्द्रामा हुने उपयोगी सुक्ष्म जीवाणुहरुका लागि नाइट्रोजन आपूर्ति हुन्छ । र सुक्ष्म जिवाणुहरुको संख्यामा व्यापक वृद्धि हुनगई प्रक्रियमा मद्धत गर्दछ ।*

वर्तमान युवा शक्ति लाखैंको संख्यामा रोजगारीको लागि तेस्रो मुलुक पलायन भइरहेको अवस्थामा कतिपय युवा युवतीहरु वैदेशिक रोजगारीको लागि शीप सिकेर तथा स्वदेशमै केही आयआर्जन गर्न सकिन्छ भनेर फर्किने



गरेका छन् । जनसंख्या दिनानुदिन बढ्ने क्रममा रहको र शहरको विस्तार तीव्र रुपमा भईराखेकाले खेतीयोग्य जमीन मासिने क्रममा वृद्धि भएको पाइन्छ । स्वदेश फर्केका कतिपय युवाहरु विदेशमा सिकेका शीपलाई सदुपयोग गर्न डेरी फार्म सञ्चालन तर्फ आकर्षित भई राखेको परिप्रेक्ष्यमा यसले मुलुकमा दूध र मासु उत्पादनमा आत्मनिर्भर बन्न सहयोग पुग्ने देखिन्छ । पशुपालन तर्फ लाग्ने लागतको ठूलो हिस्सा करिव ७० प्रतिशत पशुको खुराकमा खर्च हुने गरेको पाइएको छ । (जिसी वनर्जी १९९२) भारत खुराकमा कार्वोहाइड्रेड, चिल्लो, प्रोटिन, स्वस्थ्य निरोगी समयमै व्याउने, उत्पादनमा वृद्धि हुने आदि हुन्छ । पशुको लागि खेतीयोग्य जग्गामा हरियो घाँसको अभाव हुन्छ । हरियो घाँसको अभावमा पशु पोषणका लागि निश्चित अनुपातमा खाद्यपदार्थहरु मिसाई युरिया मोलासेस व्लक तयार पारी पुरक खुराक (Supplemented)को रुपमा दिन सकिन्छ । युरिया मोलासेस व्लक तयार पार्न मिसाइने कच्चा पदार्थ पशुमा रहेको तथा खोतीयोग्य जग्गामा हरियो घाँसको अभाव हुन्छ । हरियो घाँसको अभावमा पशु पोषणका लागि निश्चित अनुपातमा खाद्य पदार्थहरु मिसाई युरिया मोलासस व्लक तयार पारी पुरक खुराक (Supplement)को रुपमा दिन सकिन्छ । युरिया मोलासेसल व्लक तयार पार्न मिसाइने कच्चा पदार्थको मात्रा विभिन्न ठाउँमा भिन्नभिन्न उल्लेख गरेको पाइन्छ । सरलताका लागि यहाँ FAO ले रिफारिस गरेको युरिया मोलासेस व्लक बनाउने विधि प्रस्तुत गरिएको छ ।

**६.१ तयार पार्ने विधि :**

मोलासेसमा युरिया र नुन राम्ररीसँग घोल्ने, अर्कोतर्फ सिमेन्ट (बाँध्ने काममा) र गहुँको चोकर एक ठाउँमा मिसाई तयार पारेको मिश्रण मोालासेसको घोलमा मिसाई राम्ररी मुछ्ने र मोल्डमा राखी माथिबाट प्रेस गरेर निश्चित आकार दिने । तयार भएको डल्लोलाई ५-७ दिनसम्म सुकाई प्लाष्टिकको सिटमा बेरेर भण्डारण गर्ने अथवा पशुलाई खुवाउने ।

**६.२ खुवाउने विधि :**

पशुलाई बानी लगाउन पहिलो दिन मुखमा दल्ने । वयस्क पशुलाई ५० देखि ३०० ग्रामले दैनिक रुपमा खुवाउने सकिन्छ ।

**६.३ उपयोग र प्राविधिक पक्ष :**

युरिया मोलासेस व्लक प्रोटिन (युरिया-नाइट्रोजन), इजर्जी (मोलासेस(सुक्रोज ग्लुकोज) को स्रोत हो । पशुले खाएको युरिया एमोनिया ग्यासमा परिणत भई आन्द्रामा हुने उपयोगी सुक्ष्म जीवाणुहरुका लागि नाइट्रोजन आपूर्ति हुन्छ । र सुक्ष्म जिवाणुहरुको संख्यामा व्यापक वृद्धि हुनगई प्रक्रियमा मद्धत गर्दछ । जीवाणुहरुले कार्वोहाइड्रेडयुक्त रेशादार सुख्खा पदार्थ टुक्राउन (पचाउन) सहयोग गर्ने र अन्ततः जीवाणुहरुले पशुको लागि प्रोटिन प्रदान गर्दछ । नुनको प्रयोग गर्ने र अन्ततः जीवाणुहरुले पशुको लागि घाँसपात तथा दाना नपाइने समयमा यसको प्रयोगले पशुपालक कृषकहरुलाई ठूलो राहत हुन्छ । नुनको प्रयोगले पशुलाई खानामा रुची बढाउँछ । हारियो ठूलो राहत हुन्छ । लैनो पशुलाई नखुवाएको भन्दा युरिया मोलासेस व्लक १४० दिनसम्म खुवाएको अवस्थामा ४२७ लिटर दुध/वेत बढी उत्पादन भएको नार्कको अध्ययनले देखाएको छ ।

| क्र.सं. | विवरण | भाग, | ५ केजी व्लक, | २० केजी व्लक | कैफियत |
|---|---|---|---|---|---|
| १. | मोलासेस | ४५ | २.२५ | ९.०० | |
| २. | युरिया | १० | ०.५० | २.०० | |
| ३. | नुन | ५ | ०.२५ | १.०० | |
| ४. | सिमेन्ट/चुनढुगा | १० | ०.५० | २.०० | |
| ५. | गहुँको चोकर | ३० | १.५ | ६.०० | |
| जम्म | | १०० | ५ | २० | |

**७. सामान्य मिनरल व्लक (Mineral block) :**

मिनरल व्लक पशुले पोषणाततवको समिश्रण हो यसमा विभिन्न यौगिकहरुको समिश्रण गरि ढिका तयार गरिन्छ । यसले शारीरिक सन्तुलन बनाई राख्नुका साथै बाँझोपन, पशुमा उल्टिराख्ने समस्या आदिहरुलाई निको पार्दछ ।

**वनावट :**

रातो माटो

एक भाग (१ माना)

आयो नुन

१ भाग

अण्डाको बोक्रा

५ गोता

मैदा
१/२ पाउ (१०० ग्राम)
पानी आवश्यकता अनुसार

**बनाउने तरिका :**

बुरबुराउँदो रातो माटोलाई चालनीले एक माना लिने । अण्डाको बोक्रालाई हल्का भुटेर पिँधी धुलो पारेर एकमाना आयोडिन नुन र आधापाउ (एकसय ग्राम) मैदा र थोरै पानी मिसाई आँटा राम्ररी मुछ्ने । पानी हाल्दा विचार गरेर हाल्नु पर्दछ । नत्र नुनमा पानी मिसाएपछि पग्लिन थाल्दछ र गिलो हुने सम्भावना हुन सक्दछ । डल्लोलाई मोल्डमा राखी माथिबाट चिरेर आवश्यकता अनुसार आकार दिनु पर्दछ । पशुलाई चटाउन ब्लकमा डोरी बाँध्नु बीचमा बाँसको गोलो टुक्रा राख्नु पर्दछ । तयार भएको डल्लामा आयोडिन उडेर जान नदिन छहारीमा ५-७ दिनसम्म सुकाएर प्लाष्टिकको सिटमा बेरेर भण्डारण गर्नु पर्दछ । अथवा पशुलाई खुवाउनु पर्दछ । वर्षाको बेला ब्लकको नून पग्लिने सम्भावना धेरै हुनेहुँदा सुख्खा याममा बनाउनु ठीक हुन्छ ।

**प्रयोग :**

पशुले शुरुमा धेरै चाट्दछ । शरीरमा मिनरल विस्तारै परिपूर्ति हुँदै जाँदा चाट्ने क्रम घटन् थाल्दछ ।

**फाइदा :** पशुले शारीरिक, मानसिक र आन्तरिक कृषकलाई सन्तुलन राख्नु मिनरल ब्लक खुवाउने गरिन्छ । यसबाट विभिन्न फाइदाहरु हुन्छन् ।

क. पशुको बाँझोपन हटाउँदछ ।
ख. शरीरमा कमी हुने मिनरलहरुको पुर्ति हुन्छ ।
ग. पशुमा उल्टीने समस्या रोकिन्छ ।
घ. अण्डाको बोक्रामा हुने क्यालसियम र फस्फोरसले मिल्क फिभर हुनबाट जोगाउँछ ।
ङ. ब्लकमा नुन प्रयोगले खानामा अधिक रुची (Palatability) बढाउन मद्दत गर्दछ ।

**निष्कर्ष :**

पशु पोषणको लागि प्रशस्त मात्रामा हरियो पोषिलो घाँसपातहरुको खेती गर्नु आजको अपरिहार्यता हो । हरियो घाँसको उत्पादनमा वृद्धि गरि पशु पोषणमा सुधार ल्याउने फरेज मिसन कार्यक्रम अगाडि बढाइएको छ । तर पनि जग्गाको अभावको कारणले प्रशस्त हरियो पोषिलो घाँस उपलब्ध नभई राखेको अवस्था छ । यसरी वैकल्पिक पशु आहारोको रुपमा युरिया मोलासेस ब्लक खुवाउन सकिन्छ । यद्यपी युरिया मोलासेस ब्लक भन्दा पशुलाई प्राकृतिक रुपमा हरियो पोषिलो घाँस उपलब्धीमूलक तथा फाइदाकारी हुन्छ ।

# कोप २७ मा ऐतिहासिक सम्झौता

कोप २७ मा सहभागी झण्डै २०० देशहरूले जलवायू परिवर्तनको नकारात्मक परिणामबाट सबैभन्दा धेरै क्षति बेहोरेका देशहरूलाई रकम उपलब्ध गराउन एउटा कोष स्थापना गर्न सहमति भएका छन् ।

इजिप्टमा साम अल सेखमा भएको उक्त जलवायू परिवर्तन सम्बन्धी सम्मेलनमा त्यस्तो सहमति भएका थिए ।

**सम्झौताको घोषणा :**

उक्त सम्मेलनमा विश्वभरका सहभागी प्रतिनिधीहरु जलवायू परिवर्तनको कम भूमिका रहेका अल्पविकसित तथा गरिब देशहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले भएको उक्त

**सम्झौता कार्यन्वयनमा चुनौंती :**

गतवर्ष स्कटल्याण्डको ग्लास्गोमा भएको सम्मेलनमा पनि यि मुद्दाहरु जोडले उठाएका थिए । त्यसभन्दा पहिले पनि त्यस प्रकारका मुद्दाहरु उठाइएका थिए । मुद्दाहरु उठ्ने समाधान तर्फ कोही पनि अघि नबढ्ने यो अवस्था आज पनि रहीरहने र भोली पनि यस्तो विषयहरु उठी रहने, ठोस समाधान तर्फ लान नसक्ने हो भने । अबको विकल्प के जसले जे गर्दा पनि हुने पृथ्वी जोगाउने कुनैपनि पहल नगर्ने हो भने जलवायूको असर सबभन्दा पहिले साना र विकासन्मूख देशले नै भोग्नु पर्ने देखिन्छ ।



बैठकको अध्यक्षतामा अध्यक्ष सामेह शुक्रीको अध्यक्षतामा भएका थियो ।

विकसित र औद्योगिक मुलुकहरुले जलवायू परिवर्तनमा पुऱ्याएको भूमिकामा छलफल भएपनि वैकल्पिक उपाय दिन नसकेको उक्त सम्मेलनबाट फर्केका विज्ञहरुको धारणा पनि आएका थिए ।

नोक्सानी तथा क्षतिको कसरी समाधान गर्ने भन्ने विषयमा विश्व भुमण्डलीकृत बन्दै गएको अवस्थामा साना राष्ट्रको कार्वन उत्सर्जनमा नगन्य भूमिका रहेपनि ठूला राष्ट्र औद्योगिक राष्ट्रहरुले साना राष्ट्रलाई जहिले पनि चेपुवामा पारेर राखेको तर्क वितर्क भए ।

चुनौंतीको सामना गर्न नेपाल जस्तो देशले के पाउने र नेपाल जस्तो धेरै साना देशहरुले चाहीँ विकसित मुलुकहरुले दिएको भिक्षा थापीरहने अवस्था सम्मेलन व्यक्त भए ।

कुनै ठोस निष्कर्ष विना सम्मेलन टुगिए पनि केही समझदारी चाही बनेको सहभागीबाट आएका थिए ।

जलवायु परिवर्तनका कारण नराम्रो प्रभाव परेका देशहरूलाई मद्दत गर्न एउटा कोष स्थापना गर्ने उक्त सहमति "नोक्सानी तथा क्षति" को मुख्य मुद्दामा आधारित रहेको छ र वर्षौंदेखि त्यस्तो सम्झौता हुनु पर्ने भनेर विभिन्न देशहरूले माग गर्दै आएका थिए ।

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरशले उक्त सम्झौतालाई "अति आवश्यक राजनीतिक संकेत" भनेका छन् । "यो स्पष्ट रूपमा नै पर्याप्त नभएको" भन्दै सावधान पनि गराएका छन् ।

हाम्रो देश नेपालमा पनि मन्त्रीस्तरीय टोलीको सहभागी रहेको उक्त जलवायू परिवर्तन (कोप २७ को) शिखर सम्मेनलमा भाग लिन मन्त्री स्तरीय टोली त्यहाँ पुगेका थिए । टोलीमा मन्त्री समेत सहभागी रहेको उक्त सम्मेलनमा सहभागी राष्ट्रका प्रमुखहरुले सम्वोधन गर्ने कार्यक्रम रहेकामा नेपालको तर्फबाट गएका मन्त्री तथा उच्च पदस्थ कर्मचारीहरुले सम्वोधन गर्न नपाएको गुनासो पनि बाहिर आएका थिए ।

# कोप २७ मा हानी तथा नोक्सानी बारे छलफल

*लस एण्ड ड्यामेज कोलाबोरेशन''ले हालै जारी गरेको एक प्रतिवेदनका अनुसार जलवायू-संवेदनशील अर्थतन्त्रहरूमध्ये सबैभन्दा बढी ५५ राष्ट्रले सन् २००० देखि सन् २०२० सम्ममा ५ खर्ब डलरभन्दा बढीको जलवायू-प्रेरित आर्थिक क्षति बेहोरेको जनाएको छ । र त्यो खर्च आगामी दशकमा थप ५ खर्ब डलरले बढ्न सक्छ ।*

सन् २०२० मा फिलिपिन्समा निम्तिएको प्रकोप पछिको अवस्था इजिप्टमा आयोजना हुने सम्मेलनमा उठ्ने भएको छ । यस वर्षको जलवायु सम्मेलनमा "हानि तथा नोक्सानी" जस्ता दुई ठुला शब्दहरू चर्चित बनेको छ । वास्तवमा ती शब्दहरूको अर्थ के हो र तिनीहरूले किन विवाद निम्त्याए ।

जलवायू सम्बन्धी वार्ताहरू धेरै हदमा हरितगृह ग्याँसहरू कसरी कटौती गर्ने र जलवायु परिवर्तनका प्रभावहरूसँग कसरी सामना गर्ने भन्ने प्रश्नमा केन्द्रित रहेका छन् । यस वर्ष भएको सम्मेलनमा भने- अधिक समस्या निम्तिने गरी उद्योग सञ्चालन गर्ने राष्ट्रहरूले प्रत्यक्ष रूपमा प्रभावित देशहरूलाई भुक्तानी गर्ने विषय हावी भएको थियो ।

जलवायू परिवर्तनका कारण बाढी, खडेरी, आँधी, पहिरो र जंङ्गली डढेलो जस्ता प्रकोपहरू बारम्बार र तीव्र रूपमा बढेका छन् । यस्ता प्रकोपबाट सबैभन्दा बढी प्रभावित देशहरूले समस्यासँग जुध्न वर्षौंदेखि आर्थिक सहयोगको अपिल गरिरहेका छन् ।

र, यो परिवेशले नै "नोक्सानी र क्षति'' शब्दहरूको अर्थ प्रस्ट्याउँछ । उक्त वाक्यांशले घर, जग्गा, खेती र व्यवसायहरूजस्ता आर्थिकका साथै मानिसहरूको मृत्यु, साँस्कृतिक सम्पदाहरूमा क्षति वा जैविक विविधताको हानिजस्ता गैर-आर्थिक क्षतिहरूलाई समेट्छ ।

जलवायू उथलपुथलबाट जोगिन नेपाललाई **खर्बौं रुपैयाँ आवश्यक :**

जलवायू परिवर्तनको हेक्का नराखी ठूला आयोजना बनाउनु घातक हुने चेतावनी

यी देशहरूले माग गरिरहेको रकम जलवायूको वित्तीय सहयोगका लागि पश्चिमा देशहरूले वाचा गरेकोभन्दा एक सय अर्ब डलरले अतिरिक्त हो । उक्त रकम गरिब देशहरूलाई :

जलवायु वार्तामा "न्यूनीकरण'' भनिने हरितगृह ग्याँसहरूको कटौती गर्न

र, जलवायु परिवर्तनको प्रभावसँग जुध्न "अनुकूलन''को कदम चाल्न दिइने बताइएको



थियो ।

"मानिसहरू शक्तिशाली आँधी, विनाशकारी बाढी र हिमनदी पग्लँदा हुने हानी र नोक्सानीका कारण पीडित छन् । विकासोन्मुख देशहरूमा प्रकोपपछि पुनर्निर्माण र सुधारको पहुँच कम हुन्छ,'' क्लाइमेट एक्सन नेटवर्क इन्टरन्याशनलका विश्वव्यापी राजनीतिक रणनीति प्रमुख हरजीत सिंह भन्छन् ।

संकटको सबैभन्दा नराम्रो असर त्यसमा न्यूनतम् योगदान पुऱ्याएका समुदायहरूले महशुस गरेका छन् ।

हानी र नोक्सानीको खर्च कति ठुलो छ ?

विश्वभरका १०० भन्दा बढी अनुसन्धानकर्ता र नीति निर्माताहरूको समूह "लस एण्ड ड्यामेज कोलाबोरेशन''ले हालै जारी गरेको एक प्रतिवेदनका अनुसार जलवायू-संवेदनशील अर्थतन्त्रहरूमध्ये सबैभन्दा बढी ५५ राष्ट्रले सन् २००० देखि सन् २०२० सम्ममा ५ खर्ब डलरभन्दा बढीको जलवायू-प्रेरित आर्थिक क्षति बेहोरेको जनाएको छ । र त्यो खर्च आगामी दशकमा थप ५ खर्ब डलरले बढ्न सक्छ ।

जलवायु परिवर्तनका कारण जीवहरूलाई समेत ठुलो क्षति पुगेको छ

"थप तापक्रम वृद्धिको प्रत्येक अंशको अर्थ जलवायू परिवर्तनबाट हुने थप क्षति हो । विकासोन्मुख देशहरूमा सन् २०३० सम्ममा २९० बिलियन डलरदेखि ५८० बिलियन डलरको हाराहारी नोक्सान हुने अनुमान गरिएको, "लेखकहरूले बताएका छन् ।

यसअघि नै पूर्व-औद्योगिक समयको तुलनामा १.१ डिग्री सेल्सियसको औसत विश्वव्यापी तापक्रम वृद्धि भइसकेको छ ।

गरिब र कम औद्योगिकीकृत देशहरूले चरम मौसमको प्रभावले आर्थिक विकासको सन्दर्भमा उनीहरूले गरेको प्रगतिलाई कमजोर बनाउने बताउँछन् । तीमध्ये केहीले गुमाएको वा क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न उधारो लिएकाले आफूहरूमाथि ऋणको बोझ रहेको बताएका छन् ।

हानी र नोक्सानी सम्बन्धी शुल्कको छलफल कहिले सम्म ?

सात वर्ष पहिले भएको पेरिस सम्झौताले "जलवायु परिवर्तनको प्रतिकूल प्रभावसँग सम्बन्धित हानी र नोक्सानीलाई रोक्न, न्यूनीकरण र सम्बोधन गर्नुको महत्वमा जोड दिएको थियो । तर त्यसो कसरी गर्ने भन्ने निर्णय भएको छैन ।

"हानि र नोक्सानी धेरै वर्षसम्म निकै जटिल विषय बनेको छ र हामीले विकसित र विकासोन्मुख देशहरूबीच चर्को वहस गरेका छौं,'' जर्मनीको आर्थिक सहायता तथा विकास मन्त्रालयका राज्य सचिव जोचन फ्लासबार्थले भनेका थिए ।

"विकसित देशहरूलाई ठूलो परिमाणमा उत्सर्जन गर्नेहरूका लागि यो सबै कानुनी बाध्यता बन्न सक्छ भन्ने चिन्ता थियो । यो

धेरैजसो विकसित देशहरूका लागि डरको विषय बनेको छ ।'' यही कारणले गर्दा धेरै गरिब राष्ट्रहरूले अहिले "क्षतिपूर्ति'' शब्दको प्रयोग गर्दैनन् । त्यसको साटो "वित्तीय सहयोग'' अपिल गर्छन् ।

गरिब राष्ट्रहरूले जलवायू परिवर्तनको असर स्वरूप विकासमा बाधा पुगेको बताएका छन् "हामीले कुनै न कुनै विकासोन्मुख देशले हरेक दिन जसो भोगिरहेको संकटको सामना गर्न नियमित, अनुमानित र दीर्घकालीन कोषको माग गर्दै आएका छौं,'' संयुक्त राष्ट्रसंघको जलवायू बैठकहरूमा अफ्रिका समूहका प्रमुख अल्फा ओमर कालोगा भन्छन् ।

"तर हामीले निकै तीव्र रूपमा र बारम्बार जलवायूका कारण हुने हानी र नोक्सानको सामना गरिरहँदा यो नटुङ्गिने छलफल जस्तो बनेको छ । यसलाई विकसित देशहरूले प्रक्रिया ढिलो अघि बढाउन गरेको प्रयासको रूपमा हेरेका छन् ।'' हानी र नोक्सानी कोप २७ को छलफलको विषय बने ?

विकासशील देशहरू इजिप्टमा "हानि र नोक्सानीको लागि वित्तीय सहयोग'' बारे छलफल गर्न उत्सुक भए । तर त्यहाँ छलफल गर्ने विषयबारे सम्मेलनको शुरुवातमा मात्रै निर्णय गरिन्छ । र, यसबारे सबै सहभागी राष्ट्रहरू सहमत हुनुपर्छ ।

"पाकिस्तानले सबै विकासोन्मुख देशहरूको तर्फबाट उक्त विषयको उठान गरेको छ र कोप २७ सम्मेलनको शुरुवातमा यस विषय अनुमोदित हुनु पर्ने छ,'' बंगलादेशस्थित जलवायू परिवर्तन र विकासको अन्तर्राष्ट्रिय केन्द्रका निर्देशक सलीमुल हक भन्छन् ।

तापक्रम थोरै बढ्दा पनि हिमाली क्षेत्रमा उथलपुथल हुनसक्ने चेतावनी

'हजारौं वर्षअघि फर्केर हेरौं' : मेलम्चीमा कहाँबाट र कसरी आयो गेगरानयुक्त बाढी ?

"यदि कुनै देशले उक्त विषयवस्तुको विरोध गर्छ र त्यस कारण यसबारे छलफल हुनबाट रोक्छ भने यसले कोप २७ सम्मेलन आधिकारिक रूपमा शुरु हुनुअघि त्यसको असफलताको संकेत गर्छ ।''

हानी र नोक्सानीका बारेमा मुख्य असहमतिहरू के हुन् ?

विकसित देशहरूलाई हानी र नोक्सानीको रकम भुक्तानी कुन संस्थाले सम्हाल्छ भन्ने कुरामा सहमतिमा आउन गाह्रो हुनसक्छ ।

तर विकसित देशहरूले संयुक्त राष्ट्रको जलवायू परिवर्तन सम्बन्धी महासन्धि (यूएनएफसीसीसी) द्वारा स्थापित संयन्त्रभित्र र त्यसभन्दा बाहिर जिम्मेवारी लिन सक्ने अन्य संयन्त्रहरू रहेको बताउँछन् ।

विकासशील राष्ट्रहरूले भने त्यसका लागि विद्यमान कुनै पनि संस्थाहरू उपयुक्त नभएको तर्क गर्छन् ।

"हालैको बाढीले क्षतिग्रस्त हुँदा वा नाइजेरियामा आँधीले विध्वंस मच्चाउँदा, क्यारेबियनमा हालै आएको इयान आँधीले तहसनहस बनाउँदा ती ती निकायहरू कहाँ थिए ?, "मिचाई रोबर्टसनले प्रश्न गरे ।

उनी संयुक्त राष्ट्र जलवायु बैठकहरूमा ३९ वटा साना टापु राज्यहरूको समूह, एलायन्स अफ स्मल आइल्याण्ड स्टेट्स (एओसिस)का लागि जलवायू वित्त वार्ताकार हुन् ।

एओसिस र अफ्रिका समूह दुबैले यूएनएफसीसीसी प्रणालीसँग जोडिएको नयाँ वित्तीय सुविधाको लागि जोड दिइरहेका छन् । तर त्यो सुविधा विद्यमान जलवायू वित्तीय निकायहरूसँग सम्बन्धित छैन ।

जर्मनीको आर्थिक सहायता तथा विकास मन्त्रालयका राज्य सचिव जोचन फ्लासवार्थका अनुसार यसरी अलग्गै सुविधाका निम्ति अपेक्षाकृत समर्थनहरू नजुट्न सक्छ ।

कोप २७ सम्म आइपुग्दा कुनै प्रगति भएको छ त ?

गत वर्षको कोप २६ सम्मेलनमा स्कटल्याण्डले हानी र नोक्सानी सहयोगार्थ १० लाख अमेरिकी डलरभन्दा बढी रकम दिने प्रतिज्ञा गरेको थियो । गत महिना डेनमार्कले आफूले एक करोड ३० लाख अमेरिकी डलर योगदान गर्ने घोषणा गरेको थियो ।

र गत हप्ता युरोपेली सांसदले विकासोन्मुख राष्ट्रहरूलाई सहायता कोष दिनु पर्नेमा ध्यान केन्द्रित गर्न र हानी तथा नोक्सानलाई "टार्न, न्यूनीकरण र सम्बोधन गर्न'' ऋणको साटो अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित गरेको थियो । हानी तथा नोक्सानी बेहोरिरहेका राष्ट्रहरूलाई कसरी वित्तीय सहयोग उपलब्ध गराउने भन्ने विषय जटिल बनेको छ ।

साथै जी सेभेन र ५५ वटा जोखिममा रहेका राष्ट्रहरू सम्मिलित भी २० समूहले हालै जलवायू प्रकोप विरुद्ध ग्लोवल शील्ड नामक अभियान शुरुवात गर्न सहमति जनाएको छ । यसले आंशिक रूपमा बीमा प्रणालीमार्फत् हानी र नोक्सानीको क्षति बेहोर्ने छ ।

एओसिसले भने यो वैधानिक हुन नसक्ने दाबी गरेको छ किनकि भी २० मा एओसिसको तुलनामा आधा सदस्यहरू पनि छैनन् ।

"जी ७ ले हामी सबैसँग छलफल गर्नुपर्छ,'' समूहका प्रमुख जलवायु वित्तीय मामिला सम्बन्धी वार्ताकार मिचाई रोबर्ट्सन भन्छन्, "उनीहरूले छनौट गरेको सीमित देशहरूलाई मात्र समेटेर हुँदैन ।'' विश्व तापमान वृद्धि नियन्त्रण बाहिर जान लागेको संयुक्त राष्ट्रसंघको चेतावनी आसन्न विश्व जलवायू सम्मेलनमा नेपालका पाँच एजेण्डा के गरिब राष्ट्रहरू जलवायु वित्तीय कोषहरू ग्रहण गर्न सक्षम छन् ?

विगतमा जलवायू सम्बन्धी सहयोग रकम प्रवाह गर्दा वित्तीय संस्थाहरू र उक्त रकम प्राप्त गर्ने देशहरूमा समस्या निम्तिएको छ । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमा व्याप्त कर्मचारीतन्त्रका कारण कोष उपलब्ध हुन लामो समय लाग्छ । र, कोष प्राप्त गर्ने राष्ट्रहरूमा कमजोर शासन प्रणाली र भ्रष्टाचारका कारण समस्याहरू देखिएका छन् ।

तर, गरिब देशहरूले यसलाई मात्र कारण देखाएर हानी र नोक्सानीलाई पाखा लगाउनु उचित ठान्दैनन् ।

*वातावरण सम्वाददाता नविनसिंह खड्काद्धारा लिखित :*

*स्रोत : बिबिसी नेपाली सेवा*

## <u>जनहितको लागि समर्पित सूचना</u>

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं ।

अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू खाऔं ।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नबसौं ।

**कृषि जर्नल मासिक**

# भूमिको अभ्यास भूमी, भू–क्षेत्र र प्राकृतिक स्रोत



नेपाल वहुजाति वहुभाषिक र वहुसाँस्कृतिक भएको देश हो । नेपालको सन्दर्भमा सबैभन्दा बढी भौगोलिक दूरदराजमा आदिवासी जनजातिहरु नै बसोवास गरिरहेको छ । हिमाली क्षेत्रमा तराईको भित्री मधेशहरुमा हो चाहे पूर्व मेची देखि पश्चिम महाकाली सम्म आदिवासी जनजातिहरु नपुगेको ठाउँ कही छैन । आदिवासी जनजातिहरुले गरिने भूमिको अभ्यास हेर्दा कतिपय क्षेत्रमा प्रथाजनित भूमिको व्यवस्थापन गरिएको पाइन्छ ।

विश्वको धेरै देशहरुमा आदिवासी जनजातिहरुले प्रयोग गरिने भूमि अझै पनि प्रथाजनित रहेको पाइन्छ । यस सन्दर्भमा नेपाल मात्र होइन विश्वका धेरै देशहरुमा आदिवासी जनजातिलाई विस्थापित गर्ने गरि त्यहाँको सरकारले कानूनहरु बनाएर आफ्नो भू-भागबाट विस्थापन गरिएका, लखेटिएका उदाहरण प्रशस्तै भेटिन्छन् । ती प्रथाजनित भु-उपयोगले जलवायू अनुकूलनमा ठूलो भूमिका खेलिरहेको तथ्य संयुक्त राष्ट्र संघले आफ्नो प्रतिवेदनहरुमा बेलाबेलामा सार्वजनिक गरेको कुराले पनि आदिवासी जनजातिहरुले पृथ्वीमा तापक्रम बढ्नबाट रोक्न निकै महत्वपूर्ण भुमिका खेलेको तथ्य लुकेको छैन । यिनै विषयहरुलाई मुद्दाको रुपमा उठाएर उनीहरुको संरक्षण र सहयोग गर्ने उद्देश्य राखेर संयुक्त राष्ट्र संघ, आइयूसिएन र ईफाडले संरक्षणको लागि कार्यक्रम गर्न सहयोग पुऱ्याई रहेको छ । अन्तराष्ट्रिय श्रम संगठनको महासन्धी १६९ मा आदिवासी अधिकारको लागि त्यस दस्तावेजले विश्वभरिका आदिवासी जनजातिका अधिकारहरु संरक्षण गर्नमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

१ शब्दावलीको बुझाई

**भूमि :**

भूमि भन्नाले सरकारको बुझाई -पृथ्वीको सतह र सतहभन्दा सिधा तल र माथि भाग :

आदिवासीको बुझाई : पृथ्वी, जीवन र जगतका अस्तित्व भौगौलिक भूमि भन्नाले पृथ्वीको सतहमाथि आदिवासीहरुले परम्परागत रुपमा विचरण गरि आएको, स्वामित्व लिई आएको, कुनै न कुनै हिसाबले प्रयोग गरिआएको । अध्यात्मिक र साँस्कृतित रुपले प्रयोग गरिआएको, अध्यात्मिक र साँस्कृतिक रुपले प्रयोग गरि आएको क्षेत्र आदिवासीहरुको परम्परागत प्रथाजनित पुर्ख्यौली भूमि हो ।

१. शब्दावलीहरुको बुझाई

**भूमि :**

प्राकृतिक स्रोत भन्नाले कुनै पनि प्रकारका भूमिको सतह र भित्री सतहदेखि सतह माथि सम्म वन, वनजन्य बोट, बिरुवा खनिज पदार्थ । पानी, नदी, पानी ढुंगा, माटो, उक्त भूमिमाथि प्राकुतिक रुपमा उत्पादित फलफूल अन्न तथा जडिबुटीहरु आदि सबैलाई बुझाउँछ ।

२. भूमि भौगौलिक भूमिमा र प्राकृतिक स्रोतमा अधिकार, व्यक्तिगत भूमि अधिकार ।

-व्यक्तिको नियन्त्रण र स्वमित्व :

-राज्यको भूमि कर तिर्ने गरि व्यक्तिलाई जोत, भोग र चलनका लागि अधिकार, सामूहिक भूमि अधिकार

-निश्चित भौगोलिक भूमि समुदायको नियन्त्रण स्वामित्व र हक भोग तथा चलन रहने अधिकार ।

-सामूहिक भूमि अधिकार सिद्धान्त र आदिवासीहरुको मात्र हुन्छ । राज्यको अधिकार भन्नाले सबै भूमि राज्यको हुन्छ भन्ने अवधारणा हो । अहिले त्यही नै कार्यन्वयनमा छ ।

३. अधिकार समूह बारेको बुझाई

आदिवासी प्राचीन कालदेखि बसोवास गरिआएका सन्तान या

-पहिलो वासिन्दाका सन्तान हुने भन्ने बुझ्नु पर्दछ ।

तिनै समुदाय या मानव समूहले आफ्ना संस्कृतिक, अध्यात्मिक विश्वास तथा चलनहरु त्यही भूमिमा विकास गरेका हुन्छन् ।

गैर-आदिवासी भन्नाले आदिवासीदेखि बाहेकका मानव समूह हुन ।

४. भूमी, भौगोलिक भूमि र प्राकृतिक स्रोतमा नियन्त्रण र स्वामित्व

सैद्धान्तिक रुपमा नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय कानूनको आधारमा भूमी, भौगोलिक भूमि र प्राकृतिक स्रोतमा आदिवासीहरुको नियन्त्रण र स्वामित्व हुनुपर्छ । तर छैन त्यसैले,

-भूमि, भौगोलिक भूमी र प्राकृतिक स्रोतमा लडाई भइरहेको छ ।

५. भूमी, भौगोलिक भूमि र प्राकृतिक स्रोतमा नियन्त्रण र स्वामित्व किन आदिवासीको हुनु पर्ने ?

-पर्यावरण तथा वातावरण सन्तुलनको लागि पृथ्वी मानव तथा जीवजन्तुको अस्तित्व समाप्त हुनबाट बचाउन भूमी, भौगोलिक भूमि र प्राकृतिक स्रोतमा आदिवासीहरुको नियन्त्रण स्वामित्व हुन जरुरी छ ।

-आदिवासीहरुको अस्तित्व, प्रणाली, मूल्य र मान्यतालाई बचाउन र प्राकृतिलाई बचाउन भूमि जरुरी छ ।

-भूमी, पानी तथा अन्य प्राकृतिक असन्तुलनबाट हुने क्षतिबाट बचाउन भूमी आदिवासीको हुन जरुरी छ ।

-भू-माफिया, पानी र नदी माफिया, वन माफियाहरुबाट भूमी, नदी, पानी र वन संरक्षण सम्वर्द्धनमा गर्ने भूमी आदिवासीको हुन जरुरी छ ।

६. समस्या र सवालहरु (कहाँ छ त समस्या र सवाल)

क) पहिलो त अवधारणागत कुरामा बाझिएको छ ।

-भूमि आदिवासीको या
-भूमि राज्य र आदिवासी तथा स्थानीय समुदायको (कस्को) ?
ख) (अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बाझिएको छ ।
-अन्तर्राष्ट्रिय कानून VS नेपालको संविधान,
-अन्तर्राष्ट्रिय कानून VS वन ऐन
-अन्तर्राष्ट्रिय कानून VS भूमी ऐन ।
-अन्तर्राष्ट्रिय कानून VS भूउपयोग ऐन
६. समस्या र सवालहरु (कहाँ छ त समस्या र सवाल ।
ग) राष्ट्रिय कानूनहरु पनि एक अर्कामा बाझिएका छन् ।
-संविधानको धारा ३२ (३) भाषा तथा संस्कृतिको मौलिक हकमा नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक रहुने छ भन्ने व्यवस्था र भूउपयोग ऐन २०७६को दफा (३) नेपाल सरकारले नेपालको सबै क्षेत्रमा भूउपयोग कार्यक्रम सञ्चालन गर्न सक्नेछ । भन्ने व्यवस्थाका साथै दफा (४) को उपदफा भूउपयोग क्षेत्र पंजिकरणको दफाहरु र दफा १० देखि दफा (२१) सबै बाझिएको छ ।
६. समस्या र सवालहरु कहाँ छ त समस्या र सवाल )
ग. राष्ट्रिय कानूनहरु पनि एकअर्कामा बाझिएका छन् ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्पत्ती अभिलेखिकरणको अधिकार स्थानीय तहलाई दिएको छ । भूमी पनि संविधान अनुसार सम्पति हो । यो सामुदायिक, सरकारी, सार्वजनिक र निजी सम्पत्तिको रुपमा हुनसक्छ र । तर यो ऐनको व्यवस्था र भूउपयोग ऐनको व्यवस्था बाझिएको छ । भूउपयोग ऐनले यस्तो अभिलेखिकरणलाई नियन्त्रण गर्न ९ वटा भूउपयोग क्षेत्र तोकेको छ । स्थानीय तहलाई भूउपयोग नक्सा बनाउने ९ वटा क्षेत्रको आधारमा बनाउने निर्देशित गर्ने ऐनको व्यवस्था छ । भूउपयोग परिषद् स्थानीय तह अर्थात गाउँ नगरपालिका स्तरमा गर्ने अनि अभिलेखिकरणको स्थानीय सरकार सञ्चालन ऐनले अधिकार वार्डलाई दिएको छ ।
६. समस्या र सवालहरु (कहाँ छ त समस्या र सवाल)
ग. राष्ट्रिय कानूनहरु पनि एक अर्कामा बाझिएका छन् ।
-भूउपयोग ऐनको दफा (८) मा भूउपयोग परिवर्तन गर्न नहुने व्यवस्था छ । त्यसमा एउटा प्रयोजनको लागि वर्गीकरण गरिएको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्ने गरि भूउपयोग परिवर्तन गर्न पाइने छैन भन्ने अवस्था छ ।
-वन ऐनको सबै दफाहरु प्रतिकूल छन् ।
-भूमि ऐनको सबै दफाहरु प्रतिकूल छन् ।



६. समस्या र सवालहरु (कहाँ छ त समस्या र सवाल)
घ. कानूनी र व्यवहारिक रुपमा (कस्को छ ) ?
-राज्य र व्यक्तिको स्वामित्व र नियन्त्रणमा छ । कुन-कुन कानूनको आधारमा भूउपयोग ऐन २०७६ वन ऐन, भूमी ऐन
-कानूनले उपयोग भूउपयोग ऐन २०७६ ले भूमिलाई ९ वटा क्षेत्रमा वर्गीकरण गरेको छ । १. कृषि क्षेत्र, २. आवासीय क्षेत्र, ३. व्यवसायिक क्षेत्र, ४. औद्योगिक क्षेत्र, ५. खानी तथा खनिज क्षेत्र, ६. वन क्षेत्र, ७. नदी, खोला, ताल, सिमसार क्षेत्र, ८. सार्वजनिक उपयोगको क्षेत्र, ९. साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र । वन र भूमी ऐनको सबै दफा आदिवासीहरुको सामुहिक भूमीको लागि प्रतिकूल छन् ।
सामुदायिक भूमी सुनिश्चित गर्न कति चुनौती छ ? स्थिति के छ ?
व्यवस्था र कानून : छलफलहरु
-हामी यसरी स्रोत प्रतिकूल व्यवस्था र कानूनको मुनी पिल्सीएर बसेका छौं ।
-औपनिवेशिकृत दिमाग र उपनिवेश गर्ने दिमाग
-प्रभावकारी प्रयासको आवश्यक छ । तर यो पक्ष विचारणीय छ ।
-चट्टानको रुपमा रहेको राज्य व्यवस्था र परिवर्तन सकिन्न भनेर वहस गर्नु पर्छ ।
व्यवस्था कानून र राज्यसत्ता :
यसरी यो व्यवस्था, कानून र राज्यसत्तामा परिवर्तन ल्याउन सकिन्छ ।
-एक्लो प्रयास काम लाग्छ ? परिवर्तन भए धेरै मिलेर या एक्लो भए जग बनेर ।
७. आदिवसासीहरुको भूमी सन्दर्भमा के-के कुरालाई बढी प्रचारप्रसार (Highlight) गर्न आवश्यक छ ?
-आदिवसीहरुको अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय कानून कार्यन्वयन नभएको नगरिएकालाई (Highlight) गर्न जरुरी छ ।
-मानव अधिकार अनुगमन गर्ने संयुक्त राष्ट्र संघीय निकाय तथा संयन्त्रहरुका सिफारिसहरु कार्यन्वयन नगरिएका कुरालाई (Highlight) गर्न जरुरी छ ।
-अन्तर्राष्ट्रिय, अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून परस्परमा बाझिएका छन् भन्ने कुरालाई (Highlight) गर्न जरुरी छ । त्यसमा सरकारले काम नगरेको कुरालाई (Highlight) गर्न जरुरी छ । र बाझिएका राष्ट्रिय कानूनहरु खारेज गरिने र पर्ने कुरालाई (Highlight) गर्न जरुरी छ ।
-सम्मानित सर्वोच्च अदालतले दिएको निर्णय फैसलालाई सरकारले कार्यन्वयन नगरेको कुरालाई (Highlight) गर्न जरुरी छ । ( बरामुहरुको केशमा)
-संविधानको धारा ५६ का (५) मा रहेको स्वायत क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको व्यवस्थालाई कार्यन्वयन नगरिएको कुरालाई (Highlight) गर्न जरुरी छ ।
७. आदिवासीहरुको भूमि सन्दर्भमा के कुरालाई बढी प्रचार प्रसार (Highlight) गर्न आवश्यक छ ?
-अन्तर्राष्ट्रिय कानून अनुसार आदिवासीहरुको क्षेत्रमा आदिवासीहरुलाई प्रतिकुल प्रभाव पार्ने ठूलो योजना लगायतका अन्य कार्य गर्दा अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जुरी (Free Prior Informed Consent)को अधिकार कार्यन्वयन नगरिएको कुरालाई (Highlight) गर्न जरुरी छ ।
-सरकार, कम्पनी तथा गैर-सरकारी पक्षले आदिवासीहरुको साँस्कृतिक स्थल, अध्यात्मिक स्थल, समाधिस्थल, ऐतिहासिक स्थल माथि अतिक्रमण गरिरहेको कुरालाई (Highlight) गर्न जरुरी छ ।

*नोभेम्बर २५ देखि २७ सम्म भएको आदिवासी सामुदायिक रेडियो सञ्जाल, अमार्क एशिया प्यासेफिक, यूनेस्को काठमाडौंको सहयोगमा सयुक्त रुपमा आयोजित तीनदिने कार्याशाला गोष्ठीमा आदिवासी भूमि विज्ञ तथा अधिकारकर्मी नन्द कन्दम्वाले प्रस्तुत गर्नु भएको कार्यपत्र*

# परम्परागत खेती प्रविधि हराएर जाने चिन्ताले मैले किताब लेखेँ : महर्जन

*त्यसबाट जमीनमा घोचेर नाइकेले हेर्छ । घोचेर हेर्दा त्यसको स्पर्स, त्यसको सुक्ष्म आवाज, त्यसबाट हुने गतिहरु पत्ता लगाउँछ । उसलाई थाहा हुन्छ कि, यहाँ पहिलेको खाल्टो छ । यति पर यस्तो छ । यहाँ चाहीँ यस्तो माटो छ । यहाँ कालीमाटी छैन । अर्कैमाटो छ । त्यसरी थाहा पाएर नाइकेको निर्देशनको चलिन्छ ।*



काठमाडौं उपत्यकालाई नेवारी समुदायको बसोवास गर्ने थलोको रुपमा चिन्दथे । काठमाडौं उपत्यकाको खेतबारीहरुमा जताततै लहैलह धानको बाला फल्थे । विडम्वना जुन काठमाडौं उपत्यकामा आज घरैघरले भरिएको छ । यस्तो अवस्थामा विगतमा कस्तो थियो भन्ने अनुमान गर्न सकिदैन । यही विषयमा कृषि विज्ञ लेखक **पन्नारत्न महर्जन**सँग कृषि जर्नल मासिकको लागि **धनबहादुर मगर**ले गरेको कुराकानीको प्रस्तुत : अंश

**संक्षिप्तमा यहाँको परिचय दिनुहोस् ?**

मेरो नाम पन्नारत्न महर्जन काठमाडौं विष्णुमती खुशीबु, मेरो पुर्खा पहिलेदेखिनै खेती किसानी, अहिले मेरो रिटाएर लाइफ, । अहिले मैले पनि अलिअलि करेसाबारी जसरी खेती गरिराखेको हुन्छु ।

**तपाई काठमाडौंको रैथाने वासिन्दा त्यसमाथि महर्जन किसान परिवारमा जन्मे हुर्केका, हिजो र आजको कृषिमा के भिन्नता पाउनु भएको छ ?**

कृषिमा धेरै भिन्नता आईसकेको छ । पहिले परम्परागत तरिकाबाट गरिन्थ्यो । अहिले आधुनिक तरिकाले गरिन्छ । त्यसमाथि मलखाद बिउबिजन, औजार, तिनीहरुमा समेत धेरै भिन्नता आईसकेको छ ।

**तपाई यहाँको पुर्खौदेखि किसानको छोरो के सोँच राखेर कृषि किसानका विषयमा नेपाल भाषा (नेवारी) भाषामा कृषि सम्बन्धी किताव लेख्नु भयो ?**

हाम्रो परम्परागत कृषि प्रविधि कृषि विज्ञानमा आधारित छन् । यस्ता ज्ञानहरु वैज्ञानिक रुपमा सञ्चालित हुनुपर्ने हो, त्यस्तो भएको छैन । किसानहरुले त्यसलाई बुझिराख्नु भएको छैन । त्यसको प्रचार प्रसार हुन सकिरहेको छैन । त्यो स्तरमा एकले अर्कालाई भन्यो, अर्काले अर्कालाई भन्यो, त्यही प्रक्रियाबाट सिपहरु हस्तान्तरण भएको देखिन्छ । त्यसमा कुनैमा अलिबढी कुनैमा अलि घटी त्यस्तो भएको देखिन्छ । हामीमा भएको बिउबिजन परम्परागत शैलीमा आफ्नै ढंगबाट लिने गरिन्थ्यो । तरिकाहरु पनि भिन्दैथियो, पछि हुँदाहुँदै, हराएर जाने अवस्था देखियो । उदाहरणको लागि धान र स्थानीय जातको तरकारीका जातहरुको बीउ पाउन गाह्रो भईसकेको अवस्था छ । कसरी हाम्रो अग्रजहरुले जोगाई राख्यो होला ? हामीले त्यसको ख्याल नगर्दा लोप हुने अवस्था आयो । त्यसलाई मैले लिपिवद्ध गरि राखियो भने सुरक्षित गर्न सहयोग पुग्छ भनेर किताव लेखेको हो । भोली के कस्तो हुन्छ भनेर कसैलाई थाहा छैन । हिजो मान्छेले आज यस्तो होला भनेर चिताएको हुँदैन । भोली के हुन्छ भनेर थाहा हुँदैन । भोली हाम्रो त्यो प्रविधि रिपिट गर्नेहरु जन्मिन्छ कि ? जन्मिदैन । त्यसलाई लिपिवद्ध गरेर राख्ने सकेनौं भने हराएरै जान्छ । यदि लिपिवद्ध भएको खण्डमा पछि आउने पिँढीहरुले यसलाई फेरि विकसित गराउँछ कि भन्ने आशाले मैले त्यो किताव लेखेको हो ।

**यहाँ परिपक्व व्यक्तित्व, यो उमेरमा पनि आफ्नो जोस, जाँगर, आफ्नो सीप क्षमताहरु उत्तिकै आफ्नो समाजलाई दिईराख्नु भएको छ । हामीले यसो गर्नु पर्छ भन्ने जुन प्रविधि लेखेर राख्नु भएको छ । अरुलाई पनि ज्ञान बाँड्ने हिसाबले लेख्नु भएको छ । जस्तैः उदाहरणको लागि पक्कै पनि मेरो पुर्खाले भोगचलन गर्दै आएको खेतबारी, रोप्दै आएको अन्नबाली, भावी पुस्ताको लागि संरक्षण गर्नु पर्छ भनेर तपाईंले किताव लेख्नु भएको हो । यो किताब लेखिसकेपछि यहाँले यसको प्रतिक्रिया पाउनु भयो कि भएन ?**

हाम्रो समाजको कमजोरी भनुँ कि के भनुँ, विडम्वान जस्तै हो । मेरो मात्र त्यस्तो होइन अरु कुनै काम गरियो, लेखियो भने पनि त्यसको आलोचना, समालोचना, त्यसको प्रतिक्रिया दिने त्यतिको बानी देखिदैन । मैले कृषि विषयमा लेखिएको किताब पनि धेरै वर्ष भईसकेको छ । किताबहरु कसले पढ्नु भयो थाहा भएन । अहिले चाहीं मसँग धेरै बाँकी छैन ।

तर मलाई यसको आलोचना, कमीकमजोरी भयो भनेर कसैले भन्नु भएन । मैले यसमा के त्रुटी छ यसमा गल्ती गरेको रहेछु भनेर आफैले पनि हेर्न सकिराखेको छैन । यो हाम्रो समाजको कमजोरी हो कि मेरो आफ्नै ।

**धेरै राम्रो अनुभव सुनाउनु भयो । अलि रमाइलो पक्ष हुनसक्छ । विष्णुमति, रुद्रमति र बागमती खोलामा स्थानीय जातको माछाहरु पाइन्थ्यो भनेर भनिन्थ्यो । यहाँलेनै भनिसक्नु भएको छ कि बागमति विष्णुमति खोलाले जमीनको सिमानै मिटाई दिन्छ । कहिले कता पुग्छ, कहिले कता, कसैको त खेतै खाईदिन्छ भनेर भनिसक्नु भएको छ । त्यतिखेर तपाईंले माछा मार्नु भयो कि भएन ?**

त्यो बेलाको खोलाको सतह माथि थियो । बालुवा बढी भएपछि पानी बग्दा पनि फिल्टर भएर पानी निर्मल हुँन्थ्यो । अनि खेत र खोलाको चाहीँ गहिराई धेरै हुन्नथ्यो । अलिअलि मात्र फरक थियो । त्यो बेलाको खोलामा असला, सिद्रा, सानो सानो हिले माछा यिनीहरु प्रशस्त मात्रामा पाइन्थ्यो । खोला गहिरो नभएकोले पछिसम्म पनि खेतमा पानी नसुक्ने रहेछ । पानीको सतह माथि हुने रहेछ । जब सिमेन्टको प्रयोग भयो सिमेन्टको प्रयोग गर्नु बालुवा चाहियो, बालुवा अनियन्त्रित रुपमा खोलाबाट निकालिएपछि खोला गहिरिएर गयो । जति खोला गहिरिएर गयो जमीनमा भएको पानी सिथिल भएर खोलामा गयो । एकसाल दुईसाल हुँदाहुँदै परसम्म सिथिल भएर गयो । अनि जमीन सुख्खा भयो माछा बस्ने सकेन ।

अर्को कुरा के हो भने पहिले असला र सिद्रा मात्र होइन चिप्ले किरा, अनि जुका त्यतिकै हुन्थ्यो । जब यो रासायनिक मल आउन थाल्यो र रासायनिक मल हाल्दाखेरी त्यसले तिनीहरुलाई विस्थापित गरियो । अहिले जुका र चिप्ले किरा पनि त्यति देखिदैन । माछाहरु पनि मासिएर गयो ।

**त्यतिबेला धान, गहुँ मकैबालीको लागि मलको व्यवस्थापन कसरी गरिन्थ्यो ?**

समाज पनि अविकसितनै थियो । अन्नपात मात्र लगाउँथ्यो । आधुनिक तरिकाले बालीहरु लगाइदैनथ्यो । हाम्रो भान्छा र घर-घरबाट निस्कने फोहोरहरु त्यहि फालिन्थ्यो । त्यति बेला नकुहिने खालको प्लाष्टिकहरु थिएन । सबै पात अलि-अलि भए कागज हुन्थ्यो । मिल्काउने पनि त्यस्तै मात्र हुन्थ्यो कुहिन्थ्यो । त्यो कुहिएपछि निकालेर त्यसलाई कम्पोष्ट मल बनाउनु सुकाइकन पिसेर धुलो पारी खेतमा हालिन्थ्यो । त्यसमा बोटबिरुवालाई चाहिने सबै तत्वहरु हुन्थ्यो । त्यस किसिमबाट मल राखिन्थ्यो । अर्को कालीमाटी, पहिले झिक्ने गरिन्थ्यो । कालीमाटी एकपटक राखियो भने दुईबालीलाई पुग्थ्यो । त्यसमा कालीमाटीको थुप्रै भेराइटी हुन्थ्यो । बाली लगाउँदा (क्रप रोटेशन) चक्रे बाली प्रणाली गर्थ्यो । चक्रेबाली प्रणालीमा के हुन्थ्यो भने एउटा बालीलाई चाहिने तत्वहरु अर्को बालीलाई नचाहिने हुँदोरहेछ । पात धेरै हुने बिरुवालाई एमोनियम बढी चाहिन्छ । कोशोबालीहरुलाई फस्फोरस बढी चाहिने हुन्छ । त्यो हाम्रा पुर्खाहरुलाई थाहा हुन्थ्यो । त्यसो भएर चक्रे बाली प्रणाली लागु गर्दो रहेछ । त्यसो गर्नलाई उहाँहरु एक्लैले गर्नुहुन्नथ्यो । फाँटका सबै मानिसहरु मिलेर हामीले यो साल यो बाली लगाऔं भनेर सल्लाह गर्दो रहेछ । फसल चाहीँ यस्तो भयो उस्तो भयो भनेर सबैले छलफल गरि अब कुन बाली लगाउने भनेर ? के लगाउँदा राम्रो हुन्छ भनेर छलफल गरेर लगाउँथ्यो । त्यसैले बाली प्रणाली अन्तर्गत तरकारीहरु लगाउँथ्यो । धानमा पनि कहिले मार्सी, कहिले थापथिलो, कहिले तौली गरेर लगाउँथ्यो । त्यसबाट पनि मलखादलाई पुग्ने तत्वहरु त्यहाँ माटोमा भईराखेको हुन्थ्यो । त्यसरी गरिएको बाली राम्ररी सप्रिन्थ्यो ।

**कालीमाटी झिक्दा धेरै किसानहरुको ज्यान गयो । बेला-बेलामा त्यस्तो कुरा सुनियो । आज भन्दा पहिलेका पुर्खाहरुले भनिन्थ्यो । र कतिपय कुराहरु लेखेको पनि थियो । हजुरको पालामा कुनै त्यस्तो घटना भएको थियो ?**

हामी केटाकेटी छँदा थाहा हुन्थ्यो । कालीमाटी धेरै झिकिन्थ्यो, प्रयोग गरिन्थ्यो । कालीमाटीको कुरा उठाईहाल्नु भयो छोटकरीमा भनौंला । कालीमाटी एकैनाश हुँदैन । ठाउँ अनुसार फरक-फरक हुन्छ । काठमाडौं भ्याली भित्रै पनि एउटा फाँटमा जस्तो अर्को फाँटमा कालीमाटी हुँदैन । कुनै फाँटमा एकडेढ महिनासम्म निकालिन्छ । कुनै फाँटमा एकदुई दिनमात्र निकालिन्छ । कुनै ठाउँमा एकपल्ट निकाले पछि अर्को पटक निकाल्न सकिदैन । त्यसमा भर हुँदैन । अन्तै निकाल्नु पर्छ । त्यसको पहिचान गरेर नक्सा बनाई राखेको हुँदैन । अनुभवको आधारमा यहाँ पहिले कालीमाटी लिएको भनेर थाहा पाउनु पर्छ । त्यस्तो थाहा पाउन सबैले सकिदैन अनुभवी किसान चाहिन्छ । यही नै कालीमाटी छ भनेर निश्चित हुने कुरै हुँदैन । निस्चित नहुँदा कालीमाटी झिक्दाको स्वरुप भिन्दै हुन्छ ।

जुन यहाँले भने जस्तै कालीमाटी निकाल्दा दुर्घटना पनि हुन्छ । कालीमाटी पहिले निकालिएको लिईराखेको खाल्टो ठूलो ठूलो हुन्छ । हाम्रो पहाड जत्रो, जमीन भित्रै ठूलो ठूलो दुलो हुन्छ । पुर्दाखेरी सबै पुर्न सकेको हुँदैन । पानी जमी राखेका हुन्छ । पछि निकालेको र पहिले निकालेका ठाउँमा होस् गर्न सकेन भने पानी फुटेर त्यहाँ आउँछ र दुर्घटना हुनुको एउटा मुख्य कारण पनि त्यही हो ।

त्यसमा एउटा नाइके हुन्छ । त्यो सुइरो विशेष किसिमबाट बनाई राखेका हुन्छ । नाइकेले ५/६ फिट लामो सुइरोले के छ भनेर पत्ता लगाइन्छ । त्यो सुइरो विशेष किसिमबाट एकदम मिहिन स्लोभ गरि मिलाइएर बनाईएको हुन्छ । त्यसबाट जमीनमा घोचेर नाइकेले हेर्छ । घोचेर हेर्दा त्यसको स्पर्स, त्यसको सुक्ष्म आवाज, त्यसबाट हुने गतिहरु पत्ता लगाउँछ । उसलाई थाहा हुन्छ कि, यहाँ पहिलेको खाल्टो छ । यति पर यस्तो छ । यहाँ चाहीँ यस्तो माटो छ । यहाँ कालीमाटी छैन । अर्कैमाटो छ । त्यसरी थाहा पाएर नाइकेको निर्देशनको चलिन्छ ।

**काठमाडौंका किसानहरुको दृष्टिकोणले हेर्नुपर्दा बालाजु, भृकुटीमण्डप, जस्ता धेरै ठाउँमा सरकारले जमीन अधिग्रहण गऱ्यो । जबकी सरकारले केही संरचना बनाउनु पर्छ भनेर गऱ्यो । त्यतिखेरा मापदण्ड बनाएको थियो । जो अधिग्रहण गरिएको जमीन थियो । अधिग्रहण गरिएको जमीनमा सरकारले सम्बन्धित जमीनवाला किसानहरुलाई क्षेतिपुति दिनुपर्छ भनिएको पनि थियो र मापदण्ड पनि बनाएको थियो । धेरैले के भनेको थियो भने क्षेतिपूर्ति चाहीँ दिएन भनेर गुनासो आएको थियो । यहाँ एउटा अभियन्ता पनि हुनुहुन्थ्यो । सरकारले अधिग्रहण गरेका जमीनमा के हुनु पर्थ्यो जस्तो लाग्छ ?**

अधिग्रहण गर्दा सरकारले नियम बनाएको मैले पनि सुनेको हो । जुन उद्देश्यको लागि अधिग्रहण गऱ्यो त्यो उद्देश्य अनुरुप त्यो खेत उपयोग गरिएन भने सम्बन्धित जग्गा धनी जोताहलाई फर्काउनु पर्छ भन्ने नियम छ भनेर मैले सुनेको हुँ । तर नियमको पालना गरेजस्तो मलाई लागेन । अर्को कुरा नीति बनाउँदा खेती नीतिलाई एकदम ध्यान दिएर बनाएको जस्तो लागेन । किनभने खेत भनेको कस्तो हुन्छ ? खेती गर्दा फाँटमा कुनै एउटा पर्खाल लाग्यो, जग खन्यो भने जुन खेतमा शरीरको नशा जस्तै जमीनमुनी पानीको नशा हुन्छन् त्यसको प्रणाली बिग्रन्छ । जसले जमीनमा सिँचित बनाईराखेको हुन्छ । जताभावी संरचना बनाउँदा र खन्दा जमीनको पानीको नशा छुटिन्छ त्ससले बालीमा धेरै असर गर्दो रहेछ । मैले त्यो अध्ययन गर्दा थाहा पाएको हो ।

त्यसकारण पनि फाँटको बिचमा ठूलो-ठूलो घर बनाइदैनथ्यो । सानो सानो छाप्रो मात्र बनाइन्थ्यो । पहिले त्यसरी गरिन्थ्यो । त्यसोगर्दा पानीको नशाहरु फुट्दैनथ्यो । यहाँ कुनै स्पष्ट नीतिहरु बनाएको छैन । मेरो विचारमा के हुनुपर्छ भने जुन खेतीयोग्य जमीन हो । खेतीयोग्य ठाउँ त्यहाँ चाहीँ कुनैपनि संरचना बनाउनु हुँदैन । संरचना बनाउने ठाउँमा खेती गर्नु हुदैन । हामी कहाँ त्यस्तो नीति नियम छैन । त्यहीँ घर बनाई राखेको हुन्छ । त्यही खेती गरिएको हुन्छ । त्यहाँ खेतीलाई चाहिएको पानीका नशाहरु छन् छुटेको हुन्छ त्यसैले म के भन्छु यो सरकारको नीति खेतीको लागि उपयुक्त छैन ।

**अबको हाम्रो कृषि कस्तो हुनुपर्छ । हिजो जे भयो सकियो त्यो त पूरानो खाली सन्दर्भ मात्र भयो ?**

भएको भईसक्यो, अबको कृषि कस्ता हुनु पर्छ भने मैले अघि पनि भनिसकेको छु । खेतीयोग्य जमीनमा अरु संरचनाहरु बनाउनु भएन । खेतीलाईनै छुट्याएको खेतीयोग्य जमीन जुन छ त्यहाँ सिँचाईको राम्रो व्यवस्था हुनुपर्छ । कृषिको पूर्वाधार भनेको नै सिँचाई हो । अर्को बिउविजनहरु सही ढंगले व्यवस्थापन हुनुपऱ्यो ।

कृषि औजारहरु सही ढंगमा उपलब्ध हुनुपऱ्यो जुन ठाउँलाई कृषियोग्य जमीनको रुपमा प्रयोग गरिन्छ। त्यही ठाउँमा पूर्वाधारहरु विकास गर्दा स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार, कृषि विभाग, कृषि विकास मन्त्रालय कसको जिम्मा परेको छ उसले भूमि प्रयोगको स्पष्ट नीति बनाएर जानुपर्छ।

किसानहरुलाई कृषि कर्म गर्न प्रोत्साहन गनुपर्छ। किसानहरुले उत्पाादन गरेका वस्तुहरु यदि बजारमा बेच्न सकेन भने सरकारले जिम्मा लिनु पर्छ।

अझ भन्ने हो भने मेरो विचारमा कुनै काम गराउँदा सरकारले अनुदान र विमा हुनुपर्थ्यो। जस्तै कति जग्गामा कति उत्पादन गर्न सकिन्छ। बजारमा बिक्री गर्न नसकेको वस्तु सरकारले किनी दिनुपर्छ। उसले कसैगरि दैवीप्रकोप भयो भने सरकारले सहयोग गर्नु पर्छ। सरकारले त्यसलाई केही हेरिदिनु पर्छ। तबमात्र कृषकले आफ्नो हौसला अनुसार काम गर्छ। विना हौसला कुनै पनि काम अघि बढ्न सक्दैन।

**रैथाने बिउबिजन अहिले लोप भईसकेको अवस्था छ। संरक्षण गर्न के गर्नुपर्ला, कतिपय लोप भएको र लोप भईरहेको अवस्था छ। अझ केही बाँकी पनि छ है भन्ने आशा पनि छ, अब भएकोलाई हामीले कसरी संरक्षण गर्न सकिन्छ ?**

बिउबिजन जोगाई राख्न हाम्रा पुर्खाहरुको आफ्नै शिपहरु छन्। पहिले पहिले रायो मुला काउलीहरुको स्वरुप हेरिन्थ्यो। पातमा भुत्ला जस्तो भएको, खिचाखिचा भएको, त्यस्तो राखिदैनथ्यो। रौं चाहीँ एकनाशको राखिन्थ्यो। बिउ राख्दा फले पछि पाक्ने बेलामा पूरा पाक्न दिदैनथ्यो। अलिअलि पाक्ने बेला मै उखेलेर एकडेढ हप्तासम्म पानीमा जरामात्रै डुवाई राख्थ्यो। पानीले उसलाई पौष्टिक आहार दिइकन अलिअलि नपाकेकोलाई लागि पाक्न दिन्थ्यो। मुला, रायोको कुरा हो। काउलीको त्यो भन्दाजटिल छ। काउलीको मूल बिउ राख्न पहिले पात हेरिन्छ। पातको स्वरुप एकनाश हुनुपर्छ अनि पातको नशाहरु हुन्छन्। दायाँवायाँ बीचमा डाँठ एउटा हुन्छ। दायाँवायाँ नशा हुन्छ। त्यो नशाहरु एकअर्कामा बराबर हुनुपर्छ एकातिर एकढंग अर्कोतिर अर्को ढंग भयो भने लिईदैन। त्यो मूल बीउको लागि हो यो। त्यो व्यवसायिक बीउलाई होइन। मूल बिउलाई हो। पात सबै हेरिसके पछि थुँगा निस्किन्छ। थुँगालाई तलसम्म छ कि छैन। तलसम्म भएको र नभएकोमा छिटो आउने ढिलो आउने काउली भनेर हेरिन्छ। छिटो आउने हो भने तलसम्म पात भएको हुनुपर्दैन। ढिलो आउने भए तलसम्मको पात भएको हुनुपर्छ।

काउलीको बिचमा दानाहरु हुन्छ। दाना चाहीँ कनिका जस्तो हुन्छ। थोप्ला थोप्ला हुन्छ। काउलीको बीच दानामा थोप्ला जस्तो चक्र हुनुपर्छ। चक्र जस्तो भए बीचमा एकथोप्ला हुनुपर्छ। सबैमा त्यस्तो हुनुपर्छ त्यो थुँगा घाम लागेको बेलामा एकदम नियालेर हेरिन्छ। नियालेर हेर्दा भुत्ला देखिन्छ। भुत्ला देखिएको छ भने राखिदैन। हरियो यस्तो, उस्तो पनि राखिदैन। बिचबाट डाँट निस्केको जस्तो पनि राखिदैन। त्यस्तो किसिमबाट पहिले बिउ राखिन्थ्यो। त्यसले गुणस्तरमा ह्रास हुँदैनथ्यो। पहिले त्यसरी गरिन्थ्यो अब तिनीहरुलाई बचाई राख्न, त्यस सम्बन्धी ज्ञान भएकाहरुबाट तालिम दिएर गऱ्यौं भने हामीले पहिलेको परम्परागत रैथाने बीउ बचाउनु सकिन्छ, होइन भने हराएर जान्छ।

# अर्थतन्त्र सुधारका गर्न कृषि पाण्डे

काठमाडौं मंसीर २६ पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले वर्तमान आर्थिक अवस्थालाई सुधार गर्न कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना गर्नुपर्ने आवश्यकता औल्याउनुभएको छ।

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.को आयोजना र जिआई जेटको सहयोगमा सुरु भएको २ दिने कार्याशाला गोष्ठिमा बोल्नुहुँदै पाण्डेले कृषि जन्य उत्पादनलाई उद्योग मार्फत प्रशोधन गरेर बजार पठाउनसके किसानको जीवनस्तरमा सुधार ल्याउन र अर्थतन्त्र सुधारमा सहयोग पुग्ने बताउनुभयो। उहाँले कृषि तथा पशुपालन क्षेत्रमा विकास भएको प्रविधिलाई नेपालमा पनि प्रयोग गर्न सकिने भन्दै उत्पादन, बजारीकरण र उद्यमशिलताको विकासका गर्नुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय आत्मनिर्भताका लागि कृषि र पशुपालनजन्य उत्पादन बढाउनुको विकल्प नरहेको भन्दै पूर्व मन्त्री पाण्डेले किसानका लागि पालिकास्तरबाट सहयोग आवश्यक रहेको बताउनुभयो। कृषि कार्यका लागि पकेट क्षेत्रको घोषणा र उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न सके अहिले देखिएको कृषि अनुदानको अनियमितताको अन्त्य गर्न सकिने उहाँको धारणा थियो।

अहिले नेपालका अधिकासं किसानहरुले मलको अभावका कारण राम्रो उत्पादन र आम्दानी गर्न नसकिरहेको अवस्थामा यस समस्याको समाधानका विषयमा केन्द्रीय संघले भूमिका खेल्न सक्ने पाण्डेले बताउनुभयो।

साना किसान सहकारीहरुले आफ्नै मल उद्योग स्थापना र सञ्चालन गर्नसक्ने भन्दै उहाँले यसका लागि केन्द्रीय संघको नेतृत्वले सोच्नुपर्ने धारणा राख्नुभयो।

पूर्व अर्थमन्त्री पाण्डेले जुन क्षेत्रमा जे सम्भावना छ त्यसको पहिचान गरि सरकारले तोकिएको वालीका लागि किसानहरुलाई अनुदान प्रदान गर्न सक्ने बताउनुभयो।

किसानहरुलाई सिप, पुँजी, प्रविधि दिने र उत्पादित वस्तुको बजारको सुनिश्चितता गर्न सक्ने वातावरणका बनाउने नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. ले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

यसैगरी कार्यक्रममा बोल्नुहुँदै नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेम बहादुर पाठकले कृषिजन्य वस्तुको बजारीकरण अहिलेको प्रमुख समस्या रहेको बताउनुभयो। प्रविधिको प्रयोग गर्दै कृषिलाई उद्यमसंग जोड्न सके कृषिप्रतिको वर्तमान नकारात्मक सोच बदल्न सहयोग पुग्ने अध्यक्ष पाठकले दावी गर्नुभयो। अबको केही समयमै ७ सय ५३ वटै पालिकामा कृषि सहकारीहरुको सञ्जालिकरण गर्ने र सहकारी मार्फत उत्पादिन बस्तुको बजारीकरणका लागि पहल गर्ने समेत प्रतिवद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का महाप्रबन्धक रुद्र भट्टराईले राजनीतिक र प्रशासनिक नेतृत्वको सकारात्मक सोचले असम्भव कामलाई पनि सम्भव बनाउन सहयोग पुग्ने बताउनुभयो। नेपालका ग्रामीण क्षेत्रका साना किसानहरुको जीवनस्तर सुधार गर्दै आर्थिक गतिविधि चलायमान बनाउन ग्रामीण क्षेत्रका सहकारी संघ, संस्थाहरुले खेलेको भूमिका नेपालका लागि मात्र नभएर दक्षिण एसियाकै लागि नमूना बनेको बताउनुभयो।

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि ले साना किसानहरुको जीवनस्तर सुधार गर्दै ग्रामीण क्षेत्रको अर्थतन्त्र चलायमान बनउन काम गर्दै आएको छ। संघले यही कार्यक्रम मार्फत आफ्नो १० वर्षे रणनीति समेत निर्माण गर्ने जनाएको छ।

# FAO is supporting herders

FAO is assisting livestock keepers in Afghanistan with animal feed and veterinary care to help them overcome the series of challenges they have faced, from drought and COVID-19 to social and economic uncertainty.

*04/11/2022*

A trip to the local market can be a bewildering experience for Zulaikha, a 48-year-old, widowed smallholder livestock farmer in northern Afghanistan's Samangan



province. Even the cost of the everyday items she needs for her family of six seems beyond her means.

Zulaikha is not alone. Like many other smallholder livestock keepers and farmers across Afghanistan, her livelihood has been battered by a combination of severe drought, the COVID-19 pandemic and the lack of economic prospects in the recent past.Since the loss of her husband due to a car accident, Zulaikha has been left to provide for their four children, aged between seven and 13 years old, and her elderly father. The income from her one cow and six sheep is just about all she has to rely on.

Hazrat Sultan district, where the family lives, is about 20 kilometres away from the main city of Aybak, one of the most populous parts of the province. As the area faces an array of economic challenges, female-headed households are the most affected due to the lack of access to local markets and other restrictions imposed on women's participation in society.

Things began to improve after FAO supported her with emergency assistance for her livestock to enhance the health of her animals and increase the family's access to nutritious food through improved dairy production.

Without this vital support from FAO, she says the family's situation would have been even more difficult. FAO has provided emergency assistance, including training, cash assistance and veterinary support, to protect farmers' livestock and enhance the health of their animals.

FAO is helping livestock keepers and herders across Afghanistan - especially families headed by women-to protect their animals with concentrated feed, training, cash assistance and veterinary support, so herders can keep their animals healthy and productive during the winter.

If it weren't for the timely assistance, funded by Sweden and reaching some 56 000 people, many including Zulaikha would have been forced to sell their livestock because they weren't able to afford animal feed, losing their only source of income in order to put food on the table for their families."I received two bags of animal feed from FAO, which helped my animals put on weight and produce more milk," Zulaikha says. "Otherwise, I would have had to sell the cow in order to support my family."

With her animals now in better body condition and health, Zulaikha can sell her milk and yoghurt at the local market and buy the family's daily necessities. It's still far from easy and the soaring prices are a constant worry. With FAO's help, however, Zulaikha and many other Afghans have survived an extremely challenging few months and are in a stronger position to face difficulties and challenges that may lie ahead.

With FAO's assistance, thousands of livestock owners are in a stronger position to face the future. In January 2022, the Asian Development Bank contributed USD 65 million to FAO's operation to boost food security and support the livelihoods in rural communities in Afghanistan. Livelihood assistance is just one element in FAO's overall support to the country, however. In June 2022, FAO welcomed an unprecedented USD 150 million contribution from the World Bank to help boost wheat production and support the rehabilitation and improvement of irrigation systems.

Meanwhile, a USD 14 million contribution from the Japan International Cooperation Agency will provide direct humanitarian assistance to over 550 000 food insecure people in 11 of Afghanistan's 34 provinces. This will also support wheat and livestock farmers, help families produce nutritious food and help rehabilitate irrigation infrastructure.

# A wall that restores land and empowers communities in Niger

Within two decades, Dandakoye saw the land around his village become completely degraded. Vegetation and wildlife disappeared. When FAO's Forest and Landscape Restoration Mechanism came to his community, Dandakoye became the head of the committee to implement solutions.



*07/11/2022*

At 52 years old, through a marriage and the birth of seven children, Dandakoye has witnessed devastating changes to the land around his village of Sakey Kouara Tegui. Situated in the western region of Niger, Dandakoye's village is nestled in the watershed of the Gorou Tayya plateau in the urban commune of Kollo.

Almost 25 years ago, this area was home to rich forests and grasslands. "This plateau represented the golden age of abundance for our community. Like the other inhabitants of Sakey Kouara Tegui, I used to get edible fruits and leaves, firewood, eggs, timber, gum arabic and wild meat from this site," Dandakoye recalls. At that time, the forest also housed giraffes, antelopes, guinea fowl, monitor lizards, hares, squirrels and an array of diverse birds.

Within a few years, the devastating effects of climate change and unchecked human activity consumed the ecosystems like a bushfire, and Dandakoye and his community members found themselves on degraded land with no vegetation or wildlife. To compound matters, without trees or plants to retain the soil, he saw water and wind erosion further threaten his village.

These changes caused a drastic decline in agricultural and livestock production in his community. Concerned about the situation, he raised the subject at every village and communal meeting, hoping that one day he would find a solution to reverse the trend.

In 2018, the Forest and Landscape Restoration Mechanism of FAO came to his community and chose Dandakoye to head the management committee in recognition of his commitment to finding solutions.

FAO trained him and other members of the committee on techniques to restore the land, making half-moons in the soil to retain rainwater, seeding and planting trees and managing the community use of natural resources.

These activities form part of the larger Great Green Wall initiative, Africa's flagship programme to combat climate change and desertification and address food insecurity and poverty. It seeks to create a mosaic of productive landscapes across North Africa, the Sahel and the Horn of Africa.

